# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९२



## वार्ताबारे माओका शिक्षाहरू

www.mulyankan.itgo.com मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

फो. नं. { १-२२६४१ / १-२२६४२

पत्र संख्या :- च.न. १६४/०८०

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार,
काठमाडौं, नेपाल ।

विषय:-

दिनाङ्क :- भदौ १५, २०५७

महाशय,

श्री ५ महाराजाधिराज सरकारका हजूरमा तपाईं समेतले गत साउन २२ गते गायक: प्रविण गुरुङको सडक दुर्घटनाबाट मृत्यु भएको सम्बन्धमा २०५७ साल भदौ ७ गते चढाउनु भएको ज्ञापनपत्र जाहेर हुँदा मौसुफबाट दुर्घटनाको अनुसन्धान कारवाही हुँदो लागेपछि यथार्थ विवरण जाहेर गर्न हुकुम बक्से बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई मिति २०५७/५/१२ मा लेखिगएको व्यहोरा जानकारी गराउदछु ।

(पशुपतिभक्त महर्जन)
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री रवीन्द्र अधिकारी,
अध्यक्ष,
अनेराष्ववियु,






## जनताका छोरा भए उनी अहिले जेलमा हुन्थे

### युवराज घोषणाबारे प्रबुद्ध व्यक्तित्वहरूका विचारहरू

विजया दशमी तथा दीपावली
२०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण ग्राहकवर्ग
तथा देशवासीहरूमा

**हार्दिक मंगलमय**

**शुभ-कामना**

व्यक्त गर्दछौं !

**हिमालय बैंक लिमिटेड**

महिला र बाल-बालिकाहरूप्रतिको शोषण र अत्याचार निन्दनीय कार्य हो । महिला र पुरूषबीच भेदभाव गर्ने सामाजिक कुरीतिहरू र बाल-बालिकाहरू उपर गरिने सबैथरीका शोषणहरू हटाउन सबै सचेत नागरिकहरूले संयुक्त रूपमा प्रयास गर्ने समय आएको छ । गाउँघरमा हुने सामाजिक भेटघाट र सामूहिक छलफलमा पनि यस्ता कुराहरू उठाई जनचेतना बढाउनु शिक्षित र सचेत नागरिकहरूको कर्तब्य हो ।

**श्री ५ को सरकार**
**सूचना तथा संचार मंत्रालय**
**सूचना विभाग**

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष–१८, पूर्णाङ्क– ९२
कार्तिक–मंसीर, २०५८



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह–सम्पादक**
राजेन्द्र महर्जन
**सहायक–सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



**कार्यालय**
"मूल्यांकन" मासिक,
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क–३/८०, टेकु, काठमाडौं–१२
फोन/फ्याक्स : ४२२७६९/२६८७९१
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल* : yuwa@ntc.net.np
*वेभसाइट* : www.mulyankan.itgo.com


**मूल्य : रु. २०/-**



शाहज्यादा पारस शाहका करतूतहरू

## आवरण कथा ६

# जनताका छोरा भए उनी अहिले जेलमा हुन्थे

– श्याम श्रेष्ठ –

## युवराज घोषणाबारे प्रबुद्ध व्यक्तित्वहरूका विचारहरू

◆ नरहरि आचार्य ◆ पद्मरत्न तुलाधर ◆ लीलामणि पोखरेल
◆ डा. मथुराप्रसाद श्रेष्ठ ◆ खगेन्द्र संग्रौला ◆ पदम खड्का
◆ रमेश शर्मा ◆ रविन्द्र अधिकारी ◆ नारायण ढकाल

## जब क. मोहन विक्रमले 'निर्मल लामा सि. आई. डि. हो' भन्नुभयो

*– निर्मल लामा –*

## वार्ताबारे माओका शिक्षाहरू



**शान्तिवार्तामा च्याङ काई-शेक र अमेरिकालाई कसरी घुमाइयो ?**

*– राजेन्द्र महर्जन*

# संविधानसभा र संविधान संशोधनबारे बहस


**हाम्रो मूल्यांकन**
देउवा सरकारको सय दिन ४
**घटना र प्रवृत्ति**
अब माओवादी कतातिर ?
*– श्याम श्रेष्ठ* ५
कुरूक्षेत्रको मैदान र भीष्म पितामहहरू
*– रमेश विकल* २१
महिला विधेयक – हात्ती आयो हात्ती आयो फुस्सा
*– मुक्ता श्रेष्ठ* २३
देउवा सरकारको भविष्य
*– राजेन्द्र दाहाल* ४२
वाणिज्य सन्धिबारे ४५
**किताब**
राजनेताको साहित्य : युग नृत्य
*– गोविन्द वर्तमान* ३४
**आत्मकथा**
क. मोहन विक्रमले 'लामा सि.आई.डि. हो' भन्नुभयो
*– निर्मल लामा* ३०
**साहित्य / कथा**
लेकफूल भीरफूल
*– राजव* ३२
**बहस**
संविधानसभा र संविधान संशोधनको विवादबारे
*– रामसिंह श्रीस, महामन्त्री नेकपा (मसाल)* ३६
संविधान सभाको माग किन उचित छ ?
*– गोविन्द न्यौपाने* ३९
**दृश्य बाहिर**
एक असंलग्न चित्रकार
*– गोविन्द वर्तमान* २८
**अर्थतन्त्र**
बेरूजु र राजस्व बक्यौताको डरलाग्दो चुली
*– राजकुमार के.सी.* २४
**विश्व कम्युनिष्ट आन्दोलन**
शान्तिवार्तामा च्याङ काई-शेक र अमेरिकालाई कसरी घुमाइयो ?
*– राजेन्द्र महर्जन* १६
**नीति–संस्कृति**
रोग चाहिं पत्ता लगाउने तर औषधी चाहिँ नगर्ने
*– चन्द्रदेव नेपाली* २६
**आवरण कथा**
जनताका छोरा भए उनी अहिले जेलमा हुन्थे
*– श्याम श्रेष्ठ* ६
शाहज्यादा पारस शाहका करतूतहरू ८
**साहित्य / व्यंग्य**
नवागन्तुक कविको स्वागत
*– विमल निभा* १५
**पाठकको कुरो** ४६


## कार्यालय सरेको सूचना

*मूल्यांकन* मासिक तथा *नवयुवा* मासिकको कार्यालय साविक पुतलीसडकबाट हाले टेकूस्थित नेशनल ट्रेडिङ्ग लिमिटेडको केन्द्रीय कार्यालय नजिकै, काठमाण्डौ महानगरपालिकाको कार्यालयतिर जाने मूल बाटोको छेउमा, नेपाल यातायात संस्थानको कम्पाउण्डनेर सरेको कुरा समस्त पाठकवर्गमा जानकारी गराउँदछौं

**– अन्तर्क्रिया प्रकाशन प्रा. लि.**

आवरणमा : गत वर्ष अनेरास्ववियूको आयोजनामा शाहज्यादा पारसमाथि कारवाहीको माग गर्दै आयोजित विरोध जुलूसलाई नेतृत्व गर्दै नेकपा मालेका नेताहरू र विद्यार्थी नेताहरू/सो जुलूसले दरबारमा बुझाउन लगेको हस्ताक्षरयुक्त लामो कपडा-तुलसहितको दृश्य/दरबारबाट अनेरास्ववियूलाई प्राप्त पत्र (माथि)

सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ । कलाकारहरू: लक्ष्मण भुजेल, जि.डि. सारू, *यति ग्राफिक्स, फोन : ४३०७५२* । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ४३७४४८

# देउवा सरकारको सय दिन



गृहयुद्धको डिलैमा पुगिसकेको नेपाललाई सरकारमा आएको एक हप्ता पनि नबित्दै युद्धविरामको स्थिति दिनु र सरकार-माओवादीबीच वार्ताको प्रक्रिया प्रारम्भ गर्न सक्नु देउवा सरकारको सय दिनको सबैभन्दा ठूलो उपलब्धि हो । ठूलो त्राणको अनुभूति गराएको छ यसले सर्वसाधारण नेपालीलाई । छुवाछुत प्रथालाई कडा दण्डनीय अपराध बनाउनु र दलितहरुलाई मठ-मन्दिर प्रवेश गर्न अवरोध गर्न नपाइने स्थिति सृजना गर्नु- सरकारको दोस्रो ठूलो काम मान्न सकिन्छ ।

देउवा सरकारको सबैभन्दा ठूलो विफलता यो रह्यो कि यसले शुरुमा क्रान्तिकारी भूमिसुधारको घोषणा गरेर देशका लाखौं गरीब किसान जोताहाहरुमा ठूलो आशा जगायो । परन्तु, पार्टी सभापति कोइराला र ठूला भूमिपतिहरुको दवावसामु घुँडा टेकेर संसदमा विधेयक पास गर्ने बेलासम्म ११ विगाहावाला हदबन्दीको प्रस्ताव स्वीकार गरेर क्रान्तिकारी गृदी नै बाँकी नभएको भ्रान्तिकारी भूमिसुधारमा यसलाई बदल्यो । ठीक त्यस्तै, देशको आधा आकाश थाम्ने महिलाहरुलाई सम्पत्तिमा समान हक दिइने छ भनेर ३२ साउनमा घोषित तहल्काकारी आठ बूँदे घोषणामा डंका पिटियो, र ठूलो अपेक्षा जगाइयो । परन्तु जब प्रतिनिधि सभामा वास्तवमै विधेयक पारित गरियो, छोरीलाई प्राप्त सम्पत्ति विहापछि माइतीलाई नै बुझाउनुपर्ने प्रावधान राखेर सम्पत्तिको हकलाई अर्थ न बर्थको बनाइयो । थुप्रै भ्रष्ट र बदनाम छवि भएका मानिसहरुको कुँडुलो लगाएर यसले ४१ सदस्यीय जम्बो मन्त्रीमण्डल गठन गरेपछि त साउनमा चुली छोएको देउवा सरकारको लोकप्रियता अहिले फेंदीमा पुगेको छ । देउवाको मूल ध्याउन्ना कुनै पनि मूल्यमा कुर्सी जोगाउनु हो, देश र जनताका आधारभूत समस्या समाधान गर्नेतर्फ उनको ध्याउन्ना छैन भन्ने सन्देश यी सबै काम कार्वाहीले एकसाथ दिएका छन् ।

कुनै पनि सही काम गर्न दह्रो मुटुको जरुरत पर्छ । जसको जोखिम मोल्ने हिम्मत हुँदैन, उसले राम्रो काम कहिल्यै गर्न सक्दैन । परन्तु देउवा सरकारमा हिम्मत र दह्रो मुटुकै सबैभन्दा ठूलो अनिकाल देखिएको छ । उनी शुरुमा घोषणा राम्रै गर्छन्, परन्तु पार्टीभित्रकै विपक्षको विरोधबाट प्रधानमन्त्रीको कुर्सी ताकमा पर्नासाथ उनको सातो जान्छ, उनी आफ्ना सारा पूर्वअडान छोड्छन् र आफ्नै घोषणालाई अर्थहीन पार्न तयार हुन्छन् । भूमिसुधार, महिला विधेयक, सरकार-माओवादी वार्ता सबैमा यही घटना घटिरहेछ ।

प्र.म. पदलाई ताकमा राखेर र सक्षम स्वच्छ व्यक्तिहरुको सानो टीम खडा गरेर दह्रै मुटुका साथ उनले आफ्ना सुधारका घोषणा लागू गर्न सकेको भए नेपाली जनताका बीचमा प्र.म. देउवाको छवि र कद ज्यादै माथि हुन्थ्यो । लोकप्रियता र व्यापक जनसमर्थनका आधारमा पार्टीभित्रका विपक्षहरु किनारा लाग्थे । उच्च नैतिक बलसहित उनले अन्य थुप्रै आर्थिक सामाजिक सुधारका कदम चाल्न सक्थे । उनी नेपाली कांग्रेसका सर्वाधिक लोकप्रिय प्रधानमन्त्री हुन सक्ने संभावना प्रवल थियो । त्यो स्थितिमा मन्त्री परिषदमा उनको नियन्त्रण पनि ज्यादा हुन्थ्यो । परन्तु पद र पैसा बाँडेर खालि कुर्सी बचाउने खेलमा मात्र तल्लीन हुँदा नैतिक धरातल गिरेर अहिले ठीक उल्टो भइरहेछ । । प्र.म. पदलाई ताकमा राखेर साहसपूर्वक काम गर्न नसक्दा अहिले झन् उनको प्र.म.को कुर्सी ताकमा परिरहेछ । न गृहमन्त्रीले उनलाई टेरिरहेको देखिन्छ, न अन्य मन्त्रीले । प्र.म. देउवाको मन्त्रीमण्डलमा एक से एक शक्तिशाली बहुप्रधानमन्त्रीहरु देखिएका छन् । संसदमा बहुमत प्राप्त एउटै पार्टीको एकमना मन्त्रीपरिषद भएर पनि देउवा सरकार विभिन्न पार्टीको संयुक्त अस्थायी सरकारझैं देखिएको छ ।

काफी लचिलो भएर वार्तामा आएको माओवादीलाई प्र.म. स्वयंले नयाँ राजनीतिक निकासको खोजी, बन्दी रिहाइ, कालो सुरक्षा नियमावली खारेजीजस्तो दिएको वचन पुरा गर्न ढीलाई गर्दा सरकार-माओवादी बीचको वार्ता कुनै पनि बेला टुट्न सक्ने विन्दुमा पुगिसकेको थियो । ढीलै भएपनि गत कार्तिक २४ गते देउवा सरकारले 'सुरक्षा नियमावली' खारेज गर्ने र अठसट्ठी माओवादी बन्दी रिहा गर्ने टुगो गरेर केही सकारात्मक सन्देश दिएको छ, तर पनि सरकारको नीति र बोलीको ठेगान नहुँदा र सरकार कुनै पनि बेला ढल्न सक्ने संभावनाले राजनैतिक अस्थिरता पैदा गर्दा उद्योगपति र व्यापारीहरु हैरान भएका छन् । आठ बूँदे सुधारका घोषणा कागजी हुन पुग्दा तल्लो तहका सम्पूर्ण विपन्न वर्गका जनताहरु सरकारबाट निराश भएका छन् ।

पूँजीपति वर्गको सरकार भएकाले देउवा सरकारले श्रमिक र उत्पीडित वर्गको समस्यामाथि ध्यान नदिनुलाई आश्चर्यजनक घटना मान्नुपर्ने स्थिति छैन । परन्तु अचम्मको कुरो चाहिँ के हो भने देशको पूँजीपतिवर्गसमेत सरकारको भिजनहीनता, दृढताको अभाव, भ्रष्ट आचरण र चरम अकर्मण्यताको कारणले यो सरकारप्रति निराश हुन थालेका छ । अर्थतन्त्रमा मन्दी छाउन थालेको छ ।

गिरिजा सरकारको पतनको खरानीमा यो सरकार सत्तामा आएको थियो । परन्तु प्रवृत्तिगत हिसाबले यो सरकारले अघिल्लो सरकारभन्दा भिन्न र उन्नत छवि देखाउन सकिरहेको छैन । कुर्सीमा टिक्न दर्बारसित सम्झौता र आत्मसमर्पण गरेर उसका हरेक बेठीक कदममा पनि चूप रहने प्रवृत्ति उस्तै छ । असंलग्न परराष्ट्र नीतिको विपरीत गएर अमेरिकी साम्राज्यवादी खेमाको तावेदार हुन खोज्ने प्रवृत्ति उस्तै छ । हालै, तथाकथित आतंकवाद नियन्त्रणका नाममा अमेरिकाले अफगानिस्तानमाथि मच्चाएको युद्ध आतंकको समर्थनमा नेपाली आकाश र भूमि अमेरिकी विमानको निम्ति खुल्ला छोड्ने सरकारको घोषणाले सम्पूर्ण देशभक्त नेपालीको चित्त दुखाएको छ ।

कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला देउवा सरकारलाई कुनै पनि लोकप्रिय सुधारको काम सफतापूर्वक गर्न नदिन सचेष्ट भएर लागेका छन् । सत्ता स्वार्थका लागि भयभीत देउवा सरकार त्यसैको चक्रव्यूहमा झन् पछि झन् फँस्दैछ । अलोकप्रियताको शिखरमा पुगेपछि यो सरकारको अन्त्य पनि ठीक त्यसरी गराइने पक्का छ, जसरी खुद गिरिजा सरकारको पतन भयो । खुट्टा नकमाइकन व्यापक आर्थिक-सामाजिक परिवर्तन र सुधारका कदमहरु चाल्न सक्नुमा र माओवादीसित वार्ता गरी देशको राजनीतिक संकटको निकास दिन संवैधानिक परिवर्तनको बाटो पहिल्याउन सक्नुमा नै देउवा सरकारको भविष्य छ । यस्तो नगर्ने हो र गिरिजाकै बाटो समात्ने हो भने – पुग्ने गन्तव्य त्यहीं हुनेछ, जहाँ गत श्रावणमा गिरिजा पुगे । ❑

माओवादी नेतृत्व यतिबेला आफ्ना पुराना नीति र सोचहरूको गम्भीर पुनर्समीक्षामा लागेको बुझिएको छ । अब के गर्ने ? भन्ने सवालमा केन्द्रीय नेतृत्वबीच गम्भीर बहस चलिरहेकोले हुनसक्छ, देशमा र विदेशमा थुप्रै महत्वपूर्ण घटना घट्दा पनि यतिबेला, पहिलेजस्तो माओवादी नेतृत्व तदारूकताका साथ सार्वजनिक प्रतिक्रिया दिइरहेको छैन, अक्सरतया चूप छ । अमेरिकामा पेन्टागन र विश्वव्यापार केन्द्रमाथि त्यति भयानक आक्रमण भएको घटनामा पनि उसले तुरून्तै केही बोलेन । नेपालमा शाहज्यादा पारसलाई युवराज घोषणा गरेको सवालमा पनि उसले आजसम्म केही बोलेको छैन । र, यो चुप्पी धेरैको लागि आश्चर्यको विषय भइरहेको छ । प्रश्न उठ्दैछ- कतै माओवादी अहिले गम्भीर द्विविधा र अन्यौलमा त फँसिरहेको छैन ?

माओवादी नेतृत्वको वार्तामा जाने, त्यही मौका पारेर व्यापक जनपरिचालन गर्ने, वार्ताबाट जनअधिकार बृद्धि गर्ने, आर्थिक-सामाजिक सुधारहरू गराउने, अन्तरिम सरकार, नयाँ संविधान ल्याउन खोज्ने, बन्दीहरू छुटाउने, प्रतिगामी ऐनहरू खारेज गराउने र पुराना सबै आग्रह-पूर्वाग्रह थाँती राखेर वृहत् वाम-एकता निर्माण गर्ने नीति वृद्धिमत्तापूर्ण थियो र सही थियो । यही नीतिमा माओवादी नेतृत्व दृढतापूर्वक अघिबढ्न सकेको भए नेपालमा यतिबेला आमूल सामाजिक परिवर्तनका लागि अत्यन्त अनुकूल परिस्थिति सृजना हुने थियो । त्यस्तो परिस्थिति सृजना पनि हुँदै थियो । जलपाइगुडी वैठकपछि वृहत् वाम एकताका लाग परिस्थिति क्रमशः अनुकूल पनि बन्दै थियो ।

परन्तु माओवादी नेतृत्व र कार्यकर्तामा विद्यमान सामाजिक सैन्यवादी प्रवृत्ति र जनता र मित्रशक्तिसितको अन्तरविरोधको संचालनमा गलत दृष्टिकोण र रवैयाका कारणले बनिरहेको सम्पूर्ण अनुकूल स्थिति निकै चाँडै भताभुङ्ग पार्‍यो । माओवादीले असोज ५ गते बृहत् आमसभाको लागि तैयारीको सिलसिलामा जनता र मित्रशक्तिविरूद्ध नै व्यापक पैमानामा सैन्यशक्तिको प्रयोग गर्‍यो । आफूसित सैन्यबल छ भन्ने नाममा जनता र मित्रशक्तिविरूद्ध नै चन्दा र सहयोग प्राप्त गर्न जथाभावी बल प्रयोग गरियो । एमाले माले एकताकेन्द्र मसाल र अन्य वामपन्थी शक्तिमाथि थुप्रै ठाउँमा हान्ने, ठोक्ने, जबर्जस्ती निर्णय लाद्ने नीति अपनाइयो । बलजफ्ती पदाधिकारी-हरूलाई पदबाट राजीनामा गराइएको पनि भेटियो । अहिले भर्खरैसम्म पनि एमालेका कार्यकर्ता मार्ने

# 'अब माओवादी कतातिर ?

- श्याम श्रेष्ठ -



कार्य उसबाट भइरहेको छ । यसैलाई मैले सामाजिक सैन्यवादी प्रवृत्ति भनेको हुँ । सिद्धान्त समाजवादी र लाल छ, व्यवहार श्वेत-सेनाको जस्तो जनताविरूद्ध नै बलजफ्तकारी र दमनकारी हुन्छ, त्यस्तै अपनाइएको छ । यसैलाई भनिन्छ- सामाजिक सैन्यवाद ।

पहिलो कुरो त जनता र मित्रशक्तिलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार नै गलत भयो, दोस्रो आफ्ना कार्यक्रममा लाखौं मान्छेहरू ओइरिएको देखेर भ्रमवश हो न हो ती सबै हाम्रै मान्छे हुन् भन्ठाने नेता-कार्यकर्तामा काफी अहंकार पनि चढ्यो । सबै हाम्रो भइसक्यो भन्ने अहंकारका कारणले यत्रतत्र बलमिच्याइँ गर्ने र अब हामीले जसकाविरूद्ध जे पनि गर्नु जायज हुन्छ भन्ने प्रवृत्ति बढ्यो । यो प्रवृत्तिका कारणले यत्रतत्र बलमिच्याइँ गरिंदा निकै चाँडै निकै धेरै मानिस माओवादीसित चिढिए । साँच्चै नै माओवादीको शासन आयो भने सबैले यस्तै दमनकारी नियति त भोग्नु पर्ने रहेछ, कसैको पनि खैरियत नहुने स्थिति हुँदोरहेछ भन्ने सन्देश आमजनतामा गयो । यो सन्देशले माओवादीप्रति चारैतिर जागिरहेको अपार आकर्षण विकर्षणमा बदलियो । हिजो साथ दिइरहेका सारा पत्रपत्रिकाहरू अब विरोधमा लेख्न थाले । अन्य वामपन्थी पार्टीहरू, विशेषतः एमाले, माले, मसाल, माओवादीको कारणले आफ्नो अस्तित्वमा नै संकट आइलागेको टुंगोमा पुगे । निकै चाँडै अनुकूल स्थिति प्रतिकूलतामा उल्टियो ।

अर्को, आएर्जात सारा मान्छे जथाभावी भित्र्याउने प्रणालीले माओवादी पंक्तिभित्र थुप्रै गलत र अराजक तत्वहरूको प्रवेश भएको देखियो । तिनलाई जाँचपरख गर्ने र वैचारिक-सांस्कृतिक तवरले रूपान्तरित गर्ने प्रभावकारी संयन्त्र र कार्यक्रम उसित देखिएन । यसले गर्दा माओवादी नेतृत्वले जुन सवालमा गल्ती स्वीकारेर सार्वजनिक आत्मालोचना र घोषणा गर्ने हो त्यो पनि तल बारम्बार उल्लंघन हुने स्थिति देखापऱ्यो । नेतृत्वको नियन्त्रणमा तलका कार्यकर्ता ठाउँ ठाउँमा नभएको प्रष्टै देखियो । यसले नेतृत्वको बचन र कबोलको भाउ निकै घटायो ।

यसमा वाम खेमाका केही पार्टीका दक्षिणपन्थी र आत्म-समर्पणवादी व्यवहारको र अवसरवादको कुनै भूमिका नभएको भन्ने होइन । प्रतिक्रियावादी शक्तिसित मिलेर माओवादीको प्रतिकार गर्ने उनीहरूको प्रवृत्ति पनि देखिएको छ र त्यो बेठीक छ । परन्तु भन्न खोजिएको के भने उनीहरूको अवसरवाद पहिलेदेखि छँदै थियो, फेरि पनि हुनेछ । यसमा मुख्य दोष चाहिँ माओवादी नेतृत्व र कार्यकर्ताको छ, जसको कारणले ऊ चारैतिर पुनः एक्लिएको स्थिति छ । अरू त अरू, उसलाई नजिकैबाट सघाउने एकताकेन्द्र जस्ता पार्टीहरूसमेत उसित यतिबेला आजित र क्रोधित भएका छन् । परन्तु माओवादी पार्टीपंक्तिले यो समस्या अझै पनि राम्रोसित आत्मसात गरेको देखिएको छैन । उनीहरू हामी त ठीकठाक नै छौं, बेठीक अरूमा मात्र छ भन्ने धारणा पालेर बसिरहेछन् ।

त्यसमाथि थप, भदौ २६ को अमेरिकामा भएको घटनापछि तथाकथित आतंकवाद खत्तम पार्ने नाममा विदेशी साम्राज्यवादी शक्तिको पृष्ट पाएर नेपालको देउवा सरकार औंधी उत्ताउलिएको छ । उसको दबिरहेको दमनकारी प्रवृत्ति र सोच प्रोत्साहित भएको छ । ऊ वार्ताको मखमली पर्दाभित्र सैनिक दमनको जबर्दस्त तैयारी गर्दैछ । 'जनताबाट प्रतिकार'का नाममा ऊ माओवादीमाथि ठाउँ ठाउँमा आक्रमण गर्दैछ, माओवादी कार्यकर्ता मार्दैछ, कतिपयलाई पक्रिदै पनि छ । कतिपय ठाउँमा आफैंले माओवादीलाई जिस्क्याउने र माओवादीले जवाफमा कुनै गतिविधि गऱ्यो भने- माओवादीले सम्झौता उल्लंघन गरेर बल प्रयोग गऱ्यो भनेर प्रचार पनि गर्दैछ ।

माओवादी उच्चसूत्रले *मूल्यांकन*लाई बताएअनुसार "श्रावणको पहिलो हप्तामा युद्धविराम गरे यतामात्र ९ जना माओवादी कार्यकर्ता मारिइसकेका छन् । पर्सामा २ जना, बाँकेमा १ जना, नुवाकोटमा १ जना, जुम्लामा २ जना, स्याङ्जामा २ जना र भद्रपुर, झापामा १ जना । नुवाकोट बेतिनीमा त गाउँ जनसरकार प्रमुख नै मारिएका छन् । हालमै मात्र कैलालीमा १३ जना, दार्चुलामा ५ जना, बाजुरा वा डडेलधुरामा २ जना गिरफ्तार भएका छन् । रोल्पा, रूकुम, सल्यान, जाजरकोट, प्यूठान, कालिकोट जस्ता जिल्लामा सरकारले गाउँ गाउँमा सेना तैनाथ गरिरहेको छ, खानतलासी र सर्च अपरेशन संचालन गरिरहेको छ । सरकार बन्दी छोड्छु भनेर कबोल गर्छ, ४१ जना कबोल गऱ्यो भने ४-५ जना छोड्छ ।"

"गाउँ गाउँमा गएर पहिलो आक्रमण गर्छन्, उल्क्याउँछन् उनीहरू नै, अनि त्यसको विरोधमा प्रतिरक्षात्मक कार्वाही गऱ्यो भने माओवादीले बल प्रयोग गऱ्यो भनेर हल्ला मच्चाउँछन् । निकै अप्ठेरो परेको छ- सरकारको यो रवैयाले हामीलाई ।" माओवादी सूत्रको थप भनाइ यस्तो छ ।

सरकार-माओवादी वार्ता दोस्रो चरणपछि अघिबढ्न सकेको छैन । सरकार बन्दी छोड्ने र सुरक्षा नियमावली खारेज गर्ने काम नगर्ने, माओवादी त्यो कार्य नगरी वार्तामा कदापि नआउने : यही सवालमा वार्ताको हलो अड्किरहेको स्थितिमा यो पंक्ति लेखिरहँदा सरकारी पक्षका प्रमुख वार्ताकार मन्त्री चिरञ्जीवी वाग्लेको आग्रहमा, म स्वयंको मध्यस्थतामा सरकारले क्याबिनेटले निर्णय गरेर तुरून्तै ५० प्रतिशत बन्दीछोडी दिने, सार्वजनिक सुरक्षा नियमावली -२०५८ खारेज गरीदिने र बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गरिदिने र माओवादी शीर्षस्थ नेतृत्वले बल प्रयोगका गतिविधि नगर्न देशभरिका कार्यकर्तालाई निर्देशित गर्ने समझदारी बनेको थियो ।

यसै समझदारीको परिणामका रूपमा सरकारले कार्तिक २४ गते 'सुरक्षा नियमावली'को खारेजी गर्ने र ६८ जना बन्दी रिहा गर्ने निर्णय गरेपछि माओवादीले गणतन्त्रको संस्थागत विकासलाई आफ्नो मागको सूचीबाट स्थगन गरेको छ र हाल कसैप्रति पनि बल प्रयोग गर्ने नीति र योजना आफ्नो नरहेको भन्ने प्रतिबद्धता सार्वजनिक गरेको छ । यसपछि माओवादी कार्यकर्ताहरूले बल प्रयोग नगरून् भनी क. प्रचण्डको प्रष्ट निर्देशन आएन भन्ने सरकारी पक्षको असन्तुष्टिका बाबजुद तेस्रो चरणको वार्ता तिहारअघि वा तिहारको लगत्तै पछि हुनसक्ने संभावना बढेको छ ।

परन्तु तेस्रो चरणको वार्ताले पनि अहिलेको देशको राजनीतिक संकटको निकास दिने संभावना भने अत्यन्त क्षीण भएको छ । प्रधानमन्त्री देउवासित वार्तामार्फत् छलांग मार्नका लागि दह्रो निर्णय लिने कुनै हिम्मत नै देखिँदैन, न त वार्ताको अड्को फुकाउनका लागि नयाँ राजनीतिक विकल्प र निकास सुझाउने बुद्धिमत्ता नै उनीसित देखिन्छ, न मन्त्री परिषद्का सदस्य मन्त्रीमाथि उनको नियन्त्रण नै देखिन्छ । यो स्थितिमा प्रधानमन्त्रीकै अकर्मण्यता, अविश्वासनीयता र अनिर्णयको कारणले वार्ता कुनै पनि बेला टुट्ने प्रबल संभावना छ ।

यसरी वार्ता टुटेको खण्डमा माओवादीका सामु गम्भीर प्रश्न खडा हुनेछ- अब के गर्ने ? फेरि आधार इलाका विस्तार गर्ने छापामार युद्ध शुरू गर्ने ? वा अर्को कुनै नयाँ बाटो र विकल्प रोज्ने ? -माओवादी नेतृत्व अहिले यिनै सवालमा सांगोपांगो विचार-विमर्श गर्दैछ । मलाई लाग्छ, उसले नयाँ बाटो पहिल्याउने छ, जसमा अहिलेसम्म हासिल गरिएका आधार इलाका, सेना, मिलिसियाजस्ता उपलब्धिलाई जोगाउने कोशिस हुनेछ । परन्तु मूल जोड छापामार युद्ध र आधार इलाकाको विस्तारमा भन्दा जनसंघर्ष र जनविद्रोहको विकासमा हुनेछ । किनकि अब ग्रामीण आधार इलाकालाई श्रृंखलाबद्ध ढंगले तरंगझैं चौतर्फी रूपमा विकसित गरेर केन्द्रीय सत्ता हासिल गर्न संभव छैन भन्ने टुंगोमा माओवादी नेतृत्व लगभग पुगिसकेको देखिन्छ । राजनीतिक सोचका हिसाबले माओवादीको निम्ति अहिलेको समय संक्रमणकालीन चौबाटोमा उभिएको समय हो । ❑

आम जनता दशैंको चाड मनाउन तल्लीन भएको अठेरो समय पारेर राजा ज्ञानेन्द्रबाट नागरिक हत्या र उद्दण्ड गुण्डागर्दीका लागि देशभरि बदनाम आफ्ना तीस वर्षीय जेठा छोरा पारस शाहलाई 'शाहज्यादा' बाट 'नेपाल अधिराज्यको युवराजाधिराज' मा उकालिएपछि शाही घोषणाप्रति जन-असन्तोष तीव्र भएको छ । नागरिकका छोरा भएको भए पटक-पटक रक्सीले मातेर मोटर हाँकेर दुई दुईजना नागरिकहरूको ज्यान लिने, अवैध ढंगले पिस्तोल र मेसिनगन बोकेर हिँड्ने, सार्वजनिक थलोमा प्रहरी र नागरिकहरूमाथि जथाभावी गोली हान्ने, पुलीस र नागरिकहरूलाई अकारण पिट्ने र घाइते बनाउने अपराध गरेबापत पारस शाह र उनीजस्ता कुनै पनि व्यक्तिको लागि राखिने उचित ठाउँ जेल हुन्थ्यो । 'शाहज्यादा' हुनाले उनका तमाम पंचखत माफी गरिएका छन् । राजाका छोरा हुनाले थुप्रै पटक जेलमा राखिनु पर्ने हदको अपराध गरेको मान्छेलाई अहिले आएर राज सिंहासनमा बस्नयोग्य देशको भावी राजा घोषित गरिएको छ । नेपाल र नेपालीको लागि योभन्दा ठूलो विडम्बना अरू के हुनसक्छ ?

अधिकारविहीन 'शाहज्यादा' हुँदा त पारस शाहका ज्यानमारा चरित्रका



हस्ताक्षर गरिएको तुल दरबारमा बुझाउन जाँदै विद्यार्थीहरूको जुलुस, प्लेकार्डमार्फत् आफ्नो भावना व्यक्त गर्दै

**पारस शाह कहिल्यै सुध्रनै सक्दैनन् र उनी कहिल्यै पनि युवराज हुन सक्दैनन् भन्ने मेरो मत छैन । तर...**

# जनताका छोरा भए उनी अहिले जेलमा हुन्थे



नियन्त्रणविहीन अचाक्लीहरू र गुण्डागर्दीहरू प्रहरी जवान र आम जनताका लागि सहीनसक्नुका भएका छन् भने, भरे उनी राजा नै भए भने र राजा हुनुका नाताले उनी सेनाका अधिकारसम्पन्न परमसेनाधिपति समेत भए भने देश र जनताले कुन नियति भोग्नुपर्ला ? त्यसको परिकल्पनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपालीलाई त्रस्त बनाएको छ ।

एउटा नागरिकले तिनै अपराध गर्दा ऊ आजन्म भ्यालखानाको कालकोठरीमा थुनिनुपर्ने, राजाका छोराछोरीले तिनै अपराध गर्दा ऊ दण्डित हुनुको सट्टामा देशको युवराजाधिराजजस्तो पदबाट उल्टै पुरस्कृत हुने ?! यो घटनाले के देखाएको छ भने नेपालमा २०४६ सालमा बहुदलीय व्यवस्था त आयो, तर अझै कानूनीराज आइसकेको छैन र यहाँ अझै राजादेखि रङ्कसम्म सबैलाई एउटै कानूनी दायराले समेटेको छैन ।

नेपालमा वास्तविक अर्थमा संवैधानिक राजतन्त्र कायम भएको भए राजपरिवारका लागि जघन्यभन्दा जघन्य सबै अपराधमा माफै माफको एउटा कानूनी मापदण्ड र नागरिकको लागि भने उही अपराधमा सजायँ नै सजायँको अर्को कानूनी मापदण्ड कदापि हुने थिएन । कानून र संविधानको नजरमा सबै समान हुन्थे । प्रजातन्त्रमा जुन व्यक्तिको चरित्र र आचरणको विरूद्धमा देशभरि बहुसंख्यक जनताको यति ठूलो जनमत छ, त्यो व्यक्ति, उसको चरित्र र आचरण नसुध्रिकन, देशको भावी राष्ट्राध्यक्ष कदापि हुने थिएन । संवैधानिक राजतन्त्र भनेको 'राजाले गल्ती गर्दैन' भन्ने सिद्धान्त र जन-विश्वासको भरमा राजालाई सार्वभौम जनताले दिने उच्च सम्मान र सीमित कानूनी उन्मुक्ति हो । जुन व्यक्तिको चरित्र र आचरण जनताविरूद्धको ज्यादती, गल्ति र अपराधहरूले

श्याम श्रेष्ठ



राजा वीरेन्द्रबाट त्यस घटनाबारे सत्यतथ्य बुझी अवगत गराउन तत्कालीन प्र.म. गिरिजाप्रसाद कोइरालालाई निर्देशन पनि जारी भएको हो, परन्तु...

भरिपूर्ण छ, त्यस्तो व्यक्तिलाई सार्वभौम जनताले कसरी त्यस्तो उच्च सम्मान र कानूनी उन्मुक्ति दिन सक्छ ? कसरी ऊ जनताको नजरमा सम्मानीत राष्ट्राध्यक्ष हुनसक्छ ? यसको मतलब पारस शाह कहिल्यै सुध्रनै सक्दैनन् र उनी कहिल्यै पनि युवराज हुन सक्दैनन् भन्ने मेरो मत छैन । तर, उनी सुध्रेको चित्तबुझ्दो र पारदर्शी आधार भएपछि मात्र उनी युवराज घोषित गरिन लायक बन्न सक्छन् भन्ने मेरो मत हो ।

## *जसरी घोषणा गरियो*

प्रजातन्त्र भनेको सारमा जनता र जनमतको सर्वोच्चता हो । परन्तु राजा ज्ञानेन्द्रद्वारा गरिएको युवराज-घोषणामा जनता र जनमतको सर्वोच्चतालाई ठ्याम्मै कदर गरिएन ।

राजालाई राम्रोसित थाहा छ, नेपालको अत्यधिक जनताको जनमत पारस शाहको अपराधिक आचरण र चरित्रको विरोधमा छ भनेर । यो थाहा भएकैले जेठ २२ गते नयाँ राजाको रूपमा राजा ज्ञानेन्द्रको राज्यारोहण हुँदा त्यतिबेरै युवराज घोषित गर्ने अहिलेसम्मको शाही प्रचलनलाई छोडेर पारस शाहलाई शाहज्यादाबाट युवराजमा पदोन्नति गरिएन । अहिले केवल पाँच महिना बितेको छ र शाहज्यादाको विगत आचरण र चरित्रमा तात्विक अन्तर आएको कुनै संकेत नेपाली जनताले महशूस गर्न पाएका छैनन् । उल्टो त्यसमाथि थप, श्री ५ आफैंले गठन गरेको 'जेठ १९ को घटना सम्बन्धमा तथ्य जाहेर गर्न गठित उच्चस्तरीय समिति'ले राजासमक्ष पेश गरेको प्रतिवेदनमा पहिलेका युवराजाधिराज दीपेन्द्रलाई गाँजा र अज्ञात कालो पदार्थ भरेको चुरोट अर्दलीबाट ग्रहण गरेर पास गर्ने व्यक्तिका रूपमा पारस शाहलाई नै तोकिएको छ । *(हेर्नुहोस् मूल प्रतिवेदन पृष्ठ ७२-७३, शाही अर्दली रामकृष्ण के.सी.को बयान)* । युवराज दीपेन्द्रका एडिसी सेनानी राजकुमार कार्कीले दिएको बयानमा पनि गाँजा र कालो पदार्थ - युवराज दीपेन्द्रलाई सधैं सप्लाइ गर्ने व्यक्तिका रूपमा नाम नतोके पनि 'दाजु भाइको सर्कल' भनेर संकेत गरिएको छ । *(हेर्नुहोस् मूल प्रतिवेदन पृष्ठ ८४)* यदि यो सत्य हो भने राजसिंहासनका उत्तराधिकारी युवराज दीपेन्द्रलाई गाँजा चरेसको कुलतमा फँसाउने व्यक्तिको रूपमासमेत पारस शाहको नाम जोडिन आउँछ । र, यो अक्षम्य अपराध हो । यो प्रतिवेदन प्रकाशित भएर पनि धेरै दिन बितिसकेको छ, यो आरोपको खण्डन स्वयं पारस शाहलगायत कहीं कतैबाट पनि भएको देखिन्न ।

तसर्थ, शाहज्यादा पारसप्रतिको सार्वभौम नेपाली जनताको जनमत ज्यूँकात्यूँ छ र त्यो बदलिनु पर्ने कुनै कारण यतिञ्जेल सृजना भएको छैन । यस परिस्थितिमा आम जनतामा उठ्ने आधारभूत प्रश्न के हो भने- गत जेठमा जुन कारणले शाहज्यादा पारसलाई युवराज घोषित गरिएन, त्यो कारण अहिले पनि यथावत् छँदाछँदै त्यतिबेला युवराज घोषणा गर्नु अनुचित ठानिएका व्यक्ति यतिबेला कसरी उचित ठहरिए त ?

नेपालका राजाहरू लोकसम्मति र जनमतअनुसार नै चल्छन् र चलिरहेछन् भनेर औंधि प्रचार गरिन्छ । परन्तु त्यो दावी कति असत्य छ भन्ने कुरा हालैको युवराज घोषणाले छर्लङ्ग पारेको छ ।

युवराज घोषणाको लागि दशैंको जुन समय छानियो, त्यो पनि षडयन्त्रमूलक र अर्थपूर्ण देखिन्छ । आक्रोशित जनता युवराज घोषणाको प्रतिक्रियामा तुरुन्तै सडकमा निक्लन नसकून् र पत्र-पत्रिकामार्फत् आक्रोश पोख्न पनि नसकून् भनेर पत्र-पत्रिका प्रकाशित नहुने र शहरिया जनसमुदाय चाडवाड, इष्टमित्र भेटघाट र भोज भतेरमा व्यस्त हुने समय पारेर विजयादशमीको दिन युवराजको घोषणा भएको प्रष्टै देखिन्छ । समयको यो छनोटले के देखाएको छ भने, वर्तमान दरवार निकै कुटिल पनि छ, जनसमुदायको संभावित आक्रोशबाट भयभीत पनि छ ।

यो घटनाले वर्तमान दरवारको मिचाहा र हेपाहा प्रवृत्ति पनि उदांगो पारेको छ । संवैधानिक राजतन्त्रले पालना गर्नुपर्ने निश्चित प्रजातान्त्रिक मर्यादा र कार्यशैलीलाई वर्तमान दरवारले मिच्न थालेको र जनमतलाई हेप्न थालेको कुरा अहिलेको युवराजको घोषणाले प्रष्ट पारेको छ ।

## *विरोधको कारण*

पारस शाहप्रतिको निश्चित पूर्वाग्रह र द्वेषका कारणले नेपाली जनताले उनको विरोध गरेका होइनन् । उनको अनुहार नै हेर्न मन नलागेर पनि उनको विरोध गरिएको होइन । जनताको विरोधका निश्चित कारणहरू छन् ।

उनका अपराधहरूको एउटा श्रृंखलाबद्ध लामो सूची छ । *(हेर्नुहोस् बक्स)* । उनले २८ जेठ २०५४ मा टिल्ल रक्सीले मातेर आफ्नो बा.अ.च. ६१८७ नं. को निजी गाडी चलाउँदा त्यसको ठक्करले बा.अ.ज. १२२४ नं. को ट्याक्सीका ड्राइभर सानुकाजीको पुतलीसडक काठमाण्डौमा ज्यान गयो । पोहोर साल साउन २२ गते मात्रै उनैले

*माले समर्थित अनेरास्ववियूको आयोजनामा पाँचलाखभन्दा ज्यादा नागरिकहरूले शाहज्यादा पारसमाथि कार्वाहीको माग गर्दै राजा वीरेन्द्रसामु ज्ञापनपत्र पेश गरेको पनि जगजाहेर कुरा हो*






युवराज दीपेन्द्रका एडिसी सेनानी राजकुमार कार्कीले दिएको बयानमा पनि गाँजा र कालो पदार्थ - युवराज दीपेन्द्रलाई सधैं सप्लाइ गर्ने व्यक्तिका रुपमा नाम नतोके पनि 'दाजु भाइको सर्कल' भनेर संकेत गरिएको छ

मादक पदार्थ खाएर नियन्त्रणहीन ढंगले आफ्नो पिताको गैर-सरकारी संस्थाको बा. ३ च. ६९२ नं. को पजेरो चलाउँदा प्रशिद्ध कलाकार प्रवीण गुरुङको मोटर साइकललाई किचेर उनको नारायणहिटी राजदरवार सामुन्ने नै मृत्यु भयो ।

यी नागरिक हत्याका विरुद्ध देशव्यापी रूपमा र संसदभित्रै समेत जनमत मुखर भएको हो । उनको शाहज्यादाको पगरी नै खोसिनु पर्ने माग पनि त्यतिबेला बुलन्द भएको हो । माले समर्थित अनेरास्ववियूको आयोजनामा पाँचलाखभन्दा ज्यादा नागरिकहरूले शाहज्यादा पारसमाथि कार्वाहीको माग गर्दै राजा वीरेन्द्रसामु ज्ञापनपत्र पेश गरेको पनि जगजाहेर कुरा हो । राजा वीरेन्द्रबाट त्यस घटनाबारे सत्यतथ्य बुझी अवगत गराउन तत्कालीन प्र.म. गिरिजाप्रसाद कोइरालालाई निर्देशन पनि जारी भएको हो । परन्तु जेठको तेस्रो हप्तामा राजा वीरेन्द्रको हत्या हुनु अघिसम्म पनि सरकारबाट सत्यतथ्य भने जाहेर भएन । तसर्थ विगत राजाको त्यो निर्देशन अहिले पनि ज्यूँदो छ र कार्यान्वयनको प्रतिक्षामा छ ।

पारस शाहको गुण्डागर्दी र असहनीय ज्यादतीका त अनगिन्ती उदाहरणहरू छन् । *(हेर्नुहोस् बक्स)* । समसाँझै रक्सीले मातेर गाडी चलाउनु, सडकको बिजुलीको खम्बामा गाडीले हान्नु वा कसैको गाडी वा मोटरसाइकलमा ठक्कर दिनु र घटनास्थलमा प्रहरी हेर्न आए भने उसैलाई घाइते हुने गरी पिट्नु, भीडले

घेऱ्यो भने भीडैमाथि पिस्तोल तेर्स्याउनु, गोली चलाउनु र कुटपीट गर्नु त पारसको सधैंभरिको आचरण हो । होटेल र नाइटक्लबमा, क्यासिनो र रेष्टुराँमा पेस्तोल तेर्स्याएर र हवाइफायर गरेर आतंक सृजना गर्नु उनको बारंबारको क्रियाकलाप हो । अवैध ढंगले पिस्तोल र मेसिनगन बोकेर हिंड्नु र त्यसको सहाराले प्रहरीहरू समेतलाई पिट्नु र घाइते हुनेगरी गोली हान्नु उनको सदावहार चरित्र हो । पछिल्लो पटक २६ कार्तिक, २०५६ को रात उनले दरबारमार्गस्थित वडा प्रहरी कार्यालयमा सेण्ट्री बसिरहेका प्रहरी परशुराम डंगोललाई अकारण घाइते हुनेगरी कुटे । यसअघि २० असोज २०५६ मा ललितपुर एकान्तकुनामा अवैध ढंगले भिरी हिंडेको मेसिनगन भिकेर उनले प्रहरी निरीक्षक लोकेन्द्र श्रेष्ठमाथि प्रहार गरे ।

यिनै र यस्तै अनगिन्ती गुण्डागर्दीका कारणले शाहज्यादा पारसको छवि एकजना भ्रष्ट चरित्र भएको उद्दण्ड र आततायी व्यक्तिको रूपमा कायम भएको हो । सबै ज्यादतीहरूका बावजूद 'शाहज्यादा'को पगरी र तत्कालीन शक्तिशाली अधिराजकुमार ज्ञानेन्द्रका छोरा हुनुका कारणले मात्र उनी हरेक पटक कानूनी दण्डबाट बाँचरहे । सर्वसाधारण नागरिकका छोरा भएको भए - यीमध्ये हरेक कार्यवाहीले उनलाई भारी दण्डसहित जेलको चिसो छिंडीमा पुऱ्याउँथ्यो नै ।

अहिले आएर आततायी र भ्रष्ट छवि भएका उनै पारस शाहलाई नेपालको युवराजधिराज घोषित गरिएको छ । यही कारणले यो घोषणाको विरोध भइरहेको छ । यो विरोधको पछाडि केही आधारभूत सैद्धान्तिक सवालहरू छन् । ती सवालहरू के हुन् भने प्रजातन्त्रमा प्रधानमन्त्री, मन्त्रीलगायत सार्वजनिक पद धारण गर्ने कुनै पनि पदाधिकारी स्वच्छ चरित्र भएको अभ्रष्ट व्यक्ति हुनु जरूरी हुन्छ भने राजा वा भावी राजा हुने व्यक्तिचाहिं त्यस्तो चरित्रको हुनु जरूरी छ कि छैन ? अथवा राजा वा राजाको जेठो छोरो हुनुको नाताले युवराज हुने व्यक्तिचाहिं जतिसुकै भ्रष्ट चरित्रको र अपराधिक आचरणको भए पनि उचित हुने हो ?

अर्को आधारभूत प्रश्न के हो भने- कानूनी राजमा जनताका छोराछोरीले कुनै अपराध वा कानूनको उल्लंघन गर्दा दण्डित हुनुपर्छ भने राजकुमार वा राजगद्दीको उत्तराधिकारीले चाहिं त्यस्तै प्रकारको अपराध वा कानूनको उल्लंघन गरेको खण्डमा दण्डित हुनुपर्छ कि पर्दैन ? अथवा उसलाई चाहिं जतिसुकै अपराध वा कानूनको उल्लंघन गरे पनि दण्डको सट्टामा पुरस्कृत गर्ने हो ?

> **राजाको जेठो छोरो हुनुको नाताले युवराज हुने व्यक्तिचाहिँ जतिसुकै भ्रष्ट चरित्रको र अपराधिक आचरणको भए पनि उचित हुने हो ?**



श्री ५ ज्ञानेन्द्र

## पार्टीहरूको रबैया

युवराज कसलाई घोषित गर्ने हो त्यो राजाको आफूखुशीको निजी मामिला हो र राजाको जेठो छोरो भएपछि युवराज घोषित गर्नु स्वाभाविक संवैधानिक प्रक्रिया हो भन्नेहरू नेपालमा बग्रेल्ती निस्केका छन् । त्यसमध्ये केही त नेपाली कांग्रेस, राप्रपालगायत देशका प्रमुख राजनीतिक पार्टीहरू र वामपन्थी पार्टीहरूसमेत छन् । यो नितान्त गलत धारणा हो, किनभने युवराज को हुन्छ भन्ने कुरा केवल राजाको मात्र सरोकारको विषय होइन, यो त सिंगो देश र जनताको सरोकारको विषय हो । किनकि, बेठीक व्यक्ति राजा

# शाहज्यादा पारस शाहका करतूतहरू



### नागरिक हत्याहरू :

२८ जेठ, २०५४ :

मादक पदार्थ खाएर मातेको बेला पारसले गाडी चलाएर बा.अ.च. ६१८७ न.को निजी गाडीले ठक्कर दिंदा बा.अ.ज. १२२४ न.को ट्याक्सीका ड्राइभर सानुकाजीको पुतलीसडक काठमाण्डौमा मृत्यु ।

२२ साउन २०५७ :

मादक पदार्थ खाएर महेन्द्र प्रकृति संरक्षण कोष (तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र अध्यक्ष रहेको संस्था)को बा ३ च ६९२ न.को पजेरो नियन्त्रणहीन ढंगले तीव्र गतिमा चलाएर नारायणहिटी राजदरबारको अघिल्तिर प्रशिद्ध कलाकार प्रवीण गुरूङ्ग चढिरहेको मोटर साइकलमा ठक्कर दिंदा उनको मृत्यु । यसको विरूद्ध ५ लाख २३ हजार नेपालीको हस्ताक्षर माले समर्थक अखिलद्वारा राजदरबारमा बुझाइएको । तत्कालीन राजा वीरेन्द्रले तत्कालीन प्र. मन्त्री गिरिजाप्रसाद कोइरालालाई सत्यतथ्य बुझी यथार्थ अवगत गराउन निर्देशन दिएको । त्यो निर्देशन कार्यान्वयन हुन बाँकी हुँदै राजा वीरेन्द्रको हत्या भएको ।

### गुण्डागर्दीका उदाहरणहरू :

*१९ कार्तिक २०५३ :*

अत्यधिक रक्सी खाएर मातेको बेला गाडी हाँकेर माइतीघर काठमाण्डौको विजुलीको खम्बामा ठक्कर दिंदा घटनास्थलमा हेर्न पुगेका प्रहरी निरीक्षक प्रदीप आचार्यलाई कुटपीट गरेको ।

२७ कार्तिक २०५३ :

भाइटीकाको दिन मादक पदार्थ खाएर तीव्र वेगमा गाडी हांक्दा ललितपुर हात्तीगौडामा एउटा मोटर साइकललाई ठक्कर दिएको । त्यसको विरोधमा जम्मा भएको जनसमुदायको भीडमाथि हातपात गरेको । तत्कालीन युवराज दीपेन्द्र आफैले त्यो खबर प्रहरीबाट थाहा पाएर त्यहाँ आई उद्दण्ड पारसलाई कण्ट्रोलमा लिएर फर्केको ।

१९ माघ, २०५३ :

सोल्टी होटेल काठमाण्डौंमा मादक पदार्थ खाएर होटेलका भान्छेलाई पेस्तोल तेर्स्याएको । त्यही रात बिहान साँढे तीन बजेतिर नयाँ बानेश्वरमा रहेको होटेल एभरेष्ट क्यासिनोमा अन्धाधुन्ध हवाई फायर गरेको ।

१३ चैत्र २०५३ :

चितवनको भरतपुरमा मादक पदार्थको नशामै सर्वसाधारण नागरिकमाथि हातपात गरेको । पारसलाई नियन्त्रण गर्न आएको प्रहरीलाई नै पेस्तोल तेर्स्याएको र प्रहरी भ्यान पल्टाईदिएको ।

१४ जेठ, २०५४ :

बिहान ३ बजेतिर १९६५ नं.को टोयोटा गाडीमा चढेर नक्सालस्थित प्रहरी प्रधान कार्यालयमा जबर्जस्ती प्रवेश गर्न खोज्दा रोक्ने प्रहरी गार्डलाई पिटेको र त्यही रात ठमेलमा अर्को एक प्रहरीमाथि पनि हातपात गरेको ।

२० असोज, २०५६ :

माओवादीद्वारा आव्हान गरिएको नेपाल बन्दको दिन पारेर एकाबिहानै मादक पदार्थ खाएर ८१३४ नं. को कालो कारमा चढेर आई ललितपुरस्थित एकान्तकुनामा एकाएक मेसिनगन भिकेर प्रहरी निरीक्षक लोकेन्द्र श्रेष्ठमाथि प्रहार गरेको ।

२६ कार्तिक, २०५६ :

राती वडा प्रहरी कार्यालय दरबार मार्गमा सेण्ट्री बसिरहेका प्रहरी परशुराम डंगोललाई घाइते हुनेगरी कुटपीट गरेको ।

❑

*सन्दर्भ स्रोत : 'राजधानी' दैनिक २०५८ कार्तिक १३*

भयो भने सिंगो देश र जनताले दुःख पाउँछ र अपराधिक चरित्रको मान्छे राजा भयो भने त सिंगो राष्ट्रले त्यसको दुष्परिणाम भोग्नुपर्ने हुन्छ । जनताले अहिले प्राप्त गरेको सीमित प्रजातान्त्रिक अधिकारसमेत ताकमा पर्न सक्छ । त्यसैले भावी राजा हुनका लागि राजाको जेठो छोरो हुनुमात्र पर्याप्त छैन, ऊ चारित्रिक रूपले अभ्रष्ट र ठीक चरित्रको हुनु पनि नितान्त जरूरी हुन्छ । मानौं एउटा व्यक्ति पागल छ, परन्तु ऊ राजाको जेठो छोरो छ, के हामी उसलाई राजा मान्न तैयार हुन्छौं ?

ती प्रमुख राजनीतिक पार्टीहरू र बामपन्थी पार्टीहरू देख्दा मलाई उदेक लाग्छ, जो राजाको जेठो छोरो हुनुलाई नै भावी राजा हुनको लागि पर्याप्त आधार ठान्दछन् । यी पार्टीहरू घुमाउरो रूपमा कुन सिद्धान्त स्वीकार गर्दैछन् भने - राजाको जेठो छोरो भएपछि ऊ जतिसुकै अपराधी र दुष्चरित्रको भए पनि भावी राजा हुने योग्यता राख्छ, चाहे ऊ भरे राजा हुनुबाट देश र बहुसंख्यक जनताले जतिसुकै दुष्परिणाम भोग्न किन नपरोस् । ती पार्टीहरू राजा वा भावी राजाको सवाललाई देश र आमजनताको प्रगति र भविष्यको कोणबाट हेरिरहेकै छैनन् । उनीहरू केवल कानूनी कोणबाट मात्र उत्तराधिकारीको सवाललाई हेरिरहेछन् । हेराइको यो कोण नै सरासर गलत छ । यदि कानूनी कोणबाट गरिएको सारा कुरालाई स्वाभाविक र जायज ठहऱ्याउँदै जाने हो भने राणा र पंचायती शासकहरूले आफ्नो विरूद्ध विद्रोह गर्ने सारा नेपालीलाई मार्नु पनि स्वभाविक र जायज ठान्नुपर्ने हुन्छ, किनकि त्यतिखेरको कानूनमा त्यस्तो प्रावधान त थियो नै । तर के ती हत्या जायज थिए ? सबै कानूनी कुराहरू जायज र स्वभाविक हुँदैनन् । देश र जनताको सर्वोत्तम भलाइ र प्रगतिका लागि नै कानून र संविधान हुनुपर्छ, कानून र संविधानको अन्धपरिपालनाको लागि देश र जनता होइन ।

यो नेपालको दुर्भाग्य हो कि यहाँ राजसिंहासनको उत्तराधिकारी जस्तो संवेदनशील राष्ट्रिय सवालमा समेत देश, जनता र प्रजातन्त्रको भविष्यको ख्याल राखेर साहसपूर्वक सही कुरो बोलिदिने नेता र पार्टीहरूको नितान्त अनिकाल देखियो । बहुसंख्यक नेताहरू चाकडीमा जुटे, कोही भयले, कोही निहित स्वार्थले । हिजो पारस शाहले प्रवीण गुरूङको हत्या गर्दा विरोधमा उनको शाहज्यादाको पगरी खोस्नुपर्छ भनेर ५ लाखको हस्ताक्षर जुटाउने विद्यार्थी संगठनको राजनीतिक नेतृत्व नेकपा (माले) समेत आज उनै पारस शाहलाई सहजतापूर्वक युवराज स्वीकार्ने पंक्तिमा पहिलो हुन दौडादौड गरिरहेको देखियो ।

मुख्य कुरो यहाँका मुख्य राजनीतिक पार्टीहरूमा र तिनका नेताहरूमा जनमुखी र देशमुखी चरित्र देखिएन, सही र सत्य बोल्ने साहस र दृढता देखिएन । युवराज घोषणाको पहिलो मुख्य प्रतिवाद त प्रधानमन्त्री र सरकारले गर्नुपर्ने हो । उसले केही पनि गरेको देखिएन । बहुदलीय संसदीय व्यवस्थाका सर्वशक्तिमान प्रधानमन्त्री यतिबेला दरवारको लाचार छाँयाभैं मात्र देखिए । उनको कहींकतै अस्तित्वसमेत देखिएन । त्यसपछि साहसपूर्वक बोल्नुपर्ने संसदको प्रमुख प्रतिपक्ष एमालेले हो । उसले उत्तराधिकारीको सवाल छलफलको विषय हुनुपर्छ भन्नेसम्म आवाज निकालेको छ, परन्तु उसको विरोध बुलन्द र स्पष्ट देखिन्न । दुवै अर्थ लाउन सकिने भाषामा दबेको मसीनो आवाजमा ऊ यसको अर्द्धविरोध मात्र गर्दैछ । हिजो पारस शाहले सडकमा प्रवीण गुरूङको हत्या गर्दा संसदमा उधूम मच्चाउने सांसदहरू खोइ अहिले कहाँ हराए ? गणतन्त्रवादी माओवादी पार्टी अहिले यो मामलामा खोई कहाँ हरायो ?

परन्तु यो पंक्ति लेख्दासम्म नेकपा (एके), संजमो, समाजवादी आन्दोलन-नेपाल, प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन-नेपाल, मानवअधिकार तथा शान्ति समाजजस्ता पार्टी, संगठन र संस्थाहरू यो घोषणाको विरोधमा निक्लिसकेका छन् । आशाको त्यान्द्रो कहींकतै बाँकी छ । आशा गरौं निकट भविष्यमै अरू केही साहसी जनमुखी संगठनहरू र व्यक्तिहरू पनि निक्लनेछन् ।

### *अब के गर्ने ?*

नेपालको भावी राजाको सवाल भनेको देश र जनताको भविष्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित सवाल हो । त्यसैले यसलाई सार्वजनिक छलफलको विषय बनाइनु पर्दछ । नेपालको सार्वभौम भनेर दावी गरिएको संसदको विशेष अधिवेशन डाकेर यो बारेमा छलफल गरिनु पर्दछ र संसदले नै यो घोषणा फिर्ता गराउन पहल गर्नुपर्दछ । राजसिंहासनको उत्तराधिकारीको छनोटलाई अहिलेको प्रचलित ऐनले राजाको निजी मामिला बनाएको छ । यो सिंगो देशको भविष्यसित सिधै जोडिएको हुनाले यो कानूनी व्यवस्था बदल्नुपर्दछ । मन्त्री परिषद्को सम्मतिमा राजाले उत्तराधिकारी घोषणा गर्ने र संसदले त्यसलाई अनुमोदन गर्नुपर्ने नयाँ प्रणाली ल्याइनुपर्दछ । अनिमात्र यो राष्ट्रिय सरोकारको मामला बन्न सक्नेछ । यस हिसाबले अबको राज-उत्तराधिकारीसम्बन्धी ऐन दरवारले होइन, संसदले तर्जुमा गर्नुपर्दछ ।

प्रवीण गुरूङको हत्याको विरोधमा दरवारमा ५ लाखको हस्ताक्षरसहितको ज्ञापनपत्र परेपछि तत्कालीन राजा वीरेन्द्रबाट मन्त्री परिषदलाई त्यो घटनाबारे सत्यतथ्य जाहेर गर्न निर्देशन भएको थियो । परन्तु अहिलेसम्म पनि त्यो जाहेर भएको छैन । साहसको अभावमा पुरानो मन्त्री परिषदले कार्यान्वयन नगरेको राजा वीरेन्द्रको त्यो मूल्यवान निर्देशनलाई ढिलै भए पनि अहिलेको मन्त्री परिषदले कार्यान्वयन गर्ने साहस गर्नुपर्दछ । ❑

**बहुदलीय संसदीय व्यवस्थाका सर्वशक्तिमान प्रधानमन्त्री यतिबेला दरवारको लाचार छाँयाभैं मात्र देखिए । उनको कहींकतै अस्तित्वसमेत देखिएन ।**



## यस्तो मान्छेलाई किन युवराज घोषणा गरिएको होला ?



-पद्मरत्न तुलाधर

*शाहज्यादा पारसलाई नागरिक हत्यारा भनेर आरोपित गर्दै उनीमाथि कानूनी कार्वाहीको माग भइरहेको सर्वविदितै छ । पोहोर श्रावणमा प्रसिद्ध गायक प्रवीण गुरूङको हत्या पारस स्वयम्ले मादक पदार्थ खाएर हाँकेको गाडीले मोटरसाइकलमा ठक्कर दिएर किचेर गरिएपछि लाखौंलाख नेपाली जनताहरूले उनीमाथि कारवाहीको माग गर्दै हस्ताक्षर अभियानमा सहभागी भएको पनि जगजाहेर छ । यस्तो हुँदाहुँदै पनि पारस शाहलाई युवराज घोषित गर्नु, त्यो पनि दशैंजस्तो चाडपर्वको अवसर पारेर घोषणा गर्नु षड्यन्त्रमूलक देखिन्छ ।*

*पारस शाह थुप्रै पटक हतियारबन्द गुण्डागर्दीमा संलग्न र नागरिकहरूको हत्यारा नै हुन् भन्ने जनमानसमा स्थापित छँदाछँदै नेपालको युवराजाधिराज घोषित हुनु भनेको अत्यन्त विडम्बनापूर्ण कुरा हो । युवराज भनेको भविष्यको राजा हुने मान्छे हो । परन्तु एकजना भ्रष्ट र अपराधिक चरित्रको र हत्याराको आरोप लागेको मान्छे देशको भविष्यको राजा हुनु भनेको देश र जनताका लागि अत्यन्त दुर्भाग्यपूर्ण कुरा हो । योभन्दा विडम्बनापूर्ण कुरा अर्को हुनै सक्दैन । यसले नेपालको भविष्य र प्रजातन्त्रमै गंभीर असर पुऱ्याउन सक्ने खतरा छ । त्यसकारण उक्त घोषणा फिर्ता गरी, पारसलाई विगतका अपराधिक कामका निम्ति कानूनी सजायँ दिने जनताको माग पूरा गरिनु पर्दछ । अन्यथा भविष्यमा कुनै पनि बेला कुनै पनि दुर्घटना हुनसक्छ । यसप्रति आम जनताको ध्यान जानु जरूरी छ ।* ◉



# युवराजको नैतिकता र चरित्रबारे बहस गर्न पाउनुपर्छ

– नरहरि आचार्य, *केन्द्रीय सदस्य, नेपाली कांग्रेस*

***◆ विजयादशमीको मौका पारेर राजा ज्ञानेन्द्रबाट शाहज्यादा पारसलाई युवराज घोषणा गर्ने काम भयो । यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?***

– अहिलेको प्रचलित कानूनअनुसार सामान्यतया यो घोषणा वैधानिक रूपमा प्रक्रियाभन्दा बाहिरको विषय त होइन तर, जुन परिप्रेक्ष्य र पृष्ठभूमिमा यो घटना विकास भइराखेको छ, खासगरी जेष्ठ १९ गते भएको राजदरबार हत्याकाण्ड पछाडि विकसित भएका घटनाहरूले गर्दा यो काम अलि अपरिपक्व र अलि प्रक्रियाहरू पूरा नगरी भयो भन्ने मलाई लाग्छ । युवराजाधिराजको घोषणा भनेको राजगद्दीको उत्तराधिकारीको घोषणा हो । त्यसैले त्यस्तो महत्वपूर्ण घोषणा गर्नको लागि जे-जति पूर्वाधारहरू पूरा गर्नुपर्ने थियो, त्यसको उपेक्षा गरिएको हो कि भन्ने मलाई लाग्छ ।

***◆ ती पूर्वाधारहरू चाहिँ के के थिए त ?***

– यहाँ हामीकहाँ धेरै मानिसहरू कुनै काम गर्नको लागि रीत र परम्परालाई मान्नुपर्ने कुराहरू गर्छन् । यही रीत र परम्पराअनुसार नै पहिले युवराजको उमेर पुगेको उपलक्ष्यमा कार्यक्रम र समारोह गर्ने प्रचलन थियो । तर अहिले युवराजको घोषणा भिन्दै परिप्रेक्ष्यमा गर्नुपरेको स्थिति छ । किनभने जेठ १९ पछि एउटा समूच्च परिप्रेक्ष्य नै परिवर्तन भएको परिस्थिति छ । यस परिस्थितिमा अधिराजकुमार ज्ञानेन्द्र महाराजधिराज हुनुपरेको छ । र, त्यसपछाडि अधिराजकुमारको छोराका रूपमा शाहज्यादा पारसलाई युवराजधिराज घोषणा गर्ने काम गर्नुपरेको छ । तर, राजनैतिक रूपले पारस शाहको अघिल्लो क्रियाकलापको बारेमा धेरै कुराहरू जनताबाट उठिरहेका छन् । ती उठिरहेका कुरामा जनतालाई कुनै ठोस चित्तबुझ्दो आश्वासन र भरोसा नदिलाइकन अकस्मात युवराज घोषणा गर्दा यसले त्यति राम्रो ढंगबाट बाटो लिएन कि जस्तो मलाई लाग्छ ।

***◆ शाहज्यादा पारस शाहले कलाकार प्रवीण गुरुङलगायत अरू पनि केही व्यक्तिको हत्या गरेका छन् र होटेल तथा अन्य ठाउँहरूमा गुण्डागर्दी पनि गरेका छन् । प्रवीण गुरुङको हत्याको सम्बन्धमा त स्व. राजा वीरेन्द्रले त्यसको छानविन गर्न प्रधानमन्त्रीलाई आदेशसमेत दिनुभएको थियो । त्यसको छानविन अहिलेसम्म भएको छैन । अहिलेको स्थितिमा त्यसको छानविन हुनुपर्छ कि पर्दैन त ?***

– वास्तवमा युवराजको घोषणा अलि हतारमा भयो, उपयुक्त आश्वासन नदिईकन र उपयुक्त परिस्थिति निर्माण नगरी नै भयो भन्ने कुरा यी सबै कारणहरूले गर्दा नै भनिएको हो । मलाई के लाग्छ भने निश्चयनै यतिखेर वर्तमान महाराजधिराजको एउटामात्र छोरा भएकाले विद्यमान कानूनबाट राजगद्दीको उत्तराधिकारीको अर्को विकल्प त्यति सहज थिएन । तैपनि त्यस्तो परिस्थिति भएको अवस्थामा पारस शाहबारे उठेका सबै किसिमका प्रश्नहरू र त्यसबारेमा जनताको मनमा उठेको कुरालाई समेत ध्यानमा राखेर यो निर्णय गर्नुपर्थ्यो ।

किनभने नेपालमा जनताले राजालाई विश्वास गर्दै आएका छन् र विश्वास गर्छन् भनेर हामीले मानेका छौं । त्यही ढंगको विश्वास राजाले पनि जनतालाई गर्नुपर्छ । यस सम्बन्धमा राजाले जनतालाई अलि विश्वास गर्न डराएको हो कि ? जनतासमक्ष आफ्नो कुरा र परिस्थितिलाई खुला रूपमा राख्न अप्ठ्यारो मानेको हो कि भन्ने कुरा देखियो । प्रमुख राजनैतिक दलहरूले राजदरवारसम्बन्धी मामिलालाई पारदर्शी बनाउँदै लैजानु पर्‍यो, राजदरवारका गतिविधिहरू पारदर्शी हुनुपर्‍यो, त्यो बढी लोकतान्त्रिक हुनुपर्‍यो भन्ने कुरा उठाइरहेका छन् । यही परिप्रेक्ष्यमा राजाले दीर्घकालीन रूपमा नै सोच्ने, विचार गर्ने सन्दर्भमा नै यो विषय उठेको हो । खासगरी राजगद्दी उत्तराधिकारीसम्बन्धी कानूनलाई संशोधन गर्नुपर्ने स्थिति त जेठ १९ गतेको घटनाले पैदा गरिसकेको थियो । १९ गतेको घटनामा तत्कालीन युवराज दीपेन्द्रबाट नै राजपरिवारका सदस्यहरूको हत्या भएको कुरा समाचारमा आएको थियो । र, पछि त्यस घटनाको छानविन गर्न गठन भएको कमिटीले पनि उनलाई नै दोषी ठहर्‍यायो । त्यसरी घटनाको दोषी दीपेन्द्रलाई मान्दा मान्दै पनि उनैलाई महाराजधिराजको घोषणा गर्नुपर्‍यो । पहिले भए महाराजधिराजको गाथगद्दी ताकेको मात्रै अवस्थामा पनि सामान्य जनताको ज्यान सजायँ नै हुने व्यवस्था थियो । अहिले त्यस कानूनमा संशोधन गरेर जन्मकैदको सजायँको व्यवस्था गरिएको छ । यसरी साधारण जनताले गाथगद्दी ताक्ने सन्दर्भमा उनीहरूलाई जन्मकैदको सजायँ दिने कानून छ, तर गाथगद्दी ताक्ने काममा संलग्न भईकन श्री ५ महाराजधिराज, बडामहारानीलगायत राजपरिवारका सदस्यहरूको हत्यासमेत गरेको आरोप लागिसकेको अवस्थामासमेत उनै व्यक्तिलाई महाराजधिराज घोषणा गर्नुपर्ने राजगद्दी उत्तराधिकारसम्बन्धी कानून रहेछ । त्यसैले यो कानूनमा गम्भीर किसिमको त्रुटी छ । र, राजसंस्थाकै निरन्तरता र भविष्यको लागि पनि यो कानून गम्भीर रूपले त्रुटीपूर्ण छ भन्ने कुरा देखिएको छ । त्यस्तो अवस्थामा त्यो कानूनको



**वर्तमान महाराजधिराजको एउटामात्र छोरा भएकाले विद्यमान कानूनबाट राजगद्दीको उत्तराधिकारीको अर्को विकल्प त्यति सहज थिएन । तैपनि...**

जनतालाई विश्वास गर्न नसकेको जस्तो र जनतालाई छलेर युवराज घोषणा गरेको हो कि जस्तो यो घटनाले देखाएको छ ।

वास्तवमा योभन्दा राम्रो अर्को विकल्प थियो भनेर भन्ने कुरा हामीसँग थिएन । तर पनि यसमा केही थप विचार पुर्‍याउनुपर्थ्यो । अधिराजकुमार ज्ञानेन्द्र राजगद्दीमा बसेको दिनमै पनि युवराज घोषणा गर्न सकिन्थ्यो, त्यो दिन गरिएन । जसरी त्यो दिनमा युवराज घोषणा गरिएन, त्यसरी नै अहिले पनि युवराज घोषणा नगरिकन उनको बारेमा उठेका सबै प्रश्नहरूको चित्तबुझ्दो किसिमले उत्तर दिइसकेर मात्र यो कामको निर्णय गर्न सकेको भए उपयुक्त हुने थियो । त्यसैले यो काम हतारमा भयो र उपयुक्त ढंगबाट भएन भन्ने लागेको हो ।

***◆ राजदरवारको पारदर्शिता र उत्तराधिकारी सम्बन्धमा संसदले नै कानून बनाउनुपर्ने कुरा तपाईंले उठाइरहनुभएको छ । अहिले युवराज घोषित गरिसकिएको सन्दर्भमा यो माग के हुन्छ त ?***

– यो वास्तवमा युवराजधिराजको घोषणाले मात्र टुंगिने माग यो होइन ।

संशोधन र परिमार्जन त आवश्यक नै छ ।

तर, यो कानूनको संशोधन र परिमार्जन गर्ने जिम्मेवारी जनता र जनताका प्रतिनिधिहरूले नै लिनुपर्छ भन्ने मेरो भनाइ हो । यो कानूनको संशोधन गर्ने जिम्मा लिनुपर्ने कारण के हो भने जनता र जनप्रतिनिधिको बीचमा श्री ५ महाराजधिराजले कहिल्यै पनि असुरक्षा र अप्ठ्यारो अनुभव गर्नु परेन र भएन पनि । तर श्री ५ आफ्नै सुरक्षा प्रणालीभित्र आफ्नै दरवारभित्र, आफ्नै परिवारभित्र रहँदा त्यत्रो गम्भीर प्रकृतिको घटना भयो । त्यसैले अब उत्तराधिकारीसम्बन्धी कानून संसदले नै बनाउनुपर्छ भन्ने ठहर मैले गरेको हुँ । त्यो भनाइको सान्दर्भिकता यो घोषणाले समाप्त भएको छैन भन्छु म । यो सान्दर्भिकताले अहिले पनि उत्तिकै महत्व राख्छ र अब आउने दिनमा त्यसले अझ बढी महत्व राख्छ ।

◆ *विजयादशमीको उपलक्ष्यमा राजा ज्ञानेन्द्रले देशवासीको नाममा दिनुभएको सन्देशमा सबै राजनैतिक पार्टीहरू नैतिकवान हुनुपर्छ भन्नुभएको छ । यदि देशका पार्टीहरू नैतिकवान हुनुपर्छ भने सिंगो देशको राजगद्दीको उत्तराधिकारी हुने युवराजचाहिँ नैतिकवान हुनुपर्छ कि पर्दैन ?*

– यो कुरा गम्भीर छ । वास्तवमा राजनैतिक पार्टीहरू त हरेक पाँच वर्षमा आफ्नो नैतिकता, कार्यक्षमता र सम्पूर्ण कुराको लागि जनतासामु गएर परीक्षामा उत्रनु पर्ने संस्था हुन् । यसरी हरेक ५/५ वर्षमा परीक्षण गर्न पाउने, त्यसको आकार बढाउन र घटाउन पाउने तथा फेरिरहन पाउने संस्थालाई त हामी टीका-टिप्पणी गर्छौं, आलोचना गर्छौं भने राजगद्दीको उत्तराधिकारी भनेको त एकपटक राखेपछि जन्मभर रहिरहने संस्था हो । त्यस्तो व्यक्तिको नैतिकता, चरित्र र व्यवहारबारे जनताले चिन्ता गर्न पाउने कि नपाउने त ? मलाई लाग्छ– यस विषयमा

त संस्थापना भयो, तर संविधान अपेक्षित मात्रामा राजदरवारको मामलामा पारदर्शी हुनसकेन । त्यतिबेला तत्कालीन युवराजधिराजमाथि नै लागु औषध सेवनको दुर्व्यसनमा फँसेको गम्भीर आरोप लाग्यो । यदि त्यतिबेला नै राजदरवारभित्रको मामलामा पारदर्शिता अपनाइएको भए जनताले समयमै युवराजको आलोचना गर्थे र युवराजले पनि आफूलाई समयमै सच्याउन पाउँथे ।

त्यसैले राजदरवारको मामलामा अपारदर्शिता अपनाएर हामीले नेपाल, नेपाली जनताको मात्र नभएर स्वयं राजसंस्थाको पनि हित गरिरहेका छैनौं । म एकजना नेपाली कांग्रेसको सदस्यको नाताले राजसंस्था संवैधानिक रूपमा विकसित हुनुपर्छ भन्ने मेरो मान्यता छ । त्यो मान्यताको आधारमा पनि दरवारभित्रका सबै मामलाहरू पारदर्शी हुनुपर्छ र खुल्ला हुनुपर्छ । यदि त्यो पारदर्शी भएन र जनताको नजरबाट बाहिर रह्यो भने झन् ठूलो दुर्घटनालाई निम्त्याउँदो रहेछ भन्ने कुरा यसबीचमा प्रष्टै देखियो ।

◆ *केही जनता, राजनैतिक पार्टीहरू र संघ-संस्थाहरू यो घोषणा फिर्ता गर्नुपर्छ भन्ने आवाज पनि उठाइरहेका छन् । के यो घोषणा फिर्ता हुनसक्छ ?*

– व्यावहारिक रूपमा यो घोषणाको फिर्ता त्यत्ति सम्भव छैन । तर, शाहज्यादा पारस शाहले विगतमा गरेका गतिविधिहरू उचित थिएनन्, आगामी दिनहरूमा त्यस्ता गतिविधिहरू दोहऱ्याउने छैनन्, आफ्ना व्यवहार र चरित्रमा सुधार गरिन्छ र आफ्नो नैतिकतालाई अभिवृद्धि गरिन्छ भन्ने कुराको जिम्मेवारी श्री ५ महाराजधिराजबाट लिनुपर्छ । प्रक्रिया पूरा नगरी हतार हतारमा युवराज घोषणा भएकोले नै कतिपय मानिसहरूले युवराजको घोषणा जनतालाई छलेर गरेको अनुभव गरे । तर युवराज घोषणा गर्ने काम भइसकेको छ ।

**राजगद्दीको उत्तराधिकारीको व्यवहारबारे जनताले चिन्ता गर्न पाउने कि नपाउने त ?**



*दरवार घेरहेको विद्यार्थी समूह*

पनि जनताले चिन्ता गर्न, छलफल गर्न र बहस गर्न पाउनुपर्छ । त्यसैले विद्यमान संविधानमा महाराजधिराज, बडामहारानी र युवराजधिराजको चरित्रबारे छलफल गर्न नपाइने भन्ने कुरा उल्लेख भएकोमा पहिलो चरणमा अहिले राजगद्दीको उत्तराधिकारीको चरित्रबारे संसदमा छलफल गर्न पाउने व्यवस्था हुनुपर्छ भन्ने कुरा मैले राखेको हुँ ।

२०४६ सालमा संवैधानिक राजतन्त्रको

यस अवस्थामा म अझ के भन्छु भने यो एउटै घटनामा मात्र सीमित नभएर आगामी दिनहरूमा पनि एउटा नयाँ प्रक्रिया बसोस् । त्यसैले राजगद्दी उत्तराधिकारीसम्बन्धी कानून संसदबाटै बनाउने अग्रसरता श्री ५ बाट लिनुपर्छ । श्री ५ बाट यो अग्रसरता लिंदा नै सबै कुराहरू एउटा उपयुक्त बाटोमा हिड्छन् भन्ने मलाई लाग्छ । ❑

*प्रस्तुति : मुक्ता श्रेष्ठ*

# आफ्नै हितका निम्ति पनि राजाले यो कार्य ठीक गरेनन्



**– लीलामणि पोखरेल –**

महासचिव, संयुक्त जनमोर्चा, नेपाल

◆ *दशैंको बेला पारेर विभिन्न हत्याको अभियोग लागेका शाहज्यादा पारस शाहलाई राजा ज्ञानेन्द्रबाट युवराज घोषित गरिएको छ । तपाईंको विचारमा यस घटनाले नेपाली जनताको भविष्यमा के-कस्तो असर पार्ला र यसबारे सचेत नेपाली जनताको के कस्तो प्रतिक्रिया हुनु जरूरी छ ?*

–वर्तमान राजा ज्ञानेन्द्रका हाल युवराज घोषित छोरा पारसको विगत सामाजिक अपराधपूर्ण छ भन्ने कुरामा कुनै विवाद छैन । संगीतकार प्रवीण गुरूङको हत्याभन्दा अगाडि पनि उनीबाट भएका असामाजिक क्रियाकलाप र उनको उद्दण्डता कथित राजतन्त्रका हिमायतीहरूका लागि पनि लाजको विषय बनेको थियो । त्यस्तो मान्छे कुनै पनि सम्मानित स्थानमा बस्नु हुँदैन र अपराधवापत दण्ड पाउनु पर्दछ ।

संसदको अठारौं अधिवेशन चलिरहेको बेला प्रवीण गुरूङको हत्या भएकोमा पारस शाहमाथि कारवाही हुनुपर्छ र शाहज्यादा पदवी खोसिनुपर्छ भनी संसदमा उपस्थित सत्तापक्ष र प्रतिपक्षका सबै राजनैतिक दलले माग गरेको जगजाहेर छ । संसदबाहिरबाट कारवाहीका निम्ति राजदरवारमा ५ लाख जनताको हस्ताक्षर बुझाएको तथा नागरिक समाज, मानवअधिकारवादी संस्था र अन्य सबै राजनैतिक पार्टीले समेत त्यस प्रकारको अपराधको निन्दा गर्दै कारवाहीको माग गरेका थिए ।

वर्तमान राजाले तीनवटा कुरालाई बारंबार दोहोऱ्याउने गरेका देखिन्छन् ।

क) लोक सम्मति अनुकूल कार्य गर्ने राज-परंपरा

ख) देशको सर्वोपरि हितका निम्ति लागिपर्ने प्रतिबद्धता

ग) संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको मर्यादा कायम राख्ने र संविधानको अक्षरसः पालन गर्ने

तर युवराज घोषणा गर्ने कार्य माथिका सबै कुराको विपरित भएको छ । सिंगो संसद, राजनैतिक पार्टीहरू, नागरिक समाज, सामाजिक संस्था सबैले अपराधी व्यक्तिलाई छोराको नाममा युवराज पदवीले सम्मान गर्नु जनता, संसद, संविधान र मर्यादाको उलंघन हो । त्यो पनि जनताले दशैं चाड मनाइरहेको अवसरमा पृथ्वी नारायण शाहले इन्द्रजात्राको अवसरमा काठमाण्डौमा आक्रमण गरेजसरी । इतिहास सधैं अन्धो हुँदैन, सचेत नागरिकले बेठीकको विरूद्ध ठीक स्थापित गर्न लाग्नैपर्छ । आफ्नै हितका निम्ति पनि राजाले यो कार्य ठीक गरेनन् । यसमा षडयन्त्रको प्रष्ट आभाष छ । ❑

# यस्तो निर्णयले स्वयं राजसंस्थालाई पनि फाइदा गर्दैन



- डा. मथुराप्रसाद श्रेष्ठ -

***+ विजयादशमीको दिन पारेर शाहज्यादा पारसलाई युवराजधिराज घोषणा गरियो । यसमा तपाईंको के प्रतिक्रिया छ ?***

- यो अत्यन्त दूर्भाग्यपूर्ण घटना हो । यस्तो किसिमको निर्णयले के बताउँछ भने पंचायतकालमा जस्तो अहिले पनि राजाले जनताको ईच्छा र आकांक्षालाई खाल्डोमा हाल्ने अभ्यास थालेका छन् । आफ्नो शक्ति र परम्पराको आडमा प्रजातन्त्रलाई नै खाल्डोमा हालेर राज्य गर्छु भन्ने खालको एउटा अत्यन्तै नराम्रो, कसैलाई फाइदा नगर्ने नियतले निर्णय भएको छ- यो निर्णय । यस्तो निर्णयले स्वयं राजसंस्थालाई पनि फाइदा गर्दैन । यस्ता निर्णयहरूले गर्दा नै राजसंस्था विवादमा पर्दै आएको हो । यस्ता निर्णयहरू गर्दै जाने हो भने राजतन्त्र आफैं नै चिहानमा पुरिनु पर्नेछ । नेपाली जनताको निम्ति राजनन्त्र चाहिन्छ कि चाहिँदैन भन्ने ठूलो प्रश्नचिन्ह खडा भएको अहिलेको बेलामा यस्तो निर्णय हुनु अत्यन्तै दूर्भाग्यको कुरा हो ।

***+ राजतन्त्रको परम्परा र ऐतिहासिक सन्दर्भमा यो निर्णय स्वभाविकै हो भन्न सकिँदैन र ?***

- वास्तवमा यो नेपाल भन्ने ठाउँको ऐतिहासिकता बेग्लै छ । एसिया महादेशका पर्वतीय क्षेत्रहरू आसाम, मेघालय, अरूणाचल प्रदेश, कुमाउ, गढवाल र नेपाल सबै ठाउँमा परापूर्व कालदेखि नै जनताको महत्व ज्यादै बढी रहँदै आएको छ । त्यतिबेला जनतालाई नाग भन्ने चलन थियो । नाग भन्ने शब्दको चारवटा अर्थ हुन्छ । एउटा अर्थ हो- जनता । दोस्रो अर्थ पहाड र तेस्रो अर्थ हात्ती हुन्छ । अनि भारतीय संस्कृति अथवा आर्यहरूको संस्कृतिमा चाहिं सर्पलाई नाग भनिन्छ । वास्तवमा पहिला पहिला राजाहरू गणपदहरूबाट चुनिन्थे । जनताहरूको समूहलाई गणपद भनिन्थ्यो । त्यही गणपदका सदस्यहरू मिलेर राजा चुन्थे । विशेषगरी बुद्धकाल र त्यसपछि पनि धेरै समयसम्म यो प्रथा प्रचलनमा थियो । पछि गएर लिच्छवीकालमा पनि सधैं राजाको छोरा नै राजा हुनुपर्छ भन्ने थिएन । एउटा साधारण उदाहरण हेरौं । शिवदेवको पालामा अंशुवर्मा राजा भए । अंशुवर्मा लिच्छवी थिएनन् । अंशुवर्मापछि पनि कहिले ठकुरी राजा हुन्थे भने कहिले बैंसठकुरी अर्थात् नुवाकोटतिरका बौद्धमार्गी ठकुरी राजा हुन्थे । जसले राज्य चलाउन सक्थ्यो र जसको हातमा बढी भारदारहरू हुन्थे, त्यही राजा हुन्थ्यो । मल्लकालमा पनि अरि मल्ल भन्ने राजा भारदारहरूले चुनेका थिए । त्यसपछि रूद्रदेव मल्ल, राजल्लदेवी भन्ने महिला पनि राजगद्दीमा बसेका थिए । त्यस्तै, त्यतिबेला पनि जयस्थिति मल्लजस्ता राजा वंशगत रूपमा आएका थिएनन् । जयस्थिति मल्ल जुम्लाबाट आएका राजा थिए । पछि राजा भएकी राजल्लदेवीले आफ्नी छोरीलाई भक्तपुरमा राज्य चलाउने तालीममा राखेपछि राजा बनाइन् । यसबाट पनि के देखिन्छ भने त्यतिबेला पनि राजाको छोरा नै राजा हुनुपर्छ भन्ने थिएन । शाहवंशमै पनि रणबहादुर शाहको पालामा माहिली महारानीतिरका जेठा छोरा रणद्विप शाह राजा हुनुपर्नेमा त्यसो नगरेर एउटी विधवा बाहुनीतिरबाट जन्मेका गिर्वाणयुद्धलाई युवराज बनाइएको थियो । यसरी हाम्रो इतिहासमा पनि राजाकै छोरोलाई युवराज नबनाएर भतिजा अथवा अरू नै योग्य व्यक्तिलाई युवराज बनाएर शासन गरिएको थुप्रै उदाहरण छ । यहाँसम्म कि मल्लकालमा त जुम्लाबाट भिकाएर युवराज र त्यसपछि राजा बनाइएको उदाहरण पाइन्छ । यस्तो परम्परा भएको मुलुकमा पंचायतीकालका राजाले जस्तो जे पायो उही गर्ने नियम बनाएर त्यहीअनुसार जनताको बीचमा हत्यारा हो कि होइन भन्ने प्रश्न उठेको व्यक्तिलाई युवराज घोषणा गर्नु सर्वथा अनुपयुक्त छ ।

***+ यस्तो अनुपयुक्त काम फेरि हुन नदिन के उपाय गर्न सकिन्छ त ?***

- जनताको ईच्छा र आकांक्षालाई बेवास्ता गरेर राजाले यस्तो निर्णय गरेको हुनाले स्वयं राजालाई नियमित गर्न र यदि राजसंस्था रहने हो भने यसलाई पूर्णतया पारदर्शी राख्नुपर्दछ र पूर्णतया प्रजातान्त्रिक गर्नुपर्दछ । राजाले कर्ताको रूपमा बस्न पाउनु हुँदैन । राजसंस्थालाई पूर्णतया संसदको घेराभित्र राख्नुपर्दछ । राजाले गल्ती गर्दैनन् भन्नु नै उनले केही गर्न नपाउनु हो । केही नगर्नु नै अहिले राजाको धर्म हो । तसर्थ राजसंस्थालाई नियमित गर्न जनताले चुनेका प्रतिनिधिहरू रहेको संसदले नियम कानून बनाउनु पर्दछ । कुन अवस्थामा कसरी राजा चुन्ने भन्ने सम्पूर्ण काम पनि संसदले नै गर्नुपर्दछ ।

***+ यसबेला राजनीतिक पार्टीहरूको दायित्व के हुनुपर्दछ त ?***

- दशैंको मौका छोपेर युवराज घोषणा गर्नु एकदमै लज्जास्पद कुरा हो । यो कायरतापूर्ण कुरा पनि हो । श्री ५ ज्ञानेन्द्रमा यदि हुति थियो भने कि त आफू राजा बन्ने बित्तिकै युवराजको पनि घोषणा गरिहाल्न सक्नुपर्थ्यो । तर त्यसो गर्न नसकेपछि एक वर्षसम्म बरखी बार्ने हाम्रो हिन्दू चलनअनुसार राष्ट्रले बरखी बारेको बेलामा हाम्रो हिन्दू संस्कारलाई समेत अवज्ञा गरेर यति ठूलो निर्णय गर्नु वास्तवमा दुर्भाग्यपूर्ण नै हो । दोस्रो कुरा, हाम्रा राजनीतिक पार्टीहरूले संविधानको मर्मलाई पन्छाएर खाली संविधानको अक्षरलाई मात्रै अगाडि राखेर कि चूप बसेका छन्, कि अप्रत्यक्ष किसिमले विरोध गरेका छन् कि प्रत्यक्ष समर्थन गरेका छन् । गिरिजाप्रसाद कोइरालादेखि लिएर वामदेव गौतमले समेत जसरी यस कदमको प्रत्यक्ष समर्थन गरे, त्यो पनि अर्को अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो । एमालेले पनि सोझो विरोध गरेन । त्यो पनि ठीक भएन । यसरी नेपालका राजनीतिक पार्टीहरू पनि जनताबाट टाढा हुँदै गएका र परम्परागत भएका जस्तो लाग्यो । यसले मुलुकलाई फाइदा गर्दैन । ❑

# विरोध हुनु स्वाभाविक छ



- खगेन्द्र संग्रौला -

*वाम बुद्धिजीवी तथा वरिष्ठ प्रगतिशील लेखक*

पारसको जीवन र पारसको क्रियाकलाप दुईवटा हत्यासँग प्रत्यक्ष रूपमा गाँसिएको छ । कुटपिट र गुण्डागर्दीका असंख्य घटनाहरू छन् । युवराज भनेको नेपालको भावी राजा हो र त्यो भनेको राष्ट्रको सम्मानको, गरिमाको र परिणामको प्रतिक हो । राष्ट्रको त्यस्तो प्रतिकको रूपमा रहेको व्यक्तिको चरित्रमा सम्बन्धित भएका अपराधिक जुन घटनाहरू छन्, त्यसबाट सामान्य नागरिकमा एउटा विपरीत प्रतिक्रिया उत्पन्न हुनु, विपरीत अनुभूति पैदाहुनु सामान्य कुरा हो । यसको पृष्ठभूमिमा नेपालका संसदीय ठूला दलहरू एमाले र कांग्रेसको भूमिका निर्णायक छ । पहिलो, यो राजदरवार उत्तराधिकारीको आचरण पारदर्शी हुनुपर्छ भन्ने प्रश्न बौद्धिकहरूले उठाएका छन् । तर त्यसलाई नेपाली कांग्रेस र एमालेले गम्भीर रूपमा उठाउने, अगाडि लैजाने र कार्यान्वयन गर्ने पक्षमा कुनै पनि प्रयास गरेनन् । दोस्रो, सिंगो नेपाली समाज सैन्यकरण भैरहेको छ । नेपाली राजनीतिमा निरंकुशता बढिरहेको छ, त्यसको अभिव्यक्ति पनि हो यो । एउटा आश्चर्यको कुरा के हो भने- महाराजले आफ्नो छोरोलाई युवराज घोषित गर्दा कमसेकम पारस शाहले अतितमा गरेका अपराधिक घटनाका निम्ति नेपाली जनतासंग क्षमायाचना गर्नुपर्दथ्यो । त्यति पनि हुन नसक्नु धेरै अशोभनीय कुरा हो । यी विभिन्न कुराहरूले गर्दा विरोध हुनु स्वाभाविक छ ।... ❑

*साभार: 'जनएकता' साप्ताहिक २०५८, कार्तिक २०*

# गणतन्त्रको नारा सान्दर्भिक भएको पुष्टि

**- पद्म खड्का**

*संयोजक, प्रगतिशील बुद्धिजीवी संगठन, नेपाल*

...अहिले अगाडि आइरहेको संविधानसभाको लागि चुनाव गराउने, संविधानसभाको चुनावको लागि अन्तरिम सरकारको गठन गर्ने र संविधानसभाले गणतन्त्रको पक्षमा संविधान बनाउने नारा सान्दर्भिक, समयसापेक्ष र यथार्थवादी रहेछ भन्ने कुरा युवराजको घोषणाले पुष्टि गरेको छ । नेपालको राजतन्त्र जनताप्रति उत्तरदायी नरहेको, लोकसम्मतिअनुसार नचल्ने र गैरजिम्मेवार भएको तथ्यले गणतन्त्रको मागलाई थप स्वीकृति प्रदान गरेको छ । राजतन्त्रलाई मान्ने पक्षले समेत (जस्तो- नरहरि आचार्यजीहरू) उत्तराधिकारीसम्बन्धी ऐन संसदमा छलफल गरिनुपर्छ, जसले भोलि बन्ने राजा वा उत्तराधिकारीहरू देशप्रति जिम्मेवार, उत्तरदायी र पारदर्शी हुनुपर्छ भन्ने खालको माग गरिरहेका सन्दर्भमा भएको यो घोषणाबाट आमजनता गणतन्त्रको पक्षमा हुनु स्वाभाविक छ भन्ने नै देखिन्छ ।

राजाले जुन समय पारेर यो घोषणा गरेका छन्, त्यसले अहिलेको राजसंस्थालाई जनताले विश्वास गर्दैनन् भन्ने कुरालाई प्रष्टयाएको छ । स्वयं राजाले त्यो कुरालाई स्वीकारेको हो भनेर बुझ्न सकिन्छ । ❑

# यस्तो संविधानलाई फेर्नु जरुरी हुन्छ

**- रमेश शर्मा**

*अध्यक्ष, नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन*

...राजा, राजसंस्था, सरकार वा राष्ट्रपति भनेका आदर्श व्यक्तिको रूपमा रहनुपर्छ । जसलाई हेरेर आमजनताले 'यस्तो गर्नुपर्ने रैछ है' भनेर उनीहरूले गरेका क्रियाकलापहरू पछ्याउँछन् । त्यस्ता व्यक्तिहरू नै अनुशासन नभएको, अनैतिक, खराब र पतित हुन्छन् भने सम्पूर्ण जनता नै अनुशासनहीन हुने परम्परा बस्न जान्छ । त्यसकारण त्यस्तो व्यक्तिलाई स्वीकार गर्न त जनता तयार हुँदैनन् । संविधानको कारणले पनि यो त्रुटी सिर्जना भएको हो । यस्तो संविधानलाई फेर्नु जरूरी हुन्छ ।

सैद्धान्तिक रूपमा हामीले भन्दै आएको कुरा के हो भने कुनै पनि व्यक्ति जन्मिदै राजा हुन सक्छ कि सक्दैन ? आजको वैज्ञानिक युगमा राज्य, सरकार हुनको लागि कतिपय योग्यता र क्षमता चाहिन्छ । 'जनताले मान्नुपर्छ' भनेर सोह्रौं शताब्दीको प्रवृत्ति लाद्ने कुरालाई कुनै पनि मार्क्सवादको विद्यार्थीले स्वीकार्न सक्दैसक्दैन । ❑

*साभार: 'जनएकता' साप्ताहिक २०५८, कार्तिक २०*

# युवराजको घोषणाबाट जनताको ठूलो अपमान भएको छ



रविन्द्र अधिकारी
अध्यक्ष अनेरास्ववियू

राजा ज्ञानेन्द्रले यही कार्तिक १० गते विजया दशमीको दिन पारेर पारस शाहलाई युवराज घोषणा गरेका छन् । यसले सार्वभौम सत्ता सम्पन्न जनताको ठूलो अपमान भएको छ र कानूनी राज्यको खिल्ली उडाएको छ । निश्चितै रुपमा वर्तमान नियम कानूनले राजा ज्ञानेन्द्रलाई युवराज घोषणा गर्ने अधिकार दिएको छ । तर अधिकार छ भन्दैमा जनताको भावना विपरीत घोषणा गर्नु अधिकारको दुरुपयोग हो । युवराज भनेको भावी राजा हो, राष्ट्राध्यक्ष हो । भावी राजाको आचरणका सम्बन्धमा यति धेरै प्रश्नहरु उठेका छन्, तिनको छिनोफानो नगरी युवराज घोषणा गर्नु उपयुक्त हुन्छ ?

पारस शाहमाथि लोकप्रिय गायक प्रवीण गुरुङको हत्याको अभियोग लागेको छ । भोलि हुने राजालाई लागेको यो अभियोगमा सफाई पाउनु पर्दैन ? यदि अभियोग साँचो हो भने कार्वाहीको भागीदार बन्नु पर्दथ्यो । अहिले त विगतमा गरिएका हत्या र अराजकतापूर्ण क्रियाकलापप्रति क्षमायाचना पनि नगरी युवराज घोषणा गरिएको छ । यस घटनाले नेपालको राजतन्त्रले आफूलाई कुनै पनि सुधार नगर्ने बताउँछ, जुन अत्यन्त अप्रजातान्त्रिक सोचाई हो ।

जतिबेला बडामहारानी घोषणा गरियो, त्यतिबेला युवराज किन घोषणा गरिएन ? यदि जनभावना बुझेर नगरिएको हो भने यतिबेला जनभावना सकारात्मक थियो त ? यदि जनभावना सकारात्मक भएको भए त बिदाको समय, सबै घर बसेर दशैं मनाइरहेको, संचार माध्यमहरु अधिकांश निस्क्रिय रहेको बेला पारेर युवराज घोषणा गर्नु पर्दैनथ्यो । केवल २-४ जना आफूलाई राजावादी भनाउँदाहरुको सल्लाहमा राजाले यो घोषणा गरेका हुन् भने यो फेरि अर्को दुर्भाग्य हो भन्ने हामीलाई लागेको छ । हामीले पारस व्यक्तिको होइन, प्रवृत्तिको विरोध गरेका हौं । त्यसकारण अपराधी जहाँ बसोस्, ऊ कार्वाहीको भागीदार बन्नुपर्दछ । त्यसकारण पारस शाहले आफ्नो विगतप्रति पश्चाताप नगरी उनलाई युवराज बनाउनु भनेको अपराधलाई प्रश्रय दिनु हो ।

यो विषयलाई अगाडि बढाउन विभिन्न राजनैतिक शक्ति, नागरिक समाजसँग हामी अन्तरक्रिया र छलफल गरी नेपाली जनतासँगै मिलेर आन्दोलित हुनेछौं । अब हाम्रो मूल मुद्दा भनेको संविधान संशोधन, राजगद्दी उत्तराधिकारी नियम बनाउने कुरामा संशोधन, दरबारलाई पारदर्शी बनाउने र प्रजातन्त्रीकरण गर्ने विषय नै हुन् । अब पनि राजतन्त्र वा कुनै पनि संस्थाले आफूलाई प्रजातन्त्रीकरण गर्दैन भने यसको विनास अनिवार्य छ । यिनै विषयलाई लिएर हामी जनपरिचालनको माध्यमबाट आन्दोलनलाई अगाडि बढाउने छौं । ❑


## एक पटक यतापनि ध्यान दिनुहोस् ।

बलियो, भरपर्दो सुप्रतिष्ठित कम्पनीबाट उत्पादित विभिन्न हर्स पावरका इलेक्ट्रिक मोटरहरु सुपथ मुल्यमा बिक्री भैरहेका छन् । तपाई पनि छिट्टै खरीद गरी लाभ उठाउनु होस् ।

सिंगल फेज १४४० आर.पि.एम.
अश्वशक्ति १/२ देखि ५ हर्स पावरसम्म

थ्रि फेज १४४० आर.पि.एम.
अश्वशक्ति १ देखि ३० हर्स पावरसम्म

थ्रि फेज ९६० आर.पि.एम.
अश्वशक्ति १ देखि ७५ हर्स पावरसम्म

थोक खरीदकर्ता एवं बिक्रेताहरुलाई विशेष छुट भएको ।

सम्पर्क

**नेशनल ट्रेडिंग लिमिटेड**

रामशाहपथ, फोन : २२८८२९

विराटनगर, २२६३६, बीरगंज, २२२२५ भैरहवा, २०१७८ नेपालगंज, २०२४२ धनगढी २११०८

२०५८ सालको बडादशैंले सबैलाई शक्ति र क्रियाशीलता प्रदान गरोस्, दुर्गा भवानीले सबै नेपालीको रक्षा गरुन् । साथै लक्ष्मीले सबैको घरमा बास गरुन् । सबै नेपालीमा संविधान दिवस समेतको **शुभ-कामना !**

अहिले,

◆ किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ । ◆ बैंक र किसानबीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ । ◆ बैंकिंग कार्यालयहरुमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ । ◆ ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यान्वयन गरिएको छ । ◆ बैंकले २०५३ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन कृषि विकास बैंकका कार्यहरुमा सहभागी होऔं ।

**कृषि विकास बैंक**

मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौं
फोन : २६२८८५, २६२५९६, फ्याक्स : २६२६१६, २६२९२९
E-mail : agrbnk@infoclub.com.np, Web Site : www.adbn.gov.np

# युवराजको घोषणा : मूल्यहरूमाथिको बलात्कार



◆ नारायण ढकाल ◆

**भलो हुँदैन त्यो देशको**
**जहाँ चाटुकारहरूलाई**
**सिँहासनको नजिक रहने अवसर दिइन्छ**
**र अलौकिक शक्तिले सम्पन्न गायकले भने**
**आँखा झुकाएर**
**चूप रहन बाध्य हुनुपर्छ**
*– महाकवि पुश्किन*

विगतमा विभिन्न अपराधिक गतिविधिमा मुछिएका शाहज्यादा पारस शाहलाई युवराज घोषणा गरेपछि अहिले सिंगो राष्ट्रको मनोविज्ञान महाकवि पुश्किनले भनेझैं भएको छ । सिंहासन नजिक रहेका चाटुकारहरू बेतुकका तर्कहरूको भऱ्याङ चढेर यो कर्मलाई जायज बनाउन कसरत गरिरहेका छन् र अलौकिक शक्तिका हाम्रा गायकहरू चाहिँ आँखा झुकाएर चूपचाप बसेका छन् ।

दशैंको अवसर पारेर यो काम सम्पन्न गरियो । अधिकांश नेपालीहरू चाडबाडको औपचारिकतामा व्यस्त भएको यो समय नै किन रोजियो ?

एक वर्ष पनि नाघेको छैन- शाहज्यादा पारस शाहका कामहरू विवादमा मुछिएको घटना घटेको । ती तमाम परिस्थितिहरूले उत्तर नपाउँदै हतार हतारमा यो घोषणा गरियो, किन ? के भविष्यमा हुने राजाका निम्ति कुनै नैतिक योग्यता चाहिँदैन र यस्तो गरियो ? के राजसंस्था भनेको कुनै गरिमामय संस्था नभई वासना, अपराध र अवाञ्छित कामनाहरूको कोलाहलमात्र हो ?

प्रश्नहरू थुप्रै छन् । तर उत्तरहरू पनि निकै जोखिममा परेका छन् ।

यस विषयलाई लिएर आफूलाई खाँट्टी संवैधानिक राजतन्त्रवादी भन्नेहरू चाहिँ सबभन्दा बढी अन्यौलमा परेका देखिन्छन् । तीमध्ये कसैकसैले प्रश्न गरेको पनि सुनियो । उनीहरूको प्रश्न थियो- "राजतन्त्रमा युवराजाधिराज घोषणा हुनु के नौलो कुरो भयो र ? विरोध गर्नेले बरू सोझै गणतन्त्र माग्नु नि ?"

उनीहरूले किन यस्तो तर्क गरे होलान् - यो कुरा मैले अझैसम्म पनि बुझ्न सकेको छैन । तर यस्तो तर्क गर्नेहरू दीर्घराज प्रसाई वा नरेन्द्रराज प्रसाईंहरू भने पक्कै होइनन् । प्रसाई बन्धुहरू त यो मामिलामा आफ्नो तर्फबाट एकदमै प्रष्ट छन् । राजाको सक्रिय नेतृत्व उनीहरूको हाक्काहाकी माग हो । तर प्रजातान्त्रिक आन्दोलनको रथ चढेर आएका, २०४६ को जनआन्दोलनको आदेश र मर्मका पहरेदार भएका, राजा र राजसंस्थालाई संवैधानिक गरिमाको ठाउँमा राख्नुपर्छ भन्नेहरूको बुद्धि पनि किन यसरी भुटिएको ?

अहिले हाम्रो मुलुकमा भएको राजगद्दी कानूनमुताविक युवराजाधिराजको घोषणा एउटा कोणबाट ठीकैजस्तो पनि देखिएला । अथवा 'यो राजाको काम हो, अरूले किन टाउको दुखाउने' भन्ने तर्कहरू जायजै पो हुन् कि भने जस्तो पनि होला । तर यी कुराहरू सतहमा समेत पनि ठीक छैनन् । उता गहिराइमा त यथार्थको झनै अर्को तस्वीर छ । किनकि यो कुरा हाम्रो देशमा तानाशाही राजतन्त्र चलाउने कि प्रजातान्त्रिक मूल्यवत्ताले भरिएको राजतन्त्र चलाउने भन्ने विवादसित सिधै गाँसिएको छ । जहाँसम्म २०४६ सालको जनआन्दोलन, त्यसले मान्यता दिएको समीकरण र राजनीतिक आदेशहरूको सवाल छ- त्यसले जहिले पनि राजसंस्थालाई प्रजातान्त्रिक र पारदर्शी बनाउने कुरामा आफ्नो प्राथमिक अभिमत दिएको छ । सायद यस कुरामा अब कसैको पनि दुई मत होला भन्ने मलाई लाग्दैन ।

हाम्रो देशका पूँजीवादी प्रजातन्त्रवादीहरू अझै पनि बेलायतलाई प्रजातन्त्रको जननी भन्ने गर्दछन् । हुन पनि म्याग्नाकार्टादेखिको समय गन्ने हो भने त्यहाँ झण्डै ८ सय वर्षको प्रजातान्त्रिक संघर्षको इतिहास छ । आधुनिक बेलायतको कुरा गर्दा पनि तीन सय वर्षभन्दा बढी आफ्नै किसिमले संवैधानिक राजतन्त्रको अभ्यास हुँदै आएको देखिन्छ । त्यो अवधिमा राजगद्दी उत्तराधिकारको सवाललाई लिएर पटक पटक विवादहरू भएका छन् । नैतिक आचरणमा बस्न नसक्ने राजसदस्यहरूले राजपरिवार छोडेर सामान्य नागरिक भएका घटनाहरू पनि छन् । यी सबै कुराहरू हाम्रा पूँजीवादी प्रजातन्त्रवादीहरूलाई राम्ररी थाहा छ । मलाई लाग्छ- उनीहरूको त्यही समझदारीको आधारमा २०४७ को संविधान बनेको हो । अब यहाँ प्रश्न उठ्छ, संविधान बनाउँदा बेलायती प्रजातन्त्रको आदर्श र बान्कीलाई मानक मान्नेहरूले बेलायतको नागरिक र शाही जीवनका आदर्श र बान्कीहरूलाई चाहिँ अनुशरण गर्नुपर्छ या पर्दैन ? अहिले जतातते उठ्ने गरेको विचारणीय प्रश्न चाहिँ यही हो ।

जेठ १९ गतेको नारायणहिटी हत्याकाण्डपछि नेपालको राजतन्त्रको स्वरूपका बारेमा सर्वथा नयाँ र मौलिक कोणबाट कुराहरू उठेका छन् । राजगद्दी उत्तराधिकारकै प्रश्नमा पनि नयाँ कोणबाट बहस र विमर्शहरू शुरू भएका छन् । २०४६ पछिको नेपाली राजतन्त्रको प्रत्यक्ष वा परोक्ष भूमिकाको विषयमा पनि सिंहावलोकनका आग्रहहरू जन्मेका छन् । माओवादीहरूले ठाडै राजतन्त्रको उन्मूलनको कुरा उठाएका छन् भने नेपाली कांग्रेस र नेकपा एमालेभित्रका केही बुद्धिजीवीहरूले राजदरवारका विशेषाधिकारहरू, त्यहाँभित्रको अपारदर्शिता र संवैधानिक प्रजातन्त्रका वास्तविक स्थापनाहरूतर्फ मुलुकको ध्यानाकृष्ट गरेका छन् । त्यसरी नै राजाको शक्ति बढाउने नियतले 'राजा आऊ देश बचाऊ' नारा लगाउनेहरू पनि खुलेर आगाडि आएका छन् । शाहज्यादा पारस शाहलाई युवराजधिराज घोषणा गर्दाको मुलुकको मोटामोटी राजनीतिक चित्र यही नै हो ।

यी तीनवटै धाराहरूलाई विश्लेषण गर्दा माओवादीहरू आफ्नो मागमा बढी उत्ताउलो देखिन्छन् । उनीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिको सन्तुलन र समीकरणलाई ध्यान दिएका छैनन् जसले गर्दा उनीहरूको कडा नाराले सुतेका राजावादीहरूलाई उठाएर उकास्ने वातावरण बनाएको छ । त्यसरी नै राजावादीहरूको सोचाइ र प्रयत्न पनि गलत छ । उनीहरूले एक्काईसौं शताब्दीको नयाँ विश्वलाई बुझ्न अस्वीकार गरेका छन् । किनकि अब राजालाई सक्रिय राजनीतिमा ल्याएर सिंगो नेपालको नेतृत्व गराउन असंभव छ । तसर्थ आजको राजनीतिक सत्य यी दुवै धारणाभन्दा सर्वथा भिन्न र मौलिक छ । यसै कारणले गर्दा अबको नेपाल राजसंस्थाको प्रजातान्त्रिक व्यवस्थापनमा मात्र एकतावद्ध भएर अघिबढ्न सक्छ भन्ने चिन्तनले प्रमुखता पाएको हो ।

तर शाहज्यादा पारस शाहलाई युवराजधिराज घोषणा गर्दा प्रजातन्त्रका यी मूलभूत वास्तविकताहरूलाई पूर्णतया बलात्कार गरिएको छ । यस सम्बन्धमा तत्कालै गरिनुपर्ने दुईवटा महत्वपूर्ण कार्यहरू थिए । पहिलो, छिटोभन्दा छिटो संसदबाट राजगद्दी उत्तराधिकार सम्बन्धमा युगअनुकूलको नयाँ र प्रगतिशील कानून ल्याउने र दोस्रो, लोकप्रिय गायक प्रवीण गुरूङ्गको हत्या प्रकरणमा मुछिएका शाहज्यादालाई राजपरिवारको सदस्यताबाट अलग गर्ने । तर यी दुइटै काम हुन सकेनन् । अझ उल्टो दशैंको एकान्त समय पारी विवादास्पद व्यक्तिलाई युवराज घोषणा गरी प्रजातन्त्रीकरणतर्फ उन्मुख नेपाली राजसंस्थाको इतिहासमा कालो पोत्ने कार्य गरियो । यस विषयमा हाम्रो मुलुकको संसदका जिम्मेवार राजनीतिक पार्टीहरूको भूमिका पनि एकदमै विवादास्पद देखियो । उनीहरू या त समर्थन, अथवा मौन अथवा द्विविधाग्रस्त देखिए । यसबाट अनाहकमा फाइदा लुटे-दुई अतिवादीहरूले । सक्रिय राजतन्त्र स्थापना गर्ने वा राजतन्त्र फ्याँक्ने अवस्तुवादी र असामयिक विवादले ठूलो ठाउँ पायो । अनि मुलुकमा सुधार ल्याउन अपरिहार्य बनेका वस्तुवादी मुद्दाहरूचाहिँ अन्धकारतिर धकेलिन पुगे । अहिले युवराज घोषणा प्रकरणको प्रमुख राजनीतिक त्रासदी यही नै हो । ❑

> सक्रिय राजतन्त्र स्थापना गर्ने वा राजतन्त्र फ्याँक्ने अवस्तुवादी र असामयिक विवादले ठूलो ठाउँ पायो

# नवागन्तुक कविको स्वागत



- विमल निभा

## कवि पारसको कविताको उत्कृष्टता देखेर मलाई के लाग्छ भने संगीतकार प्रवीण गुरूङ जीवित भएका भए निश्चित पनि यसमा उनले संगीत हाल्थे

हाम्रो राजपरिवारले जति कविहरूको सहज उत्पादन गरेको छ, त्यति अरू कुनै पनि देशको राजपरिवारले गरेको छैन । उदाहरणको लागि म केही प्रख्यात कविहरूलाई तपाईंहरूसमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु- म.वि.वि. शाह, रंजना शाह, चाँदनी शाह, जी. शाह, सोनी शाह, दीपेन्द्र शाह इत्यादि ।

अब यही काव्यात्मक परम्परामा एउटा नयाँ नाम एकाएक थपिन आएको छ- कवि पारस वीर विक्रम शाह ।

कवि पारस वीर विक्रम शाहको 'हिमालय टाइम्स' बुधवार, कार्तिक १५ गते प्रकाशित कविताले मेरो मर्मतन्तुलाई हल्लाइदिएको छ :

आफ्नै आँखा अगाडि सर्वस्व लुटियो
विवश आँखाहरूले के देख्नुपर्‍यो ...?
भुइँमा पोखिएको देखेको थिएँ
अब त त्यो पनि शेष रहेन ... ।
अभागी आँखा मेरो
अभागी कान अरूहरूका
देखेको कुराभन्दा
सुनेको कुरा सत्य मान्न खोज्दा
रहेछन्
देखेको कुरालाई पनि
सुनेको कुराले झुक्याउन
खोज्दोरहेछ ।

उपरोक्त कविता पढेर मजस्तो सामान्य मानिसको (भन्न त सार्वभौम सम्पन्न जनता भनिएको छ संविधानमा) तन्तु-सन्तु यति हल्लियो भने नेपाली साहित्यका विद्वान समालोचकहरूका साहित्यिक तन्तुहरू कति जोड जोडले हल्लिए होलान् ? पहिले पहिले कवि म.वि.वि. शाह र कवयित्री चाँदनी शाहका काव्य पंक्तिहरूमा द्रुतगतिले कलम चलाउने समालोचकहरूले अन्ततः सर्वथा नयाँ कविता भेट्टाएका छन् । मेरो तर्फबाट हार्दिक बधाइ ! उहाँहरूको लेखनको जुन प्रखरशैली छ, त्यस आधारमा आगामी समालोचकीय शीर्षकहरूको अनुमान म पेश गर्न सक्छु :

१) समकालीन काव्यक्षेत्रमा पारसको कलात्मक योगदान
२) कवि पारसको बिम्ब चेतना
३) मिथक प्रयोगमा पारसको कौशल
४) काव्यात्मक संवेदनाका धनी पारस
५) पारस र देवकोटामा अद्भूत साम्यता के समालोचक घटराज भट्टराईज्यूहरूको ध्यान यतातिर जानेछ ?

यही सिलसिलामा मलाई मेरा इतिहासकार मित्र सुरेन्द्र के.सी.को स्मरण भइरहेछ । उहाँ इतिहासमा लामो समयदेखि अनुसन्धानरत हुनुहुन्छ । उहाँसँग कदाचित भेट भएमा म भन्नेछु- आफ्नो अनुसन्धानको गति बढाउनोस् बन्धु । के ठेगान, इतिहासको गर्भमा अरू राजदरबारीय कविहरू छिपेका छन् कि ? विगतका चर्चित राजाहरू सुरेन्द्र विक्रम शाह र रणबहादुर शाह आदिले एउटा पनि कविता कोरेका छैनन् भन्ने मान्न मेरो जिज्ञासु मन तयार छैन । जुन काव्य-ऊर्जाको प्रदर्शन अहिलेका राजकविहरू (एउटा प्रकार हुन्छ, राज्यद्वारा उपाधि वितरण गरिएको राजकवि, जस्तो नेपालको जनकविकेशरी धर्मराज थापा र भारतका राष्ट्रकवि रामधारी सिंह दिनकर, तर यो राजकवि विशुद्ध राजपरिवारको कविको रूपमा उल्लेख गरिएको हो) गरिरहेका छन्, त्यस हिसाबले यो असम्भव पनि त छैन मित्र सुरेन्द्र के.सी.ज्यू ?

हाम्रा सद्यः युवराजधिराज पारस वीर विक्रम शाह पहिले कवि भइसकेपछि युवराज घोषित भएका हुन् अथवा युवराज भइसकेपछि अनायास कवि भएका हुन् ? अथवा दुवै क्रिया अर्थात् कवि र युवराज, समानान्तर रूपले एकसाथ घटित भएका हुन् ? यदि पहिले कवि भएका हुन् भने युवराज भएको कति पहिले र पछि कवि भएका हुन् भने युवराज भइसकेपछि कति पछि ? यो राजनीतिभन्दा साहित्यिक जिज्ञासाकै बढी विषय हो जस्तो प्रतीत हुन्छ । कुन्नि, मेरा परम आदरणीय गुरू त्रिपाठीज्यू कति फुर्सदमा हुनुहुन्छ ? उहाँको तीक्ष्ण दृष्टिबाट यति मौलिक मेटिरियल ओझेल नहुनुपर्ने हो । आगे हेर्दै जाऔं ।

यो टिप्पणीकार पनि सानोतिनो भएतापनि, एक कवि नै हो । अतःएव एकथान कवि अवतरित भएकोमा मैले हर्ष प्रकट गर्नैपर्छ । यही एक विशुद्ध साहित्यकारको कर्तव्य हो । म आफ्नो कर्तव्यपथबाट किन विचलित होऊँ ? तसर्थ म खुला हृदयले कवि युवराजधिराज पारस वीर विक्रम शाहको स्वागत गर्छु- स्वागत छ नवागन्तुक कवि पी. शाह ।

पुनश्चः

कवि पारसको कविताको उत्कृष्टता देखेर मलाई के लाग्छ भने संगीतकार प्रवीण गुरूङ जीवित भएका भए निश्चित पनि यसमा उनले संगीत हाल्थे । ❑

विजया दशमी तथा शुभ-दीपावली २०५८ को
शुभ-उपलक्ष्यमा संपूर्ण देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
नेपाल बैंक लिमिटेड

विजया दशमी तथा शुभ-दीपावली २०५८ को
शुभ-उपलक्ष्यमा संपूर्ण देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
प्रधान कार्यालय :
एन.आइ.सी. बिल्डीङ्, कमलादी, काठमाण्डौं पो.ब.नं. ३६२३,
फोन नं. २४५५६५,२४५५६८,२२१३५३, फ्याक्स नं. ९७७-१-२२५४४६
इमेल : nic@wlink.com.np वेभपेज : http://www.yonan.com/nico



*येनानमा अमेरिकी सरकारको दिक्षी मिल्ट्री कमिशनका सदस्यहरू जोन सर्भिस र डेविड बेरेटकासाथ माओ र चु तेह*

**माओको क्रान्तिकारी कूटनीति**

# शान्तिवार्तामा च्याङ काई-शेक र अमेरिकालाई कसरी घुमाइयो ?



राजेन्द्र महर्जन

## वार्ता के हो ?

वार्ता जस्तालाईतस्तैको नीति हो, इँटाको जवाफ ढुंगाले दिने शैली हो । चिनियाँ क्रान्तिका महान नेता तथा विश्वभरिका कम्युनिष्टहरूका शिक्षक माओ त्से तुङको विचारमा वार्ता 'क्रान्तिकारी कूटनीति'को अंग हो ।

चिनियाँ क्रान्तिका रणनीतिकार तथा कुशल वार्ताकार माओको क्रान्तिकारी कूटनीति विश्वभरिका क्रान्तिकारीहरूका लागि प्रेरणादायी छ, नेपालका लागि त यसको विशेष महत्व छ । वार्ता पनि संघर्षको उपाय हो भन्ने सामान्यज्ञान पनि नभएकाहरूका लागि माओले अंगाल्नुभएको क्रान्तिकारी कूटनीति अति नै अध्ययनयोग्य देखिन्छ ।

वार्ता, सल्लाह, सहमति र सम्झौता भनेको उत्पीडित र उत्पीडक दुवै वर्गको हतियार हो, आ-आफ्नो संघर्ष सफल पार्ने हतियार ! माओले यो हतियारलाई अत्यन्त कुशलतापूर्वक प्रयोग गरी आफ्ना शत्रुहरूलाई बाँध्नुभयो, पराजित गर्नुभयो । जोसँग सशस्त्र संघर्ष गरिन्छ, उसैलाई वार्ताको टेबुलमा सँगै बसेर सम्झौताद्वारा पराजित गर्नुपर्ने हुन्छ- माओको विचार र व्यवहारबाट सिक्नुपर्ने एउटा महत्वपूर्ण पाठ हो यो ।

माओले खुँखार तानाशाह च्याङ्ग काई-शेकसँग कहिले सम्झौता गर्नु भयो, कहिले उनैसँग मिलेर जापानी साम्राज्यवादसँग लड्नुभयो, कहिले उनैलाई सर-सहयोग गर्ने अमेरिकी साम्राज्यवादसँग समेत वार्ता गर्नुभयो । च्याङ काई-शेकको कोमिन्ताङ पार्टीसँग संयुक्त मोर्चासमेत गरेको त्यसपछि पनि उनीसँग पटक-पटक वार्ता गर्ने र सहमति कायम गर्ने गर्नुभयो; कहिले वार्ता नै नगरी एक्ल्याउने काम गर्नुभयो । माओले सन् १९४५ मा छुङकिङमा ऐतिहासिक सम्झौता गर्नुभएको थियो । छुङकिङ वार्ताको आयोजना र मध्यस्थतासमेत गरेको अमेरिकाजस्तो च्याङ काई-शेकको प्रभु र साम्राज्यवादी शक्तिसँग पनि उहाँले पटक पटक वार्ता गर्नुभएको इतिहास छ । सन् १९४४ मा कम्युनिष्टहरूको लाल राजधानी येनान आएको अमेरिकी 'दिक्षी मिल्ट्री मिशन'सँग वार्ता गर्ने, अमेरिकी राजदूत प्याट्रिक जे. हरलेसँग वार्ता गर्ने माओले वार्ता र सम्झौताको क्रममा कहिले पनि जनता र क्रान्तिको स्वार्थमाथि आघात पर्न दिनुभएन, बरू त्यसको ठीक उल्टो, जनता र क्रान्तिको स्वार्थ पूरा गर्नकै

चिनियाँ कम्युनिष्ट पार्टीको इतिहास हेर्दा सजिलै बुझ्न सकिन्छ- क्रान्ति सरल हुँदैन, टेढोमेढो र घुमाउरो हुन्छ । क्रान्तिकारी कूटनीति पनि समय र परिस्थितिअनुरूप टेढोमेढो र घुमाउरो हुन्छ ।

कुशल रणनीतिज्ञ माओ भन्नुहुन्छ- "कहिले वार्ता गर्नु क्रान्तिकारी कूटनीति हुन्छ, कहिले वार्ता नगर्नु । बदलिँदो समय र परिस्थितिअनुसार वार्ता गरेर वा नगरेर शत्रुलाई इँटाको जवाफ ढुंगाले दिन सक्नु नै क्रान्तिकारी कूटनीति हो ।"

## जनता र क्रान्तिका लागि वार्ता

माओको ६ दशक लामो सार्थक र क्रियाशील जीवनका अनुभव र अनुभूतिहरू हेर्दा स्पष्टै देखिन्छ : कहिले संयुक्त मोर्चामा रहेका च्याङ काई-शेकको निर्मम दमनविरूद्व माओले विद्रोह गर्नुभयो, कहिले जापानी साम्राज्यवादको आक्रमण हुँदा सन् १९३७ मा राष्ट्रव्यापी प्रतिरोधयुद्ध अगाडि बढाउन माओले उनैलाई कम्युनिष्टहरूसँग वार्ता गर्न र सम्झौता गर्न वाध्य पार्नुभयो ।

लागि वार्ताको कूटनीति प्रयोग गर्नुभयो । र, यो क्रम आफ्नो जीवनको अन्तिमकालतिर, सन् १९७२ तिरसम्म पनि उहाँले जारी राख्नुभयो, अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनलाई पेकिङ बोलाएर ।

दोस्रो विश्वयुद्धको क्रममा जापानी आक्रमणकारीहरूसँग लड्दालड्दै सन् १९३७ र १९४४ मा च्याङ काई-शेकको कोमिन्ताङसँग चिनियाँ कम्युनिष्टहरूले औपचारिक रूपमा वार्ता गरेका थिए । त्यसबीचमा जापानी साम्राज्यवादसँग संयुक्त रूपमा लड्ने क्रममा पनि कोमिन्ताङ र कम्युनिष्टहरूबीच साना र ठूला भिडन्तहरू भइरहे अनि गृहयुद्ध पनि जारी रह्यो । त्यसैले गृहयुद्ध समाप्त पार्न कम्युनिष्टहरूले सम्झौता वार्ताका लागि निरन्तर रूपमा तत्परता देखाइरहे, 'प्रजातन्त्र र शान्ति' को नारा जोड्दार रूपमा उठाई रहे । र, जापानी आक्रमणकारीहरूविरूद्ध राष्ट्रिय मुक्ति संघर्षको आगो दन्काउने कामलाई तीव्र पार्दै उनीहरूले च्याङ काई-शेकलाई पनि ठीक पार्ने काममा अलिकति पनि ढिलाइ गरेनन् । तर च्याङ काई-शेक भने जापानसँग मनतातो संघर्ष र कम्युनिष्टहरूसँग चाहिँ जीवन-मरणको संघर्ष चलाउँदै अमेरिकाको सम्पूर्ण समर्थन र सहयोग निरन्तर प्राप्त गर्न प्रयत्नशील भइरहे ।

अमेरिकाले दोस्रो विश्वयुद्धको शुरूमा जापानी सैन्यवादीहरूलाई खुशी पार्न 'अपीजमेन्ट नीति'अन्तर्गत चीनलाई बलिको बोको बनाउन च्याङ काई-शेकलाई आत्मसमर्पण गर्न लगाएको थियो । जब प्रशान्त क्षेत्रस्थित आफ्ना उपनिवेशहरू र पर्ल हार्बर टापुमाथि जापानी आक्रमण चर्किंदै गयो, तब अमेरिकाले च्याङ काई-शेकलाई मात्रै होइन, कम्युनिष्टहरूलाई समेत जापानविरूद्ध संयुक्त रूपमा लड्न आह्वान गरेको थियो । तर च्याङ काई-शेकको भ्रष्ट, अपराधी र अदक्ष कोमिन्ताङ सरकार भने अमेरिकाबाट डलर र हतियार झार्ने, जापानसँग मिलोमतो गर्ने र चिनियाँ कम्युनिष्टहरूलाई सखाप पार्ने अभियानमा व्यस्त थियो । त्यसैले अमेरिकी राष्ट्रपति फ्रान्कलिन रूजवेल्टले चीनमा आफ्ना उपराष्ट्रपति हेनरी वालेस, येनानमा दिक्षी मिल्ट्री कमिशन, पत्रकार, सैनिक अधिकारी र कूटनीतिज्ञहरूको ओइरो लगाएर चीनलाई जापानविरोधी युद्धमा तानिराख्ने नीतिलाई प्राथमिकता दिएका थिए । र, चीनस्थित अमेरिकी सैनिकहरूका कमाण्डर जनरल जोसेफ स्टिलवेल, राजदूत गाउस र दिक्षी मिल्ट्री कमिशनले च्याङ काई-शेकको भ्रष्टाचारी, अपराधी र अप्रजातान्त्रिक चरित्रको पर्दाफास गरी अमेरिकी सरकारलाई रिपोर्ट पठाएका थिए । साथै, कम्युनिष्टहरूको बढ्दो शक्ति र लोकप्रियता तथा जापानविरोधी संघर्षमा वीरतापूर्वक खेलेको भूमिकाबारे वास्तविकता जाहेर गरेका थिए । ती सबैले एक मुखले चीनमा अमेरिकी हात बलियो पार्न कम्युनिष्ट र कोमिन्ताङबीच कार्यगत एकता, संयुक्त मोर्चा वा संयुक्त सरकार नै निर्माण गर्नुपर्ने विचार अगाडि सारेका थिए ।

## शान्तिपूर्ण ढंगले संयुक्त सरकार निर्माणको संभावना

स्मरणीय छ, माओले सन् १९४४-४५ तिर संयुक्त सरकारको निर्माणको संभावनाबारे पटक-पटक प्रखर रूपमा विचार व्यक्त गर्नुभएको थियो । कोमिन्ताङसँग संयुक्त सरकारमा सहभागी भई गृहयुद्ध रोक्ने, शान्ति र प्रजातन्त्र स्थापना गर्न सक्ने उहाँको विचार निकै गहन र व्यापक रूपमा फैलिएको थियो । 'हामी युद्ध चाहँदैनौं, केवल एक दिनका लागि भए पनि युद्ध चाहँदैनौं' भन्नु हुने माओले अमेरिकाको सहयोगमा संयुक्त सरकारको स्थापना हुने गहिरो आशा व्यक्त गर्नुभएको थियो ।

प्रख्यात लेखिका हान सुयीनले The Morning Deluge नामक किताबमा माओ र चिनियाँ कम्युनिष्ट पार्टीको विकासक्रमका उतार-चढावहरूको विश्लेषण गर्ने क्रममा त्यस बेलाको महत्वपूर्ण पक्षमाथि संकेत गरेकी थिइन् । त्यो पक्ष हो- अमेरिकी समर्थन र विरोधको पक्ष । चीनमा अमेरिकीहरूको आगमन हुनुभन्दा अगाडिसम्म माओले ठान्नुभएको थियो : सशस्त्र संघर्षमार्फत् सत्ता-शक्तिमाथि कब्जा गर्नुबाहेक अर्को कुनै विकल्प देखिँदैन । जब अमेरिकीहरू, विशेषतः दिक्षी मिल्ट्री कमिशनको ७ महिना लामो येनान वास र निरन्तरको अन्तर्क्रिया, जनरल स्टिलवेल र राजदूत गाउससँगको संगत र संवादपछि माओले नयाँ संभावना देख्नुभएको थियो । त्यो संभावना हो : अमेरिकीहरूको सहयोगबाट कोमिन्ताङसँग शान्तिपूर्ण ढंगले संयुक्त सरकारको निर्माण ।



*दिक्षी मिल्ट्री कमिशनका सदस्यहरू डेविड बेरेट र लुदेन मुक्त क्षेत्रको युनिफर्म कारखानामा कार्यरत लाल सेनाका जवानहरूको काम हेर्दै*

**माओले अमेरिकी सहयोगबाट कोमिन्ताङसँग शान्तिपूर्ण ढंगले संयुक्त सरकार निर्माणको संभावना देख्नुभएको थियो**

माओमा अमेरिकी सहयोगप्रति यति धेरै विश्वास जाग्नुको पछाडि एउटा आधारले काम गरिरहेको थियो । सन् १९४४ देखि १९४५ मार्चसम्म पनि अमेरिकाले जापानविरूद्ध लड्न चिनियाँ कम्युनिष्ट पार्टी र लालसेनालाई सैनिक सहयोग दिने पक्कापक्की बचन दिएको थियो । अमेरिकाले कम्युनिष्ट पार्टी र कोमिन्ताङका सैनिकहरूलाई एक ठाउँमा ल्याएर आफ्नो नेतृत्वमा जापानी सैन्यवादीहरूसँग लड्ने प्रस्ताव राखेको थियो । माओ स्वयंले अमेरिकी कमाण्डअन्तर्गत बसेर जापानविरूद्ध सशक्त प्रतिरोधयुद्ध संचालन गर्न कम्युनिष्टहरूले सहर्ष स्वीकार्ने संकेत दिनुभएको थियो ।

हान सुयीनका अनुसार, सैनिक पक्षमा भएको यो समझदारी र विश्वासको वातावरणद्वारा माओले अमेरिकी सहयोगबाट कोमिन्ताङसँग शान्तिपूर्ण ढंगले संयुक्त सरकार निर्माणको संभावना देख्नुभएको थियो । त्यसका लागि उहाँले राख्नुभएको शर्त थियो- च्याङ काई-शेकले अनिवार्य रूपमा प्रजातान्त्रिक सुधारको पक्षलाई स्वीकार्नुपर्छ । उहाँले च्याङको भ्रष्ट, निरंकुश कुशासनबारे अमेरिकीहरूलाई अवगत गराउने क्रममा पटक-पटक भन्नुभएको थियो- च्याङलाई सुधार्ने काम अमेरिकाले बाहेक अरूले गर्न सक्दैन । र, अमेरिकाले मात्रै नयाँ प्रजातान्त्रिक सरकारको निर्माण गर्ने

कार्यमा चीनलाई साँच्चै नै सहयोग गर्न सक्छ । अमेरिकाको सहयोगबाट च्याङ काई-शेकले आफू आफ्नो पार्टी र सरकारलाई प्रजातान्त्रिक ढंगले सुधारेमा र नयाँ प्रजातान्त्रिक सरकारको निर्माण गर्न सकेमा माओले सशस्त्र संघर्ष त्याग्न सक्ने संभावनासमेत देख्नुभएको थियो । संभवतः उहाँले शान्तिपूर्ण ढंगले समस्या समाधान गर्ने वैकल्पिक मार्गको ढोका खुल्ने आशा गर्नुभएको थियो ।

## वार्ताको वातावरण बनाउनमा कठिनाइ

यस्तो स्थितिमा आफ्ना राजनैतिक, कूटनैतिक र सैनिक प्रतिनिधिहरूको तर्फबाट आएका रिपोर्टको आधारमा राष्ट्रपति रूजवेल्टले चिनियाँ कम्युनिष्टहरूसँग कोमिन्ताङको सहकार्यको संभावना देखेका थिए । यसै संभावनालाई मूर्त रूप दिन उनले सर्वप्रथम दुवै पक्षलाई वार्ताको टेबुलमा ल्याउने कार्य अगाडि बढाउने सोचाइ बनाए । अनि रूजवेल्ट सरकारले 'तेस्रो पक्ष'को रूपमा अमेरिकी मध्यस्थतामा ती दुई शक्तिबीच वार्ता गराउने निर्देशन नयाँ चिनियाँ राजदूत जनरल प्याट्रिक हरलेलाई पठायो, त्यस्तै च्याङ काई-शेकलाई पनि ।

च्याङ काई-शेकको माग र घुर्कीको आधारमा राजदूत बनाइएका जनरल हरले कोमिन्ताङ र कम्युनिष्टहरूबीच वार्ता गराउन हुङकिङ र येनानबीच कैयौं पटक ओहोर-दोहोर गरे । नोभेम्बर ७, १९४४ मा येनान गएर दुई दिनको बसाइको क्रममा उनले माओ त्से तुङ र चाओ एनलाईसँग भेटेर वार्ताको प्रक्रियाको बारेमा आफ्नो पाँच बुँदे प्रस्ताव अगाडि राखे । कोमिन्ताङ सरकार र कम्युनिष्ट सरकारका प्रतिनिधिहरू बीचको शान्तिवार्ताका लागि आवश्यक प्रक्रियासम्बन्धी प्रस्तावमाथि माओले केही थपथाप गर्नुभयो । उहाँहरूले कोमिन्ताङहरूसँग संयुक्त सरकारको आवश्यकता रहेको प्रस्तावसहित पटक पटक वार्ता गर्न खोज्दा च्याङ काई-शेकले सधैं इन्कार गरेको यथार्थ सम्झाउनुभयो । र, उहाँहरूले भन्नुभयो : कोमिन्ताङ सरकारले सर्वप्रथम कम्युनिष्टहरूलाई घेराउ गर्ने, नरसंहार गर्ने कार्य रोक्नुपर्छ र आफूलाई सुधार गर्नुपर्छ, आफ्नो संगठनलाई नयाँ ढंगले लानुपर्छ ।

अन्ततः अमेरिका र चीनका कम्युनिष्टहरूबीच एउटा सम्झौता भयो । प्रजातान्त्रिक संयुक्त सरकार र साझा सर्वोच्च कमान स्थापना गर्ने सम्बन्धी प्रस्तावमा दुवैथरिले समझदारी कायम गरे, जसमा कम्युनिष्टहरूको तर्फबाट माओको हस्ताक्षर थियो ।

सम्झौतालाई 'स्वच्छ, स्वस्थ, न्यायपूर्ण ठान्ने' राजदूत हरले छुङकिङ पुग्दा च्याङ काई-शेकले उनीसमक्ष अर्को प्रस्ताव प्रस्तुत गरे । त्यसमा उनले नागरिक अधिकारहरूसम्बन्धी गोलमटोल कुरा गर्दै सत्ता-शक्ति आफ्नै अधिनायकत्वभित्र कैद गर्ने मनशाय व्यक्त गरे । त्यसपछि उनले फेरि अर्को नयाँ प्रस्ताव राख्ने क्रममा कम्युनिष्टहरूको सम्पूर्ण आत्मसमर्पणको माग गरे । त्यसमा कोमिन्ताङको नेशनल मिल्ट्री काउन्सिलको पुनर्गठन गरेर कम्युनिष्ट शक्तिलाई त्यसभित्र गाभ्ने प्रस्ताव राखिएको थियो । माओका अनुसार, यो प्रस्तावले आफ्नां लाल सैनिकहरू जम्मै जनरलिस्मो च्याङ (सेनाध्यक्ष च्याङ काई-शेक) को मातहतमा विसर्जन गर्ने मनशाय बोकेको छ, जसको स्पष्ट अर्थ हो : कम्युनिष्टहरूको पूर्ण आत्मसमर्पण र सम्पूर्ण विनाश ! वर्षमा एकपटक पनि बैठक नबस्ने नेशनल मिल्ट्री काउन्सिलका एक सदस्यका रूपमा कम्युनिष्टहरूलाई छान्ने लोभ देखाएर सके कम्युनिष्टहरूलाई आत्मसमर्पण गर्न लगाउने, नसके शान्तिवार्ताबाटै बिच्क्याउने नीति उनले लिए ।

हरले र च्याङ काई-शेकले कम्युनिष्टहरूलाई के प्रस्ताव पठाए भने उनीहरूले आफ्नो फौजलाई च्याङ काई-शेकको नियन्त्रणमा रहेको कोमिन्ताङको नेशनल मिल्ट्री काउन्सिलको अधीनमा नराख्ने हो भने अमेरिकी प्रतिनिधि प्रमुख स्थान रहने तीन सदस्यीय कमिटीमा राख्नुपर्छ, जसमा कोमिन्ताङ र कम्युनिष्ट पार्टी सदस्यका रूपमा रहने छन् । त्यसको बदलामा च्याङ काई-शेकले कम्युनिष्ट पार्टीलाई कानूनी मान्यता दिने र केही कम्युनिष्टहरूलाई कोमिन्ताङ सरकारको कार्यकारिणी समितिको सदस्यमा नियुक्त गर्ने घोषणा गरेका थिए ।

## अमेरिकी दवाब

च्याङ काई-शेकको यस्तो प्रस्ताव लिएर कर्णेल डेविड बेरेट गह्रौं मन लिएर येनानमा माओकहाँ पुगे ।



लाल सेनाको विजय अभियानलाई नेतृत्व गर्दै माओ आफ्नी पत्नी चियाङ चिङ (पछाडि) का साथ

राजदूत हरलेको प्रस्तावमाथि कम्युनिष्टहरूद्वारा केही थपथापपछि भएको येनान सम्झौतालाई पूरै बेवास्ता गरी च्याङ काई-शेकले नयाँ प्रस्ताव पठाएको देखेर माओ छक्क पर्नुभयो । च्याङको प्रस्ताव जति छक्कलाग्दो थियो, त्योभन्दा दश गुणा छक्क र उदेकलाग्दो रंग फेराइ थियो, राजदूत हरले र अमेरिकाको । येनानमा माओसँग आफूले गरेको पाँच बुँदे सम्झौतालाई रद्दीको टोकरीमा फ्याँकेर हरलेले छुङकिङमा आफ्नो सक्कली अनुहार देखाए । उनले त्यहाँ च्याङ काई-शेकलाई पूरै समर्थन गर्ने क्रममा च्याङकै नयाँ प्रस्तावमा सम्झौता गर्न कम्युनिष्टहरूलाई उल्टै दवाब दिन थाले । संयुक्त सरकार गठन गर्ने सम्झौतालाई कुल्चेर कम्युनिष्टहरूलाई नेशनल मिल्ट्री काउन्सिलमा एक सिटको भागवण्डा दिने तुच्छ प्रस्तावमा सहमति जनाउन उनले लाजै नमानी कर्नेल डेविड बेरेटमार्फत् माओलाई दवाब दिन लगाए ।

च्याङको प्रस्ताव र हरलेको दवाब लिएर येनान आएका कर्णेल डेविड बेरेटसँगको कुराकानीको बारेमा माओले १३ अगस्ट, १९४५ मा 'जापानविरोधी प्रतिरोधयुद्धको विजयपछिको स्थिति र हाम्रो नीति'सम्बन्धी येनानको भाषणमा उल्लेख गर्नुभएको थियो । च्याङ र अमेरिकी गठबन्धनको सन्दर्भमा कुरा गर्ने क्रममा उहाँले वार्ताको प्रसंग कोट्याउँदै भन्नुभयो : "एकपटक एकजना अमेरिकीले मसँग भन्यो- 'तपाईंले हरलेका कुरा सुन्नुपर्छ र केही मानिसलाई कोमिन्ताङ सरकारको अफिसर बन्न पठाउनुपर्छ ।'

मैले जवाफ दिएँ : 'हातखुट्टा बाँधिएको अफिसर बन्नु सजिलो कुरा होइन, हामी यसो गर्ने छैनौं । हामी अफिसर बन्ने हो भने हाम्रा हातखुट्टा फुक्का हुनैपर्छ, हामीले फुक्का भएर काम गर्न पाउनैपर्छ ; अर्थात् प्रजातान्त्रिक आधारमा संयुक्त सरकारको स्थापना हुनुपर्छ ।'

उसले भन्यो- 'तपाईंहरूले त्यसो गर्नुभएन भने खराब हुनेछ ।'

मैले सोधें- 'किन खराब हुनेछ ?'

उसले भन्यो- 'पहिलो कुरा, अमेरिकीहरूले तपाईंलाई सराप्ने छन्, दोस्रो कुरा, अमेरिकीहरूले च्याङ काई-शेकलाई आड भरोसा दिनेछन् ।'

मैले जवाफ दिएँ- 'पेटभरि खान र पुग्दोगरी सुत्न पाएका तिमी अमेरिकीहरू जनताहरूलाई सराप्न र च्याङ काई-शेकलाई नै आडभरोसा दिन चाहन्छौ भने त्यो त तिमीहरूको खुशीको कुरा हो, म त्यसमा हस्तक्षेप गर्ने छैन । अहिले हामीसँग कोदो र बन्दूकहरू छन्, तिमीहरूसँग पाउरोटी र तोपहरू छन् । तिमीहरू च्याङ काई-शेकलाई आडभरोसा दिन चाहन्छौ भने देऊ, रहर पुगुञ्जेल दिइरहू । तर एउटा कुराको हेक्का राख, चीन कसको हो ? चीन निश्चय नै च्याङ काई-शेकको होइन, चीन त चिनियाँ जनताको हो । त्यो दिन अवश्य आउनेछ, जब तिमीहरूले उनलाई आडभरोसा दिइरहन असंभव हुनेछ ।"

अमेरिकाले च्याङ काई-शेकका शर्तहरू मनाउन डर-धम्की दिएर कम्युनिष्टहरूलाई डरमर्नु पार्न खोजेको सन्दर्भमा माओले कूटनीतिक भाषामा त्यसको विरोध गर्नुभएको थियो ।

त्यस्तै, उता छुङकिङमा चाओ एन-लाईलाई भेटेर राजदूत हरलेले असभ्य पाराले भने : "अमेरिकीहरूसँग सर-सहयोगको हात मिलाउनुभन्दा अगाडि चिनियाँ कम्युनिष्टहरूले सेनाध्यक्ष च्याङका शर्तहरू अनिवार्य रूपमा स्वीकार्नु पर्दछ ।"

त्यस प्रस्तावमाथि टिप्पणी गर्दै माओले अत्यन्त कडा प्रतिक्रिया व्यक्त गर्नुभयो । कोमिन्ताङ र कम्युनिष्टहरूको सम्बन्धको इतिहास निष्पक्ष ढंगले अध्ययन गर्ने जो-कोहीले पनि सेनाध्यक्ष च्याङप्रति विश्वास गर्नै नसक्ने बताउँदै उहाँले च्याङका प्रस्तावहरू र त्यसप्रतिको अमेरिकी समर्थनले आफूहरूलाई 'पजल' बनाएको प्रतिक्रिया दिनुभयो । एक महिनाअगाडि मात्रै कम्युनिष्टहरूसँग गरिएको सम्झौता उचित र न्यायपूर्ण भन्दै च्याङ काई-शेकको राजधानी छुङकिङ पुग्ने हरलेले लाजै नमानी च्याङकै नयाँ प्रस्तावमा ल्याप्चे ठोकेर कम्युनिष्टहरूलाई आफ्नो स्वतन्त्रता र सांगठनिक क्रियाशीलता बलि देऊ भनेको सुन्दा माओ र चाओ केही समय जिल्ल पर्नुभयो । उहाँहरूले अमेरिकी राजदूतको छेपारे शैलीको विरोध गर्नुभएपछि हरलेले धम्की दिए : 'अब अमेरिकाले च्याङ काई-शेकलाई मात्रै सहयोग दिनेछ, चिनियाँ कम्युनिष्ट पार्टीलाई साथ दिने छैन । यसका साथै अमेरिकाले चीनलाई शक्तिको भरमा एकीकृत गर्न च्याङ

काई-शेकलाई मद्दत पनि गर्नेछ ।'

हरलेको धम्की सुनेर माओ अति नै रिसाउनुभयो, तर रिसको झोंकमा उहाँले हरले र अमेरिकामाथि तथानाम गाली चाहिँ गर्नुभएन । उहाँले भन्नुभयो : "अमेरिका जुनसुकै मूल्यमा पनि च्याङलाई सत्तामा टाँसी राख्न चाहन्छ, यसमा हाम्रो कुनै गुनासो छैन । तर हामी च्याङ र अमेरिकाको प्रस्ताव आफ्नो स्वतन्त्रता र स्वायत्तता गुम्ने शर्तमा आँखा चिम्लेर स्वीकार्नेवाला छैनौं ।"

च्याङमाथिको समर्थन अर्थहीन हुने चेतावनी दिँदै उहाँले भन्नुभयो- "अमेरिकाको सहयोग र समर्थनबाट पाँच बुँदे प्रस्तावमा सहमति कायम भएको भए कम्युनिष्टहरूले गृहयुद्ध रोक्न सक्छन् र संयुक्त सरकार सुचारू रूपमा चलाउन सक्छन् । यदि अमेरिकाले हामीलाई साँच्चै नै त्यागेको हो भने हामीलाई केही फरक पर्ने छैन, तर तपाईंहरूप्रतिको हाम्रो सहानभूतिमा भने कुनै फेरबदल हुँदैन । हामी तपाईंहरूका सरसहयोगलाई हरदम सहर्ष स्वीकार्ने छौं, चाहे त्यो अहिले होस् या भोलि कुनै बेला । ... अमेरिकाले हामीलाई बन्दूक र गोलीहरू पटक्कै नदिएता पनि हामी हरक्षण अमेरिकाको साथी भइरहनेछौं ।"

च्याङ काई-शेकतिर ओइरिएको अमेरिकी सहयोगमा कटौती गर्न र अमेरिकी जनताको मन जित्न माओ र चिनियाँ कम्युनिष्ट पार्टीले खेलेको भूमिका र प्रयोग गरेको भाषा निकै अनौठा खालका थिए । माओको भाषामा, 'कछुवाको अण्डा'को रूपमा कुख्यात च्याङलाई ठूलो संख्यामा युद्धका सामग्रीहरू, शस्त्रास्त्रहरू र सैनिक विशेषज्ञहरूको ओइरो लगाउँदा पनि उहाँले अमेरिकाले चिनियाँ जनताको मुक्ति संघर्षमाथि विश्वासघात गरेको आरोप लगाउनुभएन । धेरैपछि, अमेरिका साह्रै नै कम्युनिष्ट विरोधीको रूपमा देखापरेपछि मात्रै यस्ता आरोपहरू लगाइएको थियो ।

जनवरी १९४५ सम्ममा चीनमाथिको जापानी आक्रमणमा शिथिलता आउन थाल्यो । अर्कोतिर अमेरिकी सहयोगको ओइरो देखेर च्याङ काई-शेक कम्युनिष्टहरूमाथि बहुलाभैँ आक्रमण गर्नमा व्यस्त हुनथाले । हरलेले कम्युनिष्टहरूलाई हरहिसाबले पछार्ने नीतिअन्तर्गत सोभियत संघ र सोभियत नेता जोसेफ स्तालिनको गुहार माग्ने कूटनीति अपनाए । फासीवादी शक्तिहरूविरूद्ध संघर्ष गर्ने क्रममा सोभियत संघ र अमेरिकाको सम्बन्ध सुमधुर भइरहेको मौका छोपी स्तालिनमार्फत् दवाब दिन लगाएर माओ र चिनियाँ कम्युनिष्टहरूलाई झुकाउने प्रयास गरियो ।

पटक-पटकको छलकपटपूर्ण षडयन्त्र र च्याङ काई-शेकमार्फत् भइरहेको निर्मम दमनबाट पनि चिनियाँ कम्युनिष्ट पार्टीलाई परास्त गर्न नसकेपछि अमेरिकाले अत्यन्त डरलाग्दो गोप्य योजना तर्जुमा गऱ्यो । त्यो योजना हो : जर्मनीलाई जस्तै चीनलाई पनि विभाजित गरी दुईवटा राष्ट्र बनाउने गुरूयोजना ।

विख्यात लेखक एड्गर स्नोले Random Notes On Red China नामक पुस्तकमा अमेरिकी राष्ट्रपति रूजवेल्टले चीनको विभाजन गर्न खोजेको वास्तविकता उजागर गरेका थिए । दोस्रो विश्वयुद्धको अन्त्यताका रूजवेल्टको मृत्यु हुनुभन्दा केही हप्ताअगाडि स्नोले रूजवेल्टलाई भेटेका थिए । कुराकानीको क्रममा रूजवेल्टले चीनको विभाजन गर्ने संकेत दिँदा स्नो बेस्सरी झस्केका थिए । रूजवेल्टले चीनमा कार्यरत दुईवटा 'वैधानिक' सरकारहरूलाई दुईवटा क्षेत्र-उत्तरी र दक्षिणी चीनमा विभाजन गरी काम गर्न दिने विचार राखेका थिए ।

अप्रिल १९४५ मा आफ्नो मृत्यु हुनुभन्दा अगाडि नै रूजवेल्टले चीनसँग वार्ताका लागि जोड दिएका थिए । उनकै आदेशमा हरलेले दुवै शक्तिहरूलाई नजिक्याउने र कम्युनिष्टहरूलाई च्याङ काई-शेकको टाउमुनि छिराउने प्रयास गर्दै आएका थिए । उनले फेब्रुअरी १९४५ मै वाशिंगटन गएर चिनियाँ मामिलासम्बन्धी अमेरिकी अधिकारीहरूसँग कुराकानी गरेका थिए । र, दमनका लागि थप हतियार, प्रशिक्षण र पैसा च्याङ काई-शेकलाई उपलब्ध गराउने र वार्ताको माध्यमबाट कम्युनिष्टहरूलाई च्याङको टाउमुनि छिराउने रणनीति बनाएर उनी चीन फर्केका थिए ।

## अमेरिकालाई नरम चेतावनी

यसैबीच जापानविरोधी युद्धको उदघोषसहित सोभियत संघ चीनको भूमिमा पस्यो । अमेरिकाले च्याङ काई-शेकलाई नै सिंगो चीन ठानेर सहयोगको ओइरो लगाउन थाल्यो । यस्तो बेला भएको चिनियाँ कम्युनिष्ट पार्टीको सातौं महाधिवेशनले जोडदार रूपमा संयुक्त सरकारको नारा लगाउँदै वार्ताको माध्यमबाट शान्तिपूर्ण ढंगले शान्ति र प्रजातन्त्रको स्थापनाको वकालत गऱ्यो । माओले दिक्षी मिल्ट्री कमिटीका सदस्य जोन सर्भिसलाई अन्तर्वार्ता दिने क्रममा युद्धपछिको चीनको आर्थिक निर्माणमा अमेरिकाको महत्वपूर्ण सहयोग प्राप्त हुने आशा व्यक्त गर्नुभयो । चीन र अमेरिकाका जनताबीच गहिरो सहानुभूति, समझदारी र सौहार्द्रपूर्ण सम्बन्ध रहेकोले पारस्परिक स्वार्थमा पनि समानता रहेको व्याख्या गर्दै उहाँले अमेरिका र चीनको आपसी हितका लागि मिलेरै काम गर्नुपर्ने र आपसी असमझदारी, झै झगडा र संघर्षलाई मलजल गर्न नहुने धारणा प्रकट गर्नुभयो ।

**अमेरिका र चीनका कम्युनिष्टहरूबीच भएको सम्झौताअनुसार प्रजातान्त्रिक संयुक्त सरकार र साझा सर्वोच्च कमान स्थापना गर्ने सम्बन्धी प्रस्तावमा दुवैथरिले समझदारी कायम गरे**



*येनानमा १९४४ मा अमेरिकाको दिक्षी मिल्ट्री कमिशनको स्वागतमा आयोजित समारोहको दृष्य, जसमा 'चीन, अमेरिका, सोभियत संघ र ब्रिटेनको एकता अमर रहोस्' र 'फासीवादको नाश होस्' लेखिएका ब्यानरहरू प्रदर्शन गरिएका देखिन्छन्*

माओले अन्तर्वार्ताको क्रममा पटक-पटक दोहोऱ्याएर के भन्नुभयो भने अमेरिकीहरूले कोमिन्ताङ्ग र कम्युनिष्टहरूको विवाद बुझेकै छैनन्, यो विवाद कुनै कलझगडा होइन, न त दुईवटा पार्टीहरूको वैधानिक विरोध र संसदीय प्रतिपक्षको झै झगडाको सवाल हो । यो त तीभन्दा धेरै नै गहन र विस्तृत सैनिक प्रवृत्तिको लडाइँ हो । यस्तो लडाइँमा च्याङ सैनिक परिचालनद्वारा कम्युनिष्टहरूको संहार गर्न कहिले पनि हिच्किचाएका छैनन् ।

माओले अन्तर्वार्ताको क्रममा फेरि पनि जापानविरोधी युद्धमा अमेरिकासँग मित्रता र सहयोगको हात बढाउनुभयो । उहाँले फेरि पनि के सम्झाउनुभयो भने अमेरिकी सैनिकहरूलाई जापानी आक्रमणकारीहरूको हातबाट बचाउन चिनियाँ कम्युनिष्टहरूले पटक पटक ज्यान अर्पण गरेका थिए र अहिले पनि कम्युनिष्टहरू आफ्नो लालसेनालाई अमेरिकी कमाण्डअन्तर्गत राखेर जापानविरूद्ध एकतावद्ध संघर्ष गर्न तम्तयार छन्, साझा शत्रुलाई परास्त गर्न चिनियाँ कम्युनिष्टहरू वफादारीपूर्वक लड्न हरहमेशा तैनाथ छन् ।

अत्यन्त चर्चित भएको सो अन्तर्वार्ताको क्रममा माओले के भन्नुभयो भने अमेरिकाले अत्यधिक संख्यामा रहेका चिनियाँ जनताको 'अमर मित्रताको भावना'माथि विजय प्राप्त गर्न सक्नुपर्छ, चीनको गृहयुद्धमाथि आफ्नो हस्तक्षेपकारी छायाँलाई पर पर हटाएर । यस्तो स्थितिमा फेरि फेरि पनि हस्तक्षेप गर्नुको अर्थ हुन्छ- च्याङ काई-शेक एक्लैलाई सहयोग गर्नु । च्याङलाई सहयोग गर्नु भनेको च्याङले चिनियाँ जनताविरूद्ध छेडेका गृहयुद्धको आगोमा अमेरिकाले घिउ थप्नु हो । त्यसले चीन र अमेरिकाको मित्रतालाई सखाप पार्छ ।

ठीक यही बेला चिनियाँ कम्युनिष्ट पार्टीको सातौं महाधिवेशनले माओको संयुक्त सरकारसम्बन्धी चर्चित नीतिलाई अनुमोदन गरेर देशव्यापी नयाँ लहर

ल्यायो । भावी चिनियाँ सरकारको सामरिक, राजनीतिक, आर्थिक, परराष्ट्र नीतिको स्पष्ट व्याख्या गरिएको सो दस्तावेजमा युद्धउन्मादले भरिपूर्ण एक शब्द पनि भेट्टाउन सकिँदैन । अमेरिकाका बारेमा एक शब्द पनि गालीगलौज नगरिएको सो दस्तावेजमा जनताको सशस्त्र संघर्षको सिद्धान्तप्रति दृढ विश्वास प्रकट गर्दागर्दै पनि वार्ताद्वारा सम्झौता गर्न सकिने र प्रजातान्त्रिक संयुक्त सरकार निर्माण गर्न सकिने लचिलोपना पनि उत्तिकै देखाइएको थियो ।

हर्ले, अमेरिका, ब्रिटेन र फ्रान्सका साथै सोभियत संघले समेत च्याङको प्रस्तावलाई स्वीकार्नका लागि दिएको दवाबलाई अस्वीकार गर्दै माओले नयाँ प्रस्ताव अगाडि सार्नुभयो । नयाँ प्रस्तावमा एकदलीय तानाशाही र राजनीतिक संरक्षणको अन्त्य, जनताको स्वतन्त्रताको अधिकारमाथि दमन गर्ने सबैखाले ऐन-कानूनहरूको खारेजी, गुप्त पुलिस संस्थाको खारेजीका साथै कम्युनिष्ट इलाकाहरूको घेराबन्दीको फुकुवा, जापानविरोधी सम्पूर्ण सैनिक समूहहरूलाई कानूनी मान्यता र मुक्त क्षेत्रहरूमा जननिर्वाचित सरकारहरूलाई वैधानिकताको पक्ष समावेश गरिएको थियो ।

यसैबीच च्याङ काई-शेकले हर्लेको सुझावमा पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्सको घोषणा गरे । माओद्वारा हर्लेलाई दिइएको सुझावमा कन्फरेन्सको आयोजना गरेर कोमिन्ताङ, कम्युनिष्टहरू र डेमोक्रेटिक लीगलगायत स्वतन्त्र पार्टी र समूहको सहभागितामा प्रतिनिधिमूलक वार्ता गर्ने प्रस्ताव समावेश थियो । तर च्याङले प्रतिनिधित्व र निर्णयको सवालमा सम्पूर्ण रूपमा आफ्नो सरकारको कडा नियन्त्रण हुनेगरी कन्फरेन्स बोलाएका थिए । हर्लेकै नीति-निर्देशनमा यस्तो अर्थहीन कन्फरेन्स बोलाइएको कारणले अरू कोही पनि सहभागी भएनन् । त्यसपछि नेशनल एसेम्बली बोलाएर च्याङले आफू सुधारवादी भएको प्रमाणित गर्न खोजे, तर सबै विपक्षी पार्टीहरूले एसेम्बलीमा सहभागिता नजनाईकन उनलाई पुनः लोप्पा ख्वाए ।

च्याङले नेशनल एसेम्बलीमा चिनियाँ कम्युनिष्ट पार्टीलाई सहभागी बनाएर कानूनी मान्यता दिनुभन्दा अगाडि नै अमेरिकी कमाण्डरको नेतृत्वमा कोमिन्ताङ र कम्युनिष्टका एक-एक प्रतिनिधि समावेश हुने तीन सदस्यीय कमिटीसमक्ष आफ्ना सबै लालसेनालाई बुझाउनु पर्ने शर्त अगाडि सारे । कम्युनिष्ट पार्टीले ती शर्त र दवावभित्र लुकिरहेका सबै षडयन्त्रहरूमा अमेरिका र च्याङले कम्युनिष्ट पार्टीको संयुक्त सरकार बनाउने जायज र समयोचित मागलाई लत्याउने, लालसेनालाई आफ्नो नियन्त्रणमा राख्ने र मुक्त क्षेत्रमाथि कब्जा जमाउने दुर्नियत रहेको व्याख्या गर्‍यो । त्यसमाथि चीनस्थित अमेरिकी फौजहरूका कमाण्डर अल्बर्ट सी. वेदेमेयरले च्याङ काई-शेकको पक्षमा सेना, शस्त्रास्त्र र पैसा ओइर्‍याउन थालेपछि कम्युनिष्ट पार्टीले पनि आक्रामक रवैया अपनाउन थाल्यो ।

यस्तो स्थितिमा माओले चेतावनी दिँदै भन्नुभयो : "राजदूत प्याट्रिक जे. हर्लेले प्रतिनिधित्व गर्ने अमेरिकाको चीनसम्बन्धी नीतिले चीनमा गृहयुद्ध सिर्जना गरिरहेको छ । ....यदि प्रतिक्रियावादी शक्तिहरूलाई सहयोग दिइरहने र उनीहरूका कुकर्महरूलाई उक्साइरहने .... तथा चिनियाँ जनतालाई आपसमा लडाइरहने हर्ले-नीति निरन्तर जारी रह्यो भने अनि त्यसमा कुनै परिवर्तन नभएमा यसले अमेरिकी सरकारमाथि कम्मर भाँच्ने खालको बोझ थप्नेछ, किनकि यसो गरेर उसले दशौं करोड जागृत वा जागृत भइरहेका चिनियाँ जनतासँग शत्रुता मोलिरहेको हुनेछ ।"

उहाँले अमेरिकी जनतालाई सावधान गराउँदै के भन्नुभएको थियो भने उनीहरूको सरकारको प्रतिक्रियावादी नीतिले उनीहरूलाई पनि अन्तहीन दुख र समस्याहरूको सागरमा डुबाइदिनेछ, किनकि विदेशमा आक्रमणकारी नीति अपनाइरहेको सरकारले निसन्देह आफ्नै जनताविरुद्ध पनि त्यस्तै कडा हथकण्डाहरू अपनाउँछ, अमेरिकी नीति वर्तमान कालमा जापानी आक्रमणविरोधी युद्धका लागि र भविष्यमा विश्वशान्तिका लागि बाधक बन्नेछ ।



*वार्ताको मध्यस्थता गर्ने अमेरिकी राजदूत प्याट्रिक जे. हर्लेका साथ माओ छुङकिङमा शान्तिवार्ताका लागि जाँदै*

**चिनियाँ जनतालाई आपसमा लडाइरहने हर्ले-नीति निरन्तर जारी रह्यो भने यसले अमेरिकी सरकारमाथि कम्मर भाच्ने खालको बोझ थप्नेछ**

## छुङकिङ वार्ताका लागि प्रस्थान

अगस्ट १९४५ मा चीन र विश्वमा उथलपुथलकारी घटनाहरू भए । अगस्ट ८ मा सोभियत संघले जापानविरुद्ध युद्ध छेड्ने क्रममा मंचुरिया कब्जा गर्‍यो । जापानले सोभियत संघका लाल सैनिकहरूसमक्ष आत्मसमर्पण गर्न थाल्यो । अगस्ट १० मा अमेरिकाले उत्तरी चीनका विभिन्न उत्तरी शहर, यातायात र संचार सेवामाथि कब्जा जमाउन च्याङ काई-शेकका सैनिकहरूलाई सहयोग गर्न सैनिक परिचालन गर्‍यो । अगस्ट ११ मा च्याङले लालसेनाका सेनाध्यक्ष चु तेहलाई तार पठाएर 'पोट्सड्याम घोषणा'अनुसार जापानी सैनिकहरूको आत्मसमर्पणलाई नस्वीकार्न आदेश पठाए । चु तेहले पोट्सड्याम घोषणाअनुसार च्याङको आदेश नै अवैधानिक भएको आरोप लगाउँदै लाखौं जापानी सैनिकहरूको आत्मसमर्पणलाई स्वीकार्न थाले ।

च्याङ काई-शेकले गृहयुद्धको आगो भड्काउन थालेको आरोप लगाउँदै अगस्ट १३ मा माओले कडा चेतावनी दिनुभयो- "अचेल च्याङ काई-शेक आफ्नो तरवार उध्याउँदै छन्, हामीले पनि हाम्रा तरवार उध्याउनैपर्छ । च्याङ काई-शेक हामीमाथि आइलाग्छन् भने हामी पनि उनीमाथि जाइलाग्छौं । च्याङ रोकिए भने हामी पनि रोकिन्छौं । उनले जसोजसो गर्छन्, हामी पनि त्यसै गर्छौं ।"

अगस्ट १४ का दिन हर्लेकै नीति-निर्देशनमा च्याङले सोभियत संघसँग मैत्री र एकताको सन्धि गरी आफ्नो तानाशाही शासनप्रति सोभियत अनुमोदन प्राप्त गरे । त्यही दिन जापानका लागि सर्वोच्च अमेरिकी सैनिक कमाण्डर जनरल डग्लस म्याकआर्थरले चीनमा जापानी सैनिकहरूको आत्मसमर्पणका लागि च्याङका सैनिकहरूसँग मात्रै सम्पूर्ण अधिकार सुरक्षित रहेको ओदश जारी गरे । अमेरिकाले एकातिर जापानको हिरोशिमा र नागासाकीमाथि आणविक बम प्रहार गरी विश्वलाई थर्कायो, अर्कोतिर चीनमा जल, थल र हवाई सेनाको सहयोग थुपारेर च्याङलाई बलवान बनायो ।

सम्पूर्ण युद्धको तयारी गरिरहेका च्याङले अमेरिका र सोभियत सहयोग पनि पाएको मौका पारी हर्लेले युद्धस्तरमा कूटनैतिक संघर्षको थालनी गरे । अगस्ट १९ मा उनी पुनः येनानतिर उडेर माओलाई छुङकिङमा च्याङ काई-शेकसँग शान्तिवार्ताका लागि निमन्त्रणा गर्न गए । वार्ताको तेस्रो पक्षको भूमिका खेल्दै मध्यस्थता गरिरहेको अमेरिकाले वार्ताकारहरूको व्यक्तिगत सुरक्षाको जिम्मा लिने घोषणा गर्‍यो । च्याङ काई-शेकले पनि लगातार तीनवटा तार पठाएर छुङकिङमा छिटोभन्दा छिटो वार्ता गर्नका लागि माओलाई डाके ।

अन्ततः अगस्ट २४ का दिन माओले च्याङसँग शान्तिवार्ता गर्ने फैसला गर्नुभयो । र, अमेरिकी राजदूत हर्लेलाई अगाडि अगाडि राखेर उहाँ आफ्ना सहकर्मी तथा कुशल वार्ताकारहरू चाओ एनलाइ र वाङ रो-फेईसँग राष्ट्रिय एकता र पुनर्निर्माणसम्बन्धी मामिलामा वार्ता गर्न छुङकिङतिर उड्नुभयो- शान्ति, प्रजातन्त्र र एकताको बुलन्द नारा लगाउँदै । ❑

*(अर्को अंकमा शान्तिवार्ताको क्रममा माओले अगाडि बढाउनुभएको क्रान्तिकारी कूटनीति र उहाँको व्यक्तिगत भूमिकाको नालीबेली प्रस्तुत गरिनेछ ।)*

# कुरुक्षेत्रको मैदान र भीष्म पितामहहरू

रमेश विकल

गत भदौ महिनाको २६ गते अमेरिकाको रक्षा मन्त्रालय पेन्टागन भवनमा भएको आतंकवादी आक्रमणले मलाई एउटा पौराणिक आख्यानको सम्झना गरायो । हिन्दूहरूको यस पवित्र र आदर्श, शायद सबैभन्दा प्राचीन काव्य-ग्रन्थ रामायणको कथा थियो यो ।

आख्यानअनुसार रक्षा-संस्कृतिको प्रवर्तक अत्यन्त वलशाली दशानन रावणको लंका राज्य सबै पक्षबाट अत्यन्त वैभवशाली थियो । भौतिक विज्ञानको चरम उन्नतिमा पुगेको यो राज्य सुवर्णको नगर थियो । यो चारैतिरबाट समुद्रद्वारा किल्लावन्दी गरिएकोले र यसलाई अत्यन्त पराक्रमी राक्षस सेनाले अहोरात्र सतर्क संरक्षण दिइरहने, दिव्य अस्त्र-शस्त्रले सुसज्जित भएकोले यस राज्यलाई बाह्य आक्रमणको कुनै भय थिएन । यो अत्यन्त सुरक्षित र अभेद्य मानिन्थ्यो । यसभित्र महावली रावणको आज्ञाबिना एउटा फिस्टो पनि प्रवेश गर्न सक्तैनथ्यो ।



रमेश विकल



आफ्नो प्रभुत्व कायम गर्न अभ्यासरत अमेरिकी युद्धवाहनहरू

पुल्यस्त्य ऋषि कुलमा जन्मिएको रावण षडशास्त्रज्ञ, प्रकाण्ड विद्वान, वेदज्ञ मात्र होइन, दिव्यास्त्र विज्ञानमा पनि पारङ्गत, शैन्य बलमा अद्वितीय, महाशक्तिशाली वीर पराक्रमी पनि थियो । कुवेरको अलकापुरी र इन्द्रको अमरापुरीसमेत विजय गरेर त्यस युगको एक मात्र पुष्पक विमानसहित विश्वको सम्पूर्ण ऐश्वर्य-वैभव बटुलेर ऊ अकण्टक राज्य गर्थ्यो ।

यही धन, ऐश्वर्य, शक्ति-पराक्रम र प्रकाण्ड विद्वत्ताको कारणले गर्दा ऊ क्रमशः शक्ति-वैभवमदमा अन्ध हुँदै गएको थियो । आफ्नो लंका अतिसुरक्षित र आफ्नो राज्य अति अकण्टक रहेको भावना विकसित हुँदै गएर उसमा प्रचूर आत्मविश्वासको भण्डार भरिएको थियो । तर यस अति आत्मविश्वास उन्मादको रूपमा विकसित भएर उसमा चरम् अहंकार र दम्भको सृजना पनि भएको थियो । यही ऐश्वर्य, पराक्रम र शक्तिमदमा चूर भएर उसले अरू कसैलाई पनि भुसुनाभन्दा बढी नगन्ने भएको थियो ।



यसै शक्ति र ऐश्वर्यमदमा मत्त भएर ऊ क्रमशः विलासी पनि बन्दै गयो । विलासले उसलाई अत्याचारी पनि बनाउँदै लग्यो र ऊ विश्वलाई नै आफ्नो भोग-विलासको साधन ठान्न थाल्यो । ऊ भोगैश्वर्य प्राप्तिका लागि कस्तै जघन्य उपाय पनि अपनाउन तत्पर हुन्थ्यो । ऊ भोग विलासको चरममा पुगेर स्त्रीलम्पट पनि बन्न पुग्यो । संसारका सबै स्त्रीलाई उसले आफ्नी भोग्या ठान्न थाल्यो र यसो हुँदा उसले नारी मर्यादा, गुरू मर्यादासमेत उल्लंघन गरेर मानवीय आचरण लत्याएर दानवीय प्रवृत्ति अपनाउन पुग्यो । अहंकारमा चूर उसले सम्पूर्ण विश्वलाई आफ्नै पैतालामुनि दवाउने अभियानमा स्वर्ग-मर्त्य-पाताल तीनै लोकमा आतंक मच्चायो । स्वर्गमा आक्रमण गरेर शक्तिशाली इन्द्रलाई परास्त गर्‍यो, अलकापुरी विजय गरेर कुवेरको पुष्पक विमानमा अधिकार जमायो । विश्वका शक्तिशाली राज्यदेखि लिएर निर्वल राज्यहरूलाई पनि आक्रान्त तुल्याएर सबैतिर आफ्नो निष्कण्टक साम्राज्य फैलायो ।

स्त्रीलोलुपतामा ऊ कति पराकाष्टामा पुग्यो भने, उसले आफ्ना परम् गुरू शिवकी पत्नी , आफ्नी गुरूआमा शैलपुत्री पार्वती उमामाथि पनि कुदृष्टि लाउन चुकेन । अनि यसै स्त्रीलम्पटताको बसमा परेर उसले अयोध्याका राजा दशरथ पुत्र श्री रामकी त्रिलोक सुन्दरी सीतालाई समेत अपहरण गरेर आफ्नो राज्य लंका नगरीमा पुर्‍यायो । त्यतिखेर उसले आफ्नी अर्धाङ्गिनी सहगामीनी पत्नी मन्दोदरीको कल्याणकारी परामर्श र अरू आफ्ना साँच्चैका हित-चिन्तकहरूको सल्लाह, समर्थन, अनुनय-विनय कुनै सुनेन र केवल आफ्नो अन्ध भोगेक्षाद्वारा प्रेरित भएर आफ्नो पतनको मार्ग रेखाङ्कन गर्‍यो ।

आफ्नी अत्यन्त प्यारी पत्नी सीताको अपहरण भएपछि भाइ लक्ष्मणसहित श्रीरामले किष्किन्धा राज्यका बानर जातिका राजा सुग्रीबसँग मितेरी (कूटनैतिक) सम्बन्ध बनाएर आफ्नी पत्नी सीताको खोजी गरिदिन अनुरोध गरे । सुग्रीबले आफ्ना बानर सेनाका टोलीहरूलाई





**रावणको सुनको लंकाजस्तो पेण्टागन भवन र विश्वव्यापार केन्द्रका भवनहरूलाई त्यही आतंकवादको हनुमान झिल्कोले भष्मीभूत पारिदिंदा अमेरिकालाई आफ्नो शक्तिको आभास भएको छ**

*राष्ट्रपति बुश र जलिरहेको विश्व व्यापार केन्द्रको भवन*

चारै दिशामा पठाए । तिनै सेनाका समूहमध्ये बालीपुत्र अंगदको नेतृत्वमा दक्षिण दिशातिर गएको एउटा टोलीका उप-नायक हनुमानले अथाह समुद्र खाडी पार गरेर गोप्य रूपले लंकामा प्रवेश गरी सीताको पत्तो लगाए । तर उनी रावणका अति कुशल गुप्तचरहरूद्वारा पक्राऊ परे ।

यसरी एउटा पछौटे बानर जातिको तुच्छ व्यक्तिले आफ्नो राज्यको अभेद्य किल्ला भेदन गरेर राजधानी लंकामा प्रवेश गरेर आफ्नो अति सुरक्षाकवच तोडेको पाएर रावण क्रोधले ज्वालामुखी बन्न पुग्यो । अनि यस ज्वालामुखीको विष्फोट हनुमानलाई जिउँदै जलाएर प्राणदण्ड दिने फैसलामा भयो । तर 'म ताक्छु मूढो, बञ्चरो ताक्छ घुँडो' भनेझैं यसको परिणाम उल्टै पो भयो । जिउँदै शरीरमा आगो लगाइएका हनुमानले त्यही अग्निज्वालामा रावणको अति सुरक्षित सुवर्णनगरी लंकामा डढेलो लगाएर आफू सागरको अथाह जलमा डुबेर सुरक्षित भएर किष्किन्धा फर्के । यसरी ऐश्वर्य, वैभव, ज्ञान-विज्ञान र अमोघ दिव्य अस्त्रशस्त्र सैन्यशक्ति, वीरता, पराक्रमले युक्त भएर अत्यन्त सुरक्षित, अभेद्य मानिएको लंका नगरीमा आगो लागेर रावणको अहंलाई एउटा चोटिलो थप्पड लाग्यो, उसको शक्ति र वैभवको अहं चूरचूर भयो ।

झन्नैझन्नै यस्तै कथा आजको एक्काइसौं शताब्दीको विश्वमा पनि घटित भएको छ । गत भदौ २६ गते मंगलबारको स्थानीय समयअनुसार बिहान लगभग नौ बजेतिर अमेरिकाको रक्षा मन्त्रालय पेन्टागन भवन र न्यूयोर्कस्थित विश्वव्यापार केन्द्रका दुई उच्च उच्च गगनचुम्बी भवनमा अज्ञात आतंकवादी समूहका हनुमानले विमान ठोकाएर तिनलाई ध्वस्त पारिदिए ।

आश्चर्यको कुरा त के भयो भने, ती दुई ठाउँका तीन वटा भवनहरूमा क्षेप्यास्त्रका रूपमा प्रयोग गरिएका विमानहरू स्वयं अमेरिकाका यात्रुबाहक विमानहरू थिए । यी विमानका अपहरणकर्ता र ती भवनहरूमा लगेर ठोक्काउने विमान चालकहरू पनि बाह्र वर्षदेखि अमेरिकामै बसेर हवाइ उडानको तालीम लिएका मानिसहरू थिए ।

१४९८ मा इटालीका जहाजी (खोजी) क्रिस्टोफर कोलम्बसले भारतको भ्रमणमा निस्कँदा अमेरिका पत्ता लगाएपछि यो देश युरोपका विभिन्न मुलुकहरूको उपनिवेश रह्यो । पछि संघीय गणतन्त्रको रूपमा स्थापित भएपछि पनि लामो समयसम्म आफ्नै आन्तरिक गृहकलहमा फसेको यो मुलुकको स्थिति विश्वमा त्यति बलियो थिएन, आफ्नै अस्थिरतामा अल्झिएर रहेको थियो । अनि एक्कासी १९३३ को दशकतिर जर्मनीको अति महत्वाकांक्षी शासक एडोल्फ हिटलरलाई मित्र राष्ट्रहरूको सहयोगमा परास्त गरेर टुक्रा टुक्रा तुल्याएपछि विश्वको राजनीतिक बजारमा वर्चश्व कायम भएर अमेरिका विश्वको ठूलो शक्तिमा गनिन थाल्यो । त्यसपछि आफ्नो आर्थिक-औद्योगिक र खास गरी, हात-हतियार र सामरिक अस्त्रशस्त्र र वैज्ञानिक अनुसन्धान क्षेत्रमा विकास गर्दै विश्वको दोस्रो महाशक्ति राज्यको दर्जा पायो ।

तर विश्वका अरू राष्ट्रहरूलाई आफ्नो कूटनीतिक चाल, धन र अस्त्र शक्तिको बलमा उछिनेर विश्वको दोस्रो शक्तिमा उक्लन पुगेको यसको उन्नति र प्रगतिको पछाडि, समृद्धिको पछाडि विश्वका अरू धेरै विकासोन्मुख र अविकसित (केही विकसित पनि) राष्ट्रहरूको चरम दुर्गति, चरम अधोगति र नैतिक पतनहरूका कथा-व्यथा लुकेका छन् ।

पूर्वीय संस्कृति र सभ्यताले सम्पन्न, समृद्धशाली परंपराको जापानजस्तो देशलाई आणविक शक्तिद्वारा ध्वस्त तुल्याएर, विश्व व्यापारको होडमा द्रुततर गतिले उछिन्दै थोरै समयमा अपार ऐश्वर्यशाली बनेर विश्वका प्रायः सबै अर्ध-विकसित, विकासोन्मुख देशहरूलाई आफ्नो प्रलोभन, राजनीतिक कूट चाल र सांस्कृतिक अतिक्रमणद्वारा आफ्नो ईशारामा चलाएर आफ्नो आर्थिक-सांस्कृतिक, साथै, परोक्ष राजनीतिक साम्राज्य विस्तार गर्दै विश्वबजारको प्रायः सम्पूर्ण व्यवस्था आफ्नो मुट्ठीमा पारेर आफ्नो शक्ति र प्रभाव फैलाउन यो सफल भयो । आफ्नो वैज्ञानिक भौतिक शक्ति विस्तारका लागि यसले विश्वका उच्चतम्, विशिष्टतम् विव्दानहरूलाई (तर आफ्नै मुलुकमा उत्पीडित, अपहेलित प्रतिभाहरू- वैज्ञानिक दार्शनिक, प्राविधिज्ञहरूलाई कर-बल र प्रलोभन मात्र नदिई अपहरितसमेत गराएर) आफ्नो देशमा लगेर उनीहरूको विशिष्ट वैज्ञानिक अनुसन्धान, आविष्कारहरूले आफूलाई प्रतिदिन समृद्ध र शक्तिशाली तुल्याउँदै लगेर विश्वमा आफ्नै समकक्षी प्रतिद्वन्दी रहेको सोभियत रूसलाई पनि आफ्नो गुप्तचरमार्फत्, गोर्भाचोव र एल्त्सीनजस्ता एजेण्ट खड़ा गराएर त्यस मुलुकको सुदृढ अर्थ व्यवस्था (समाजवादी अर्थतन्त्र)लाई र सांगठनिक राज्य स्वरूपलाई भताभुंग तुल्याएर आफू सर्वोच्च शक्ति केन्द्र हुनपुग्यो ।

यसरी विश्वको एक नम्बरको शक्तिकेन्द्र बनेपछि उसले विश्वभातृत्व, विश्वशान्ति, मानवताको संरक्षण आदि अनेकौं आकर्षक नाराहरूका आडमा आफ्नो सामारिक उत्पादनको विश्वबजार बिस्तार गर्न गरीब र विकासाकांक्षी मुलुकहरूमा विखण्डन, गृहकलह, छिमेक छिमेकमा सीमा द्वन्द सृजना गराउने, अनि सांप्रदायिक नेताहरूलाई किनेर उनीहरूद्वारा धार्मिक, साम्प्रदायिक विग्रह सृजना गराउँदै आफ्नो सामरिक उत्पादन र आतंकवादी युद्ध-कौशलको विस्तार गऱ्यो । उसले आणविक शक्ति सन्तुलन गर्न तत्परता देखाएमा आफ्नै धन र अधितनाय-कत्वमा गठन भएको संयुक्त राष्ट्र संघ नाउँको कठपुतली संगठनमार्फत् विशेषाधिकार प्रयोग गरेर अरूलाई आणविक सुरक्षा कवजबाट वञ्चित गराउने र यस्ता सामरिक अस्त्र उत्पादन, व्यापार र वितरणमा एकाधिकार गर्ने कुटनीतिमा सफलता प्राप्त गर्दै गयो । यसको एउटा दृष्टान्त विश्व तापक्रमसम्बन्धी प्रोटोकललाई अस्वीकार गर्नु र १९७२ ई.को क्षेप्यास्त्र प्रणालीको निर्माणसम्बन्धी 'क्षेप्यास्त्र प्रतिरोध सन्धि' भंग गराउने प्रयास गर्नु नै पर्याप्त छ ।

प्रकारान्तमा यसरी विश्व अर्थ र राज्य संचालन संयन्त्रमाथि आफ्नो अर्थतन्त्र र शस्त्रास्त्र-तन्त्रका साथै वाणिक सम्यताको निर्द्वन्द, निरंकुश



*आरोपित आतंकवादी : ओसामा बिन लादेनका विविध मुद्राहरू*

आतंककारी प्रभुसत्ता स्थापित गरेपछि उसले आफूलाई अजेय र आफ्नो मुलुकलाई रावणको लंकाजत्तिकै अभेद्य र सुरक्षित ठानेर त्यसैको मदमा विश्वमा अप्रत्यक्ष एकाधिकारी सत्ता विस्तार गर्न अरू साना, मझ्यौला मुलुकहरूमा सामाजिक, सांस्कृतिक र संकीर्ण जातीय संकुचित विखण्डनवादी विग्रहलाई भित्रभित्रै आर्थिक टेवा दिएर त्यसलाई मलजल गर्दै हुर्कायो ।

तर उसले आफूले अति अभेद्य मानेको रावणको सुनको लंकाजस्तो पेण्टागन भवन र विश्वव्यापार केन्द्रका भवनहरूलाई त्यही आतंकवादको हनुमान झिल्कोले भष्मीभूत पारिदिंदा उसलाई आफ्नो शक्तिको आभास भएको छ । ऊ आफ्नो रावणीय अहंकारमा सानो चोट पर्दा रन्थनिएर विश्वलाई नै तृतीय महायुद्धको लपेटामा लपेट्न प्रवृत्त भएको छ -विक्षिप्तताको हदसम्म पुगेर । सोभियत रूसजस्तो आफ्नो प्रतिव्दन्दितामा उत्रन खोज्ने शक्तिलाई पनि आफूभित्रै विग्रह खडा गराएर टुक्रा टुक्रामा विखण्डित गराउन सफल हुँदा आफूलाई सर्वशक्तिमान विश्वनायकका रूपमा कल्पना गरेर वैभव र शक्तिमदमा



*अफगानिस्तान भन्ने देशमा तालिवान सत्ता र उसद्वारा संरक्षित आतंककारी बिन लादेन र उसको अलकायदा मात्र छैन, त्यहाँ निरीह अफगानी जनता पनि छन्*

*अफगानिस्तानको राजधानी काबुलमा हालै अमेरिकी बम वर्षाका कारण ध्वस्त भएको एक भवन*

मदान्ध भएको मुलुकको अहंकारलाई दनक दिने यस अकल्पनीय घटनाले विश्वका अरू शक्तिहरूलाई पनि झस्काइदिएको छ । त्यति मात्र होइन, आतंकवादको यस घटनाले विश्वका अरू विकासशील र शान्तिप्रिय साना मुलुकहरूलाई पनि भावी विनाशको संकेत दिएको छ ।

हुन त यसरी विश्वशान्ति र मानवतालाई नै आक्रान्त तुल्याइरहेकाहरूको जन्मथलो हिजोको अमेरिका नै हो भन्दा अत्युक्ति नहोला । किनभने काला जातिको समान अधिकारका विरूद्ध दक्षिणी राज्यहरूमा संगठन ठगरिएको गोरा जातिहरूको तीन के समूह "कु-क्लस-क्लान" (Ku-Klax-Klan) नै आजको विश्व आतंकवादको माऊ हो भन्दा अत्युक्ति नहोला । यही गोरा संगठनले मानव अधिकारको उपभोग गर्न खोज्ने कालाजातिको हत्या, हिंसा र क्रुर दमन गरेर समाजमा घोर आतंक फैलाएको थियो ।

अनि, आजको पेन्टागन र विश्व व्यापार केन्द्रमा आतंकवादी आक्रमणको नायक मानिएको साउदी अरेवियाको ओसामा बिन लादेन र उसको दल 'अल कायदा' पनि स्वयं अमेरिकाकै सृजना हो र उसको आफ्नै पालितपोषित पुत्र हो । आजभन्दा एक डेढ दशक अगाडि आफ्नो महत्वाकांक्षी प्रतिद्वन्दी सोभियत रूसको अफगानिस्तानमा प्रभाव बिस्तार हुनलाग्दा त्यसलाई रोक्ने प्रकृयामा आफ्नो गुप्तचर सि.आई.ए. मार्फत् अत्याधुनिक अस्त्र शस्त्र र आतंकवादी गोरिल्ला युद्ध प्रशिक्षण दिलाउन अन्दधुन्द डलर खर्च गरेर जन्माइएको आतंकवादी कमाण्डर हो- ओसामा बिन लादेन ।

त्यतिखेर यही ओसामा बिन लादेन अमेरिकाका लागि 'स्वतन्त्रता संग्रामको महासेनानी' भएको थियो । तर आज आएर त्यही मानिस 'मानवताको शत्रु राक्षस' भएको छ । किनभने उसले आफैंले सुसज्जित गराएको हतियार, आफैंले दिएको आतंकवादी प्रशिक्षणलाई आफैंतिर सोझ्याएको छ : आफ्नै अभेद्य मानिएको पेन्टागनको लंकालाई हनुमान राँकोले सल्काएर आफ्नो अजेय र विश्वनायकताको शक्ति अहंलाई ठूलो चोट दिएको छ । यसै चोटले छटपटिएर समग्र विश्वलाई नै महासमरको डँढेलोमा सल्काउने प्रत्यत्न गरिरहेको छ ।

आज आतंकवादको बढ्दो प्रवृत्तिद्वारा अमेरिका मात्र होइन, विश्वको प्रत्येक राष्ट्र आक्रान्त छ । र, यस दुर्दान्त समस्याबाट कसरी छुट्कारा पाउने भन्ने विषयलाई लिएर सम्पूर्ण विश्व मानवता चिन्तित छ र आफ्नो आफ्नो स्तरमा प्रयत्नशील पनि छ । तर तालिवान र लादेन खाले आतंकवादलाई निर्मूल गर्न अर्को खाले आतंकवाद विश्वमानवताको संरक्षणका नाउँमा विश्व मानव संस्कृति र सभ्यतालाई नै दन्किदो महासभाको अग्निमा होम्न तत्पर हुनुको औचित्य कत्ति र के छ ? के यो विवेकशील मानवताको दृष्टिले साँच्चै उचित समाधान हुन लागेको छ ?

ओसामा बिन लादेन आजको आतंकवादको नाइके हो र त्यसलाई संरक्षणमा राख्ने अफगानिस्तानको तालिवान सत्ता पनि आतंकवादको संरक्षक मात्र होइन, विश्वको मानव सभ्यता र संस्कृतिको विनाशक र घोर शत्रु हो । यसमा दुई मत नहोला । यो समूह सांस्कृतिक, धार्मिक सहिष्णुतादेखि अत्यन्त पर, मानवीय सम्वेदनाले शून्य अति अमानुषिक संकीर्ण संप्रादको अन्ध उपासक हो । यसको ज्वलन्त उदाहरण त केही महिनाअगाडि त्यहाँस्थित विश्व सांस्कृतिक सभ्यताका अमूल्य निधिहरू, विश्वमा सबैभन्दा उच्च बुद्ध प्रतिमा र अरू अमूल्य मूर्ति, चैत्य आदिको निर्मम-अमानुषिक भञ्जनले नै पुष्टि गरेको छ । तर अर्को पक्षले सोच्नु पर्ने कुरा के हो भने, अफगानिस्तान भन्ने देशमा तालिवान सत्ता र उसद्वारा संरक्षित आतंककारी बिन लादेन र उसको अलकायदा मात्रै छैन, त्यहाँ निरीह अफगानी जनता, कृषक मजदूर-आवालबृद्ध, रोगी, असत्त, निरीहजन पनि छन् । अमेरिकी अस्त्रशस्त्र, हात हतियार क्षेप्यास्त्र लगायतका अरू ध्वंशकारी अस्त्रहरूले तालिवान समूह, आतंककारी समूहका मानिसलाई मात्र छानीछानी मार्लान् ? र, ती निमुखा जनआवालवृद्ध बनिता उसको सामूपर्ने सबैलाई नछोई जालान् ? .. छोड्दैनन् । त्यसैले आज तालिवान र लादेनको आतंकवादलाई निर्मूल गर्ने नाममा अर्को ठूलो (विश्वयुद्ध)को आतंकवादको सृजना गर्दैछ अमेरिका । र, त्यसमा सम्पूर्ण विश्वलाई लपेट्दैछ । अमेरिकी वाणिक सभ्यताको गर्भबाट अब युद्ध संस्कृतिको जन्म हुँदैछ ।

पेन्टानगन भवन र विश्व-व्यापार भवनमा आतंकवादी आक्रमण भएपछि अमेरिकाले तिलमिलाएर एउटा वाध्यात्मक भनौं, वा हैकमवादी स्वरमा आह्वान गर्‍यो- "यदि तिमीहरू (विश्वका राष्ट्रहरू) यस युद्धमा मेरो पक्षमा लाग्दैनौ भने तिमीहरू सबैलाई आतंकवादीको हिमाइते अर्थात् आतंककारी मुलुक मानिने छ र त्यसको फल भोग्न तिमीहरूले बाध्य हुनु पर्नेछ । "

सामान्यतया यो एउटा आतंकवादको विरूद्ध लड्ने जनमत-आह्वान देखिन्छ । तर यसभित्र निहित ध्वनि प्रष्ट रूपमा एउटा हैकमवादी धम्कीको ध्वनि थियो र यस ध्वनि-आतंकको प्रभावमा विश्वका प्रायः सबै मुलुकका सत्ताधारीले त्यस आक्रमणलाई उचित बताएर नैतिक समर्थन मात्र जनाएनन्, आफ्ना आकाश र धर्ती समेत यस युद्ध प्रयोजनका लागि उपयोगमा दिने प्रतिवद्धता जनाए । किनभने यीमध्ये अधिकांश मुलुक 'भीष्म पितामह' थिए । उनीहरूले अमेरिकी नून खाएका थिए र उचित, अनुचित कुराको विवेचना नगरी उसको अन्ध समर्थन र सहयोग गर्नु आफ्नो 'कर्तव्य' ठान्थे । त्यसैले यो स्वाभाविक थियो र केही चाहिं अमेरिकाजस्तो महाशक्तिलाई चिढ्याउने स्थितिमा थिएनन् - यो पनि स्वभाविक थियो ।

तर हाम्रो शान्तिक्षेत्रको प्रस्तावक र असंलग्न परराष्ट्र नीतिमा प्रतिवद्ध मुलुकले यसरी अन्ध रूपले विश्व युद्धको सृजना गर्नसक्ने युद्ध - आक्रमणको समर्थन गर्नु आश्चर्यको कुरो हो । हो, हाम्रो मुलुक पनि आतंकवादको चपेटामा परेको छ । मित्र र 'विश्व आक्रान्त आतंकवाद'को विरोधी र प्रतिकारीका नाताले सामान्य नैतिक प्रकारको समर्थन दिनु र आफ्नै खाले प्रतिकारमा कसैको साथ दिने मानसिकता बनाउनु स्वाभाविक मान्न सकिन्छ । तर आफ्नो मुलुकको सम्विधान र राज्यको नीति उल्लंघन गरेर एउटा मित्र देशले अर्को सार्वभौम देशमाथि हमला गर्दा आफ्नो सार्वभौम आकाश र धर्ति समेतको उपयोग गर्न दिने घोषणा गर्नु असंलग्न परराष्ट्र नीति र मुलुकको संविधानलाई ठाडो रूपमा कुल्चिनु नै होइन र ?

यसबाट के सिद्ध हुन्छ भने हामी पनि विश्वका कतिपय आश्रित र संलग्न राष्ट्रजस्तै कौरवआश्रित भीष्म पितामहको पाङ्तिमा उभिन पुगिसकेछौं । ❑

# बेरूजु र राजस्व बक्यौताको डरलाग्दो चुली

**महालेखा परीक्षक विष्णुबहादुर के.सी.ले राजस्व बक्यौता यसरी भयावह रुपमा बृद्धि हुनु बेरुजुभन्दा गंभीर कुरा हो भन्ने टिप्पणी गर्नु भएको छ**

- राजकुमार के.सी.

कुनै पनि देशको अर्थतन्त्र, त्यस देशको आर्थिक प्रशासनमा निर्भर गर्दछ । आर्थिक प्रशासन जति प्रभावकारी हुन्छ, भ्रष्टाचार, आर्थिक अनियमितता त्यतिनै कम हुन्छ । यसले गर्दा आर्थिक उन्नतिको दिशामा देश अग्रसर हुन सघाउ पुऱ्याउँदछ । आर्थिक अनुशासन, उत्तरदायित्वपूर्णता र पारदर्शिताको अभावमा कुनै पनि मुलुकको अर्थतन्त्र धराशायी हुन्छ । बर्षैनी बृद्धि हुँदै जाने बैदेशिक ऋण आर्थिक असमानता, मुद्रा स्फितिले गर्दा देशमा आर्थिक अस्थिरता सृजना हुन थाल्छ । यसको नकारात्मक प्रभाव अन्य क्षेत्रमा पनि गंभीर रूपमा पर्न थाल्दछ । यसको ज्वलन्त उदाहरण महालेखा परीक्षकको ३८ औं बार्षिक प्रतिवेदन २०५८ बाट प्राप्त गर्न सकिन्छ ।

राज्यको सवैधानिक अंग महालेखा परीक्षकको प्रतिवेदनबाट के स्पष्ट हुन्छ भने देशमा आर्थिक अनुशासन र पारदर्शिता दिन-परदिन खस्किँदो छ, राष्ट्र साँच्चिनै बैदेशिक ऋणको खाडलमा घचेडिँदै छ । बर्षेनी बृद्धि हुँदैजाने बेरूजु रकमले आर्थिक ऐन र नियमावलीमा उल्लेख भएका कुराहरू कुन हदसम्म कार्यान्वयन भएका छन् सो स्पष्ट हुन्छ । आर्थिक बर्ष २०५६।५७ मा विगतको तुलनामा बेरूजुको बृद्धि कम देखिए पनि असुल गर्नुपर्ने राजस्व बक्यौतामा ३७४ प्रतिशतले बृद्धि भएको देखिएको छ । महालेखा परीक्षक विष्णुबहादुर के.सी.ले राजस्व बक्यौता यसरी भयावह रूपमा बृद्धि हुनु बेरूजुभन्दा गंभीर कुरा हो भन्ने टिप्पणी गर्नु भएको छ । महालेखा परिक्षक के.सी.को यो टिप्पणीले देशमा सरकारी निकायहरूमा भएका आर्थिक अनियमिता, गैह्र जिम्मेवारीपन कुन हदसम्म गिरेको रहेछ भन्ने कुरा बुझ्न सहयोग पुऱ्याउँदछ ।

महालेखा परीक्षकको ३८ औं बार्षिक प्रतिवेदनका अनुसार आर्थिक बर्ष २०५६।०५७ मा रू १७ अर्व ३६ करोड भन्दा बढी राजस्व बक्यौता छ । र, यो बक्यौताको ९९.६४ प्रतिशत स्थान पाँच मन्त्रालयले ओगटेको छ । प्रतिवेदन अुनसार झण्डै साढे २६ अरब रूपियाँ बेरूजू देखिएको छ । यसरी १७ अर्ब ३६ करोडभन्दा बढी राजस्व बक्यौता र साढे २६ अरव रूपियाँभन्दा बढी बेरूजु हुनुलें हाम्रा सरकारी नियकायहरूमा आर्थिक अनुशासन कुन हदसम्म गिरेको रहेछ भन्ने राज्यकै सवैधानिक निकायबाट सार्वजनिक भएको छ । अर्कोतिर, देशमा बढ्दो गरिवी, आर्थिक असमानता, भष्टाचार र आर्थिक गैह्रजिम्मेवारीपनले मुलुकको अर्थतन्त्रलाई झन तहस नहस तुल्याएको छ ।

किन आर्थिक अनियमितता बढ्दै छ त ? गत बर्षको तुलनामा बेरूजु र पेश्की रकम प्रतिशतमा घटेको भए पनि राजस्व बक्यौंता बढेको, असुल गरिएको राजस्व पनि दाखिला नगरिएको, आय ब्ययको विवरण यथार्थ हुन नसकेको र बैदेशिक सहायतालाई बजेटको परिधिभित्र राखी लेखा परिक्षण गराउन नमानिएको वैदेशिक सहायतासंम्बन्धी रकमसमेत महालेखा परीक्षकलाई उपलब्ध गराइनुले पारदर्शितामा ठूलो समस्या सृजना गरेको छ । आर्थिक ऐन अनुसार हरेक मंत्रालयको प्रमुख लेखा अधिकृत संम्बन्धित मंत्रालयका सचिव हुने र उनीहरूले आर्थिक अनुशासन जिम्मेवारीपूर्वक पूरा नगर्ने भएकाले बर्षेनी अरवौंको बेरूजु बढ्दै गएको छ ।

यसरी बेरूजु बढ्नुको प्रमुख कारण सरकारी कर्मचारीहरूको गैरजिम्मेवारीपन हो भन्न सकिन्छ । महालेखा परीक्षक विष्णुबहादुर के.सी. महालेखाले प्रत्येक वर्ष तथ्यांक प्रस्तुत गर्ने र सरकारले त्यसलाई बेवास्ता गर्दै जाने हो भने त्यसको के अर्थ रह्यो भनी प्रश्न गर्नुहुन्छ । उहांकै शब्दमा भन्ने हो अहिले प्रशासन 'बेवारिसे' भएको छ । राजनीतिक हस्तक्षेप र सरकारी कार्यहरूको भ्रष्ट मनोवृत्तिले आर्थिक प्रशासनमा अपारदर्शिता प्रत्येक वर्ष बढ्दैछ । यसरी बढ्दै गएको आर्थिक अनियमिततामा नियन्त्रण नआउने हो भने देशको समग्र अर्थ व्यवस्थामा छिटै गम्भीर समस्या नआउला भन्न सकिन्न । बेरूजु बढ्नु, राजस्व बक्यौता बढ्नु भनेको साधारण खर्चमा बृद्धि हुनु हो, जब साधारण खर्चको मात्रा बढ्छ, विकास खर्च घटाउनु पर्ने हुन्छ । विकास खर्च घटाउनु भनेको दीर्घकालीन रूपमा हुने पूंजी निर्माण र उत्पादकत्वमा ह्रास आउनु

## महालेखाको प्रतिवेदन, २०५८ ले उदांगो पारेको नेपाली अर्थतन्त्रको भयावह तस्वीर

### आर्थिक वर्ष २०५६/५७ मा

- ४४.५२ अर्व रुपैयाँ राजस्व उठाउने योजना राखिएकोमा ४२.८९ अर्व मात्र राजस्व उठ्यो । अर्थात् लक्ष्यको ९६ प्रतिशत राजस्व मात्र उठ्यो ।
- रु. ४१.८५ अर्व विकास खर्च गर्ने लक्ष्य राखिएकोमा केवल ३१ अर्व ७५ करोड मात्र खर्च भयो, अर्थात् लक्ष्यको ७६ प्रतिशत मात्र विकास खर्च भयो ।
- रु. ८.६५ अर्व विदेशी अनुदान ल्याउने लक्ष्य राखिएकोमा केवल ५.७१ अर्व अनुदान मात्र प्राप्त भयो । अर्थात् लक्ष्यको ६६ प्रतिशत अनुदान मात्र प्राप्त भयो ।
- विदेशी ऋण रु. १८.५६ अर्व भित्र्याउने लक्ष्य राखिएकोमा रु ११.८१ अर्व मात्र भित्रियो । अर्थात् केवल लक्ष्यको ६४ प्रतिशत विदेशी ऋण प्राप्त भयो ।
- नेपालको तिर्न बाँकी विदेशी ऋण १९४.३७ अर्व रुपैयाँ पुगेको छ ।
- राज्यले एक वर्षमा प्राप्त गर्ने विदेशी ऋणको आधाआधी हिस्सा विदेशी ऋणकै सावाँ ब्याज भुक्तानीमा खर्च गर्नुपर्ने स्थिति देशमा छ । किनकि मुलुकले वर्षमा ११.८१ अर्व विदेशी ऋण प्राप्त गर्छ र एक वर्षमा विदेशी ऋणको सावाँ ब्याज भुक्तानीमा मात्र ५.३२ अर्व रुपैयाँ खर्च गर्छ ।
- नेपालमा ५० प्रतिशत भन्दा बढी वैदेशिक अनुदान बजेटको परिधिभित्र आउन सकेको छैन । तसर्थ प्राप्त हुनेमध्ये आधाआधी अनुदान रकमको लेखा परीक्षण नै हुने स्थिति छैन ।
- नेपालमा अहिले मुलुकको राजस्वको ८० प्रतिशत रकम साधारण खर्चमै सकिन्छ । तसर्थ विकास खर्चको निम्ति पैसा नै नभएर विदेशी सहायता र आन्तरिक ऋण लिनुमै भरपर्नु पर्ने स्थिति छ ।
- नेपालको कुल आन्तरिक ऋण रु. ५१.६७ करोड पुगेको छ । यो अघिल्लो वर्षभन्दा ९.९८ प्रतिशतले बढेको छ ।
- विदेशी ऋण र अनुदानले चल्ने आयोजनमा राज्यले ब्याहोर्नु पर्ने २० प्रतिशत रकमको म्याचिङ फण्ड सरकारले जुटाउन नसकेर थुप्रै आयोजनाहरु समयमै पूरा गर्न नसकिने स्थिति पैदा भएको छ ।
- यो वर्षको लेखा परीक्षणबाट देखिन आएको समष्टिगत बेरुजु ११ अर्व ६८ करोड पुगेको छ ।
- पहिलेको वर्षहरुको फछ्र्यौट हुन बाँकी बेरुजु समेत जोड्दा नेपालको कुल राष्ट्रिय बेरुजु २६ अर्व ४१ करोड पुगेको छ ।
- सरकारले उठाउनै पर्ने राजस्व बक्यौता रकम मात्रै अहिले रु. १७.३७ अर्व पुगेको छ । स्मरणीय छ, ४ वर्षअघि २०५२/५३ मा मात्र यो रकम केवल ३.६७ अर्व थियो ।
- सरकारी निकायले उठाउनु पर्ने राजस्व, पेश्की, बेरुजु, बैदेशिक ऋण अनुदानमा लिनु पर्ने शोधभर्ना र अग्रीम कर कट्टी समेत गर्दा उठाउनै पर्ने कुल सरकारी बक्यौता रकम रु. ७१.७० अर्व पुगेको छ । □

हो, जसले गर्दा मुलुक आर्थिक मन्दीको दिशातिर धकेलिने हुन्छ र वैदेशिक ऋणमा बढी भर पर्नुपर्ने हुन्छ । विगत दश वर्ष यता वैदेशिक ऋण लगभग १५ प्रतिशतले वृद्धि भई ६५% पुगेको छ । अर्थशास्त्रीहरूका अनुसार यी प्रत्येक कुराहरू एक अर्कामा सम्बन्धित हुन्छन् । बेरूजु र राजस्व बक्यौता किन बढ्छ ? भ्रष्टाचार र आर्थिक अनियमिता नै यसका प्रमुख कारक तत्वहरू हुन् भन्ने कुरामा दुईमत हुन सक्दैन । यसरी ३७४ प्रतिशतले बृद्धि भएको राजस्व बक्यौता र रू. २६ अर्बभन्दा बढीको वेरूजुले के इंगित गर्दछ त भन्दा मुलुकमा भ्रष्टाचार यति तीव्र रूपले बढिरहेका छ, जसले अर्थतन्त्रलाई विल्कुलै कमजोर बनाउँदैछ । यसको प्रत्यक्ष प्रभाव मूल्य एवं उत्पादकत्व र रोजगारीमा परेको छ । अर्थशास्त्री प्रो. गुणनिधि शर्माको विचारमा बेरूजु बढनु भनेको भ्रष्टाचार बढ्नु हो । भ्रष्टाचारले सजिलो आयलाई बढाउँछ, फलस्वरूप एकातिर समाजमा आर्थिक असमानता बढ्छ भने अर्को आर्थिक मन्दीलाई पनि उत्तिकै बढावा दिइरहेको हुन्छ, जुन समष्टिगत रूपमा ज्यादै विकराल हुन्छ । प्रा. शर्माका अनुसार बेरूजु बढ्नुको अर्को कारण हो, कमजोर शासन । जब शासन कमजोर हुन्छ, बेरूजु वा राजस्व बक्यौता बढ्न थाल्छ । सबभन्दा गम्भीर कुरा के हो भने राज्यप्रति आम जनताको विश्वास घट्दै जान्छ । यसले गर्दा सामाजिक विकृति, आर्थिक अनुशासनहीनता र वैदेशिक निर्भरता बढ्दै जान्छ ।

सरकारी संयन्त्रमा भएका बढ्दो आर्थिक अनुशासनहीनताले एकातिर वैदेशिक ऋणको अंशमा विगत १० वर्षमै १५ प्रतिशत बृद्धि भएको छ भने पूँजी निर्माण २४ प्रतिशतबाट घटेर १८ प्रतिशतमा ओर्लिएको छ । यसबाट पनि हाम्रो अर्थतन्त्र खस्किँदो छ भन्ने कुरा स्पष्ट हुन्छ । महालेखा प्रतिवेदन अनुसार ४ वर्ष अघि कूल ३ अर्ब ६६ करोड राजस्व बक्यौता भएकोमा अहिले ७१ अर्ब ३६ करोड पुगेको छ । र, गएको एक वर्षभित्र मात्र सरकारी निकाय र संगठित संस्था गरी सात अर्ब ४० करोड रकमको हिसाब किताब अस्त व्यस्त भएको देखिन्छ । सरकारी निकाय अन्तर्गत राजस्व पेश्की, बेरूजु, बैदेशिक ऋण र अनुदानमा लिनुपर्ने सोधभर्ना, अग्रीम कर कट्टा गरी ५५ अर्ब ८७ करोड र सरकारी पूर्ण स्वामित्वमा रहेका संस्था, समिति र जिविस तर्फ १५ अर्ब ८५ करोड रूपियाँ बेरूजु भएको कुरा प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक ऐन/नियमावलीका बाबजूद किन बढ्दैछ त आर्थिक अनुशासनहीनता ? महालेखा परीक्षक के.सी.का अनुसार निश्चित नियमको अभाव, सरकारी अधिकारीको गैरजिम्मेवारीपन र पारदर्शिताको अभाव नै बढ्दो आर्थिक अनुशासनहीनताको कारण भएको कुरा ठहर भएको छ । यद्यपि महालेखा परीक्षकको कार्यालय संवैधानिक निकाय हुँदाहुँदै पनि किन आर्थिक अनुशासन कायम गर्ने कुरामा त्यति प्रभावकारी हुन सकेको छैन भन्ने प्रश्नको जवाफमा महालेखा परिक्षक के.सी. भन्नुहुन्छ- "यस निकायलाई ऐनद्वारा अरू बढी सुदृढ नबनाइकन अहिलेको परिस्थितिमा सुधार गर्न त्यति सम्भव छैन ।"

एक सूत्रका अनुसार महालेखा परीक्षक के.सी.ले म.ले.प.ले सुदृढीकरण गर्न बारम्बार प्रयास गरेपनि अर्थ मन्त्रालयका केही उच्च पदाधिकारीहरू र राजनीतिक नेताहरूले उहाँको प्रयासलाई विफल बनाउने काम गरिरहेका छन् । एकातिर म.ले.प.लाई आफ्नो कर्मचारीलाई सक्षम बनाउने तालिम दिने हो भने म.ले.प.को काम बढी प्रभावकारी बनाउने कार्यको लागि यथेष्ट बजेट छुट्याइएको छैन भने अर्कोतिर यथेष्ट नियम कानूनको अभावमा म.ले.प.ले लेखा परीक्षण गर्नु र प्रतिवेदन निकाल्नु सिवाय अरू केही गर्न सकिरहेको छैन ।

यसबारेमा प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले म.ले.प.को भूमिकालाई बढी प्रभावकारी बनाउन सहयोग गर्नुपर्ने आवश्यकता श्री के.सी. औंल्याउनु हुन्छ ।

तर प्रो. गुणनिधि शर्मा राजनीतिक प्रतिबद्धताको अभावमा केही पनि हुन नसक्ने कुरा दोहोऱ्याउनु हुन्छ । राजनितिज्ञ, जो देश निर्माणको लागि केही गर्छु भनेर नेतृत्वमा गएका हुन्छन्, उनीहरूको आचरण नसुध्रिकन आर्थिक अनुशासन कसरी सम्भव हुन्छ ?

यसरी महालेखापरिक्षकको अठतीसौं वार्षिक प्रतिवेदन (२०५८)लाई सरसरती हेर्ने हो भने देशको आर्थिक स्थिति कस्तो छ, आम जनताको नाममा आएको विदेशी ऋण/सहयोगमाथि सीमित पहुँचवाला प्रशासक र राजनीति नेताहरूले कसरी प्रभुत्व जमाइरहेछन् र जनताको पसिनाबाट उठेको करमा कसरी शासकहरू मोटाइरहेछन्, जसले गर्दा वर्षेनी अरबौं रूपियाँको बेरूजु देखिँदैछ भन्ने कुरा बुझ्न सकिन्छ । के अहिलेको राज्य संयन्त्रबाट यस समस्याको समाधान सम्भव होला ? विल्कुल असंभव । राज्य प्रणाली र शासक वर्गको मानसिकतामा परिवर्तन नआएसम्म यो भन्न सकिने स्थिति छैन । ❑


विजया दशमी तथा शुभ-दीपावली २०५८
को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी
तथा देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।



रामेश्वर राना
सभापति तथा
मकवानपुर जिल्ला विकास समिति परिवार



विजया दशमी तथा शुभ-दीपावली २०५८
को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी
तथा देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

भरतबहादुर शाह, सभापति
चित्रबहादुर श्रेष्ठ, उप-सभापति
तथा
बर्दिया जिल्ला विकास समिति परिवार

# रोग चाहिँ पत्ता लगाउने तर औषधी चाहिँ नगर्ने





चन्द्रदेव नेपाली

**माओवादी र एमालेले आफूलाई नसच्याउने ?**

❑ ने.क.पा. माओवादीले दुई वर्षअघि आफ्नो पार्टीभित्र आलोक नामक पोलिट्ब्युरो नेताका गलत प्रवृत्तिहरूबारे खोजवीन गरी आलोकलाई दोषी ठहर गरी निजलाई पार्टीबाट पूर्ण रूपमा निस्काशन गरी श्रमशिविरमा पठायो । यो पार्टीले आलोकको व्यवहारलाई एक्लो रूपमा मात्र लिएन, यसलाई एउटा प्रवृत्तिकै रूपमा लियो । आलोक-प्रवृत्तिदेखि क्रान्तिकारी आन्दोलनले ठूलो सतर्कता अपनाउनुपर्ने ठहर पनि यसले गर्‍यो । कम्युनिष्ट आन्दोलनमा 'आलोक-प्रवृत्ति'लाई बेलैमा नचिनेमा ठूलो घाटा हुने हुनाले त्यसलाई दुरूत्साहित गर्नुपर्ने आशयको वक्तव्य पनि ने.क.पा. माओवादीले त्यतिखेरै जारी गर्‍यो । माओवादी निकट व्यक्तिहरूले बिभिन्न लेखहरू लेखेर यो प्रवृत्तिको निन्दा गरे र यसदेखि चनाखो बन्ने आग्रह पनि दोहोर्‍याए ।

तर आज माओवादी पार्टीले आफ्नो पक्षमा लाग्न तयारजत्ति सबै व्यक्तिलाई जथाभावी तरीकाले आफ्नो पार्टीमा हुलिरहेको र तिनलाई जथाभावी तरीकाले हुर्कन दिइरहेको देख्दा ठूलो प्रश्न उठिरहेको छ - के माओवादी पार्टी साँच्चै आलोक-प्रवृत्तिप्रति आज पनि होशियार छ त ? आलोक प्रवृत्तिरूपी रोगलाई ठूलो रोगको रूपमा स्वीकारेपछि त्यसबाट दूर रहन र त्यस रोगको संभावनाबारे बेलैमा चनाखो रहन यसले आवश्यक गम्भीरता अपनाइरहेको छ त ?

❑ ने.क.पा. एमालेले छैठौं महाधिवेशनअघि आफ्नो पार्टीमा पूँजीवादी संस्कृति हावी भएको ठहर गरेको थियो । अहिले केही समयअघि मात्रै पनि एमालेका नेता क. माधवकुमार नेपालले आफ्नो पार्टीभित्र दक्षिणपन्थी अवसरवाद खतराको रूपमा रहेको स्वीकार्नुभएको छ ।

तर प्रश्न उठिरहेको छ- एमालेले आफ्नो पार्टीमा हावी हुनथालेको पूँजीवादी संस्कृतिका विरूद्ध के के काम गर्‍यो त ? र, अहिले दक्षिणपन्थी अवसरवाद हावी हुन नदिन के कामहरू गर्दैछ त ? दक्षिणपन्थी अवसरवादरूपी रोगको उपचार कसरी गर्न सकिन्छ भन्नेबारे विशेष गृहकार्य गरी पार्टीको, नेताको र तमाम कार्यकर्ताको तहमा यो उपचार प्रकृया शुरू गरिनुपर्ने हो । के यो शुरू गरियो त ?

-बास्तवमा, मुलुकमा यी दुई ठूला वामपन्थी पार्टीहरू दुवैको व्यवहारले देखाएको छ- यिनीहरूले आफ्नै आत्म-प्रेरणाद्वारा अभिप्रेरित भएर आ-आफ्ना रोगहरू स्वीकारेका हैनन् । त्यस्तो हुँदो हो त उनीहरू यस मामलामा निश्चय नै गम्भीर हुन्थे ।

माओवादी पार्टीमा पछिल्लो स्थितिमा आफ्ना कमजोरीहरू स्वीकारी आत्मालोचना गर्न यसको नेतृत्वपंक्ति पहिलेभन्दा ज्यादा तयार रहेको देखिन्छ, यो सकारात्मक कुरा हो । तर कतिपय घटनामा नेतृत्वको आत्मालोचनालाई कार्यकर्ता पंक्तिले भने नअप्नाएको देखिन्छ । कति कार्यकर्ताले त आफ्नो नेतृत्वले आत्मालोचना गर्नुको मूल मर्म नै बुझ्न नसकेको पनि पाइएको छ, कतिले गलत बुझेका पनि पाइएका छन् ।

ने.क.पा. माओवादीले पहिलेदेखि नै आफ्नो पार्टीभित्र सैनिक र राजनैतिक मोर्चामा विशेष जोड दिंदै आयो । यसले आफूभित्र वैचारिक-सांस्कृतिक मोर्चामा भने कम जोड दियो । यसको ज्वलन्त उदाहरण हो- आलोकको उपस्थिति ।

पार्टीको सबैभन्दा माथिल्लो तह पोलिट्ब्युरोमा आलोकजस्तो व्यक्ति सजिलै कसरी पुग्यो ? - यो अत्यन्त गम्भीर प्रश्न हो । माओवादी पार्टीले आलोकमा भएका जुन दुर्गुणहरूको बयान बाहिर ल्याएको छ, त्यो हेर्दा भन्न सकिन्छ, गाउँमा हुने कुनै आवारा गुण्डामा हुने सम्पूर्ण दुर्गुणहरू आलोकमा थिए । यदि व्यक्तिमा निश्चित स्तरको बैचारिक-सांस्कृतिक स्तर नभइकनै उसले कम्युनिष्ट पार्टीमा प्रवेश हुन, बस्न र बढुवा हुन नपाउने प्रकृया पार्टीभित्र कायम हुँदो हो त पार्टीमा आलोक त्यति माथि पुग्दै पुग्दैनथे, उनीबाट जुन क्षति भयो, त्यो क्षति हुन पाउने थिएन । बेलैमा पत्तो नलागेको भए उनीबाट भएका क्षतिहरूभन्दा विशाल क्षति ने.क.पा. माओवादीमा हुनजाने सम्भावना टड्कारो थियो ।

बस्तुतः आलोक भनेको त्यस्तो प्रवृत्ति हो, जो गलत व्यक्ति पार्टीमा प्रवेश गर्‍यो भने उसँगै त्यो प्रवृत्ति पनि पार्टीमा पस्छ । पार्टीमा प्रवेश गरेपछि पनि उसका खराबीहरू हटाउने बैचारिक-सांस्कृतिक प्रकृया पार्टीमा विद्यमान भएमा त्यो प्रवृत्ति हतोत्साहित हुने, सुध्रिने र घट्ने सम्भावना हुन्छ । तर त्यो प्रकृया पार्टीमा विद्यमान नभएपछि त यो आलोक-प्रवृत्ति निरंकुश भएर झाँगिदै जानेहुन्छ । आलोक-प्रकरणमा यस्तो भएको हो ।

ने.क.पा. एमालेमा ठूलो समस्याको रूपमा रहेको दक्षिणपन्थी अवसरवाद पनि घुमिफिरी अर्को खालको आलोक-प्रवृत्ति नै हो । प्रगतिशील बाटोको परित्याग गरी नीतिमा र जीवन-व्यवहारमा जब कुनै व्यक्तिले यथास्थिति वा प्रतिगमनको बाटो पक्रन्छ, उसलाई हामी दक्षिणपन्थी अवसरवादी भन्छौं । 'कम्युनिष्ट' नाम धारण गर्ने, तर काम भने गैर-कम्युनिष्ट गर्ने पाखण्ड यो प्रवृत्तिको प्रमुख लक्षण हो । पूँजीवादी जीवनशैली र चिन्तनशैली बोक्ने, अनि समाज रूपान्तरण र वर्गसंघर्षको बाटो परित्याग गर्नु यसको अर्को विशेषता हो ।

हो, एमालेका महासचिव कमरेडले स्वीकारेको यो अवसरवाद एमालेमा प्रशस्तै बढेको छ । चुनाव जित्ने-हार्ने प्रकृयाबाट गुज्रेका कतिपय एमाले नेता-कार्यकर्ताहरूमा र रा.प्र.पा. वा कांग्रेसी कार्यकर्तामा कुनै पनि प्रकारको फरक पाइनछाडेको छ । पार्टीलाई वा व्यक्तिगत रूपमा आफूलाई पनि तत्काल कुनै भौतिक फाइदा पुग्छ भने कतिपय एमाले नेता-कार्यकर्ताहरू समाजका घिनलाग्दा प्रतिकृयावादी र शोषकहरूसँग पनि घाँटी जोड्न पुग्ने गरेका छन् । जीवनभरमा मार्क्सवादको एउटा सानो पुस्तिका पनि नपढीकन टापटिपे अखबार पढेका भरमा 'मार्क्सवादलाई व्यवहारिक बनाउनुपर्छ' भन्दै मार्क्सवादविरूद्ध जथाभावी गर्न अघि बढ्ने अवसरवादीहरू एमालेका स्थानीय निकायहरूमा पनि अब प्रसस्त मात्रामा बढ्दैछन् । बैचारिक-सांस्कृतिक पक्षलाई एमालेभित्र अब स्थान मिल्न छाडेको छ । २०४६ सालपछि एकपल्ट पनि मार्क्सवादी दर्शन, संस्कृति र जीवन आचरणबारे एउटा मात्रै कक्षा, गोष्ठी वा अन्तर्क्रिया नभएका एमाले-पार्टी इकाइ कमिटीहरू प्रशस्तै छन् । आध्यात्मवादको प्रचारक पनि सजिलै स्थानीय एमाले नेता बन्नसक्छ र पार्टीमा ऊ टिकीरहन सक्छ । उसको दार्शनिक सोचमाथि कहिल्यै पनि, कसैले पनि प्रश्न उठाउने काम गर्दैन । सस्तो लोकप्रियताका लागि र आर्थिक फाइदाका लागि अभौतिकवादी व्यवहार र कर्मकाण्डलाई बढावा दिने काममा समेत कतिपय एमाले नेता-कार्यकर्ता

**ने.क.पा. एमालेमा ठूलो समस्याको रूपमा रहेको दक्षिणपन्थी अवसरवाद पनि घुमिफिरी अर्को खालको आलोक-प्रवृति नै हो**

लागेका पाइन्छन् । गा.वि.स.मा दुईपल्ट एमालेले जित्नुको अर्थ त गाउँ हिजोभन्दा आज क्रमशः प्रगतिशील दिशामा परिवर्तन हुनुपर्ने हो । तर त्यस्तो भएको छैन । दुई दुई पटक स्थानीय निकायमा बहुमत ल्याएर लगातार एमालेले जितेका अधिकांश गाउँ-टोलहरू र पंच-कांग्रेसले जितेका गाउँ टोलहरूमा खासै भिन्नता देखिन्नन् । कार्यशैलीमा अपारदर्शिता, सहभागितामूलक निर्णय प्रणालीको अभाव, वर्ग-निरपेक्ष व्यवहार, शोषण, भ्रष्टाचार, अकमर्ण्यता आदि तिनमा अरूहरूमा जस्तैगरी हावी भएका छन् । 'समाज परिवर्तनको निम्ति पार्टी' हैन, 'पार्टीको निम्ति पार्टी' भन्ने अनौठो सिद्धान्त एमालेको व्यवहारमा लागू भैरहेको पाइन्छ ।

माथि उल्लिखित व्यवहार नगर्ने राम्रा एमाले नेता-कार्यकर्ताहरू पनि केही नभएका हैनन् तर तिनीहरू आज अत्यन्त अल्पसंख्यामा परेका छन् ।

एमालेमा पस्न र बस्न, बढुवा हुन कुनै कम्युनिष्ट चरित्र र वैचारिक स्तर जरूरी हुन्न । यस्तो भएपछि जो-कोही पनि बठ्याई, सक्रियता र नेता-भक्तिका आधारमा त्यहाँ टिकीरहन र माथि माथि पुग्न सम्भव छ ।

एमालेको यो प्रवृत्ति र ने.क.पा. माओवादीको माथि उल्लिखित आलोक-प्रवृत्ति बास्तवमा एकै चरित्रका कुराहरू हुन् ।

के विगतमा सोभियत संघ यही कारणले पतन भएको हैन ?

सोभियत संघलाई बाहिरबाट चारैतिरबाट शत्रुहरूले भीषण आक्रमण गर्दा पनि त्यो ढलेन । तर त्यस्तो बलियो सोभियत संघ पछि गएर हठात् ढल्यो कसरी ?

-त्यही आलोक-प्रवृत्ति वा दक्षिणपन्थी अवसरवाद हावी भएकोले सोभियत संघ ढल्यो । आफूभित्रको कमजोरीका कारणले नै यो ढल्यो । त्यहाँ पनि यही भयो- पार्टीमा नेता कार्यकर्ता हुन कुनै वैचारिक-सांस्कृतिक स्तर जरूरी ठानिएन । जस्तो दर्शन र जीवनशैली बोकेको मान्छे पनि पार्टीको सदस्यता-कार्ड लिएको भरमा माथि माथि पुग्नसक्ने भयो । अनि नै ख्रुस्चेभ र गोर्वाचेभजस्ता षडयन्त्रकारीहरू बिस्तारै हावी हुँदै गएर सोभियत संघलाई उनीहरूले बर्बाद गरिदिए । क. लेनिनको नेतृत्वमा त्यत्रा जनताले ज्यान त्यागेर ल्याएको र स्टालीनको नेतृत्वमा लाखौं जनताले रगत बगाएर जोगाएको सोभियत संघ आखिर भित्रभित्रै घुल्या लागेर मकाएर गयो, ढल्यो ।

नेकपा एमाले र नेकपा माओवादीले क्रमशः दक्षिणपन्थी अवसरवाद र आलोक प्रवृत्तिलाई आफ्नोसामुको ठूलो खतराको रूपमा स्वीकारेर पनि उनीहरूले यी खतराहरूका विरूद्धमा जुध्न आवश्यक तयारी नगरिरहेको आजको स्थितिमा भन्न सकिन्छ- यदि यस्तै स्थिति रहिरहन्छ भने एमाले र माओवादीहरू आफ्नै कमजोरीको आफैं शिकार हुने संभावना प्रसस्त रहेको छ । बाहिरी शत्रुबाट जोगिएको कुनै प्राणी आफूभित्रको रोगरूपी शत्रुबाट जोगिएन भने ऊ बिरामी पर्छ पर्छ ।

रोग पत्ता लगाएका एमाले र माओवादीहरूले उपचार चाहिँ नगर्ने हो भने, अब रोगै नलाग्ने उपाय नअपनाउने हो भने उनीहरूको रोगबारेको ज्ञान पनि स्वयंमा एउटा पाखण्ड मात्र ठहरिने निश्चित छ । ☐


यस वर्षको विजया दशमी तथा
दीपावलीको उपलक्ष्यमा संपूर्ण
जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
ऋषिराज लुम्साली
सभापति तथा
कंचनपुर जिल्ला विकास समिति परिवार

विजया दशमी तथा शुभ-दीपावली
२०५८ को उपलक्ष्यमा संपूर्ण
जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभ-कामना !
खड्गबहादुर बस्नेत
सभापति तथा
मोरङ्ग जिल्ला विकास समिति परिवार

विजया दशमी तथा
शुभ-दीपावलीको
हार्दिक मंगलमय
शुभ-कामना !
नेपाल आयल निगम लिमिटेड
परिवार

विजया दशमी तथा शुभ-दीपावली
२०५८ को उपलक्ष्यमा संपूर्ण
जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना !

ऋषिराम शर्मा
नगर प्रमुख
तथा बाग्लुङ्ग नगरपालिका परिवार

# एक असंलग्न चित्रकार



*कलाकार : हरिप्रसाद शर्मा*

**गोविन्द वर्तमान**

उहाँ के हुनुहुन्छ भन्ने कुरा वास्तवमा त्यसअघि मलाई पनि थाहा थिएन । म सँगसँगै वरिष्ठ कथाकारद्वय खगेन्द्र संग्रौला र नारायण ढकाल हुनुहुन्थ्यो । हामी उहाँको चित्रशालाबाट फर्किरहेका थियौं । हामी आपसमा भन्दै थियौं- बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भनेको यही हो । उहाँका चित्रकलाहरू निकै राम्रा रहेछन् । निकै किनभने हामीले त्योभन्दा कम राम्रा चित्रहरूको अपेक्षा गरेका थियौं । तर उहाँका चित्रहरूले प्रमाणित गरिदिए- परम्परागत चित्रकलाको क्षेत्रमा उहाँ निकै राम्रो कलाकार हुनुहुन्छ ।

एउटा समर्पित र प्रतिभाशाली कलाकार अँध्यारोमा हराएझैं लागेपछि हामीले नेपालको चित्रकला जगतमा उहाँको वास्तविक परिचयलाई फेलापार्नु पर्ने बोध गर्‍यौं । यस्तो बोध तीब्र भएपछि उहाँको चित्रकलाबारे तत्काल एउटा छलफल गरिहाल्ने हाम्रो मनशाय रह्यो । त्यहीअनुरूप असोज महिनाको एक दिन हामीले उहाँ अर्थात् कलाकार हरिप्रसाद शर्माका चित्रकलाहरूबारे एउटा छलफल आयोजना गर्ने निर्णय गर्‍यौं । त्यो छलफल कलाकार र कला समीक्षकहरूबीच गरिने अन्तर्क्रियाजस्तो पनि होस् र त्यसलाई संचार माध्यमहरूमा प्रकाशित पनि गर्न सकियोस् भन्ने हाम्रो अपेक्षा रह्यो ।

त्यसको निम्ति कलाकार शर्माका सुपुत्र विष्णु शर्मासँग हामीले सल्लाह गर्‍यौं । त्यसक्रममा सर्वप्रथम हामी साहित्य र चित्रकला दुवै क्षेत्रका साधक बरिष्ठ स्रष्टा मनुजबाबु मिश्रकहाँ उहाँको सहभागिता र सुझावको निम्ति पुग्यौं । उहाँले केही महत्वपूर्ण सुझाव दिनुभयो । तर आफ्नो हर्मिताजबाट बाहिर ननिस्कने पहिलेदेखिको प्रतिज्ञाबद्धताले गर्दा कार्यक्रममा भौतिक रूपले उपस्थित हुन नसक्ने बताउनुभयो । अनि हामी उहाँको शुभकामना लिएर फर्कियौं ।

२०५८ असोज २२ गते सोमबार अपरान्ह ४ बजेलाई कार्यक्रम घोषणा गरियो र निम्तापत्रहरू बाँडियो । चित्रहरूको अवलोकनसहित कलाकार हरिप्रसाद शर्माकै निवासमा छलफल गर्ने निर्णय थियो । हामीले संक्षिप्त तर गुणात्मक तौलसहितको छलफल गर्ने आकांक्षा राख्यौं । व्यक्तिको आयोजनाभन्दा संस्थाको आयोजना उपयुक्त हुन्छ भन्ने सोचेर साहित्य सदनलाई प्रस्ताव गर्‍यौं र अन्ततः साहित्य सदनको आयोजनामा त्यस दिन कार्यक्रम सम्पन्न भयो । तर हामीले गरेका सबै अपेक्षाहरू पूरा भएनन् ।

कार्यक्रममा उपस्थित भैदिने बचन पाएपछि वरिष्ठ कलाकार विजय थापादेखि लिएर कलामर्मज्ञ भनेर परिचित वरिष्ठ साहित्यकार डा. अभि सुवेदी र कलाकार शर्माकै छिमेकमा रहनुभएका अर्का वरिष्ठ साहित्यकार डा. तारानाथ शर्मालाई पनि वक्ताको सूचीमा राखेर हामीले निम्तापत्र बाँडेका थियौं । केही मित्रहरूको अनुकूलतालाई समेत ध्यान दिएर हामीले शनिबारको सट्टा सोमबार कार्यक्रम सारेका थियौं । तर कतै नाउँ नसुनिएको एउटा निरीह कलाकारको निम्ति नाम चलेका वरिष्ठ महानुभावहरूलाई समय निकाल्न मुश्किल पर्‍यो । कार्यक्रम हुने दुई दिन अगाडिमात्र डा. अभि सुवेदीले आफू आउन नसक्ने खबर गर्नुभयो भने छिमेकका डा. तारानाथ शर्मा कुन्नि के कारणले आउनु भएन । त्यसरी नै कार्यक्रमकै दिनमात्र कलाकार प्राज्ञ विजय थापाले आफू नआउने लिखित जानकारी पठाउनुभयो । आउँछौं भनेका कलापारखी केही मित्रहरूले पनि त्यसै गरे, आएनन् । तर त्यस दिन कार्यक्रमचाहिँ भयो । धेरै मित्रहरूको कलात्मक असहयोग भए पनि कार्यक्रम चाहिँ राम्रै हुनपुग्यो । आयोजक, कलाकार र सहयोगीहरूलाई सन्तोष त्यसैमा रह्यो । सत्ताको महत्वपूर्ण आसनमा बसेको अथवा राष्ट्रियस्तरमै मनग्गे चर्चा पाएको कलाकारको कार्यक्रममा यस्तो हुने गर्दैन । शक्तिपूजक सामाजिकता दिमागमा संस्कारित भएको अवस्थामा ओझेलमा परेकालाई प्रकाशमा ल्याउनु कति कठिन हुन्छ भन्ने कुरा खुलाउन यहाँ यो विवरण उल्लेख गरिएको हो ।

जे होस्, तैलरंगमा रचना गरिएका २५ वटा ठूला र मझौला आकारका चित्रहरू त्यस दिन हामीले हेर्‍यौं । ती चित्रहरू मूलतः काठमाण्डौ उपत्यकासँग सम्बद्ध थिए । काठमाण्डौ उपत्यकाको नेवार समुदाय, त्यसको संस्कृति, भुगोल र दिनचर्यालाई कलाकार हरिप्रसाद शर्माले कुशलतापूर्वक क्यानभासमा उतार्नुभएको छ । ती चित्रहरूमा हामीले काठमाण्डौको स्वभाव र मौलिकतालाई सुक्ष्म रूपले देख्नपाएको अनुभव गर्‍यौं । काठमाण्डौका चिःवहालहरू र त्यहाँ घाम ताप्न आइपुग्ने सुत्केरीहरूदेखि लिएर काठमा बुट्टा कुँदिरहेका बाउछोराहरू, काठमाण्डौका बैद्य र त्यहाँ जाने बिरामीहरू, वाणाका ज्यासल र गहनाप्रेमी महिलाहरू, काठमाण्डौका जात्रा र जात्रामा जात्रा गर्ने तरूनी र तन्नेरीहरू आदि अनेक थोक कलाकार शर्माका चित्रहरूमा आइपुगेका छन् । ती चित्रहरूमा देखिने काठमाण्डौ अहिलेको काठमाण्डौमा धेरै बाँकी भएजस्तो लाग्दैन । तर त्यो काठमाण्डौ समाप्त भएको पनि छैन । अझै खर्पनमा एकातिर सानो बालक तथा अर्कोतिर कोदाली र जाँडको सानो घैंटो हालेर खेततिर गइरहेका वा आइरहेका 'ज्यापू'हरू हामी देख्दैछौं । त्यस्तै, काठमाण्डौ उपत्यकाको, मूलतः भक्तपुरको हाःकुपतासी त्यहाँका महिलाहरूको पहिरनको रूपमा हामी देख्न पाइरहेका छौं । यस्तो देख्न नपाउने बलियो संभावना बोकेको आगामी पुस्ताको निम्ति कलाकार हरिप्रसाद शर्माका चित्रहरू अति महत्वपूर्ण हुनेछन् । किनभने ती चित्रहरूले आजभन्दा ४०/५० वर्षअगाडिको काठमाण्डौलाई मूर्त र संप्रेष्य रूपमा व्यक्त गरेका छन् । चित्रकलाको रूपमा व्यक्त भएको त्यो सामाजिक इतिहासलाई नयाँ पुस्ताले रोचक शिक्षाको रूपमा ग्रहण गर्नेछ । हामीलाई त्यस्तै लाग्यो ।

कार्यक्रममा चित्रहरू अवलोकनपछि कलाकार हरिप्रसाद शर्माका गुरूसमेत रहनुभएका वरिष्ठ कलाकार कालीदास श्रेष्ठले हरिप्रसाद शर्माका ती चित्रहरूलाई चित्रकार

**हामी आपसमा भन्दै थियौं- बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भनेको यही हो**



चन्द्रमान मास्केको चित्र-परम्पराका उत्कृष्ट नमूनाहरू बताउनुभयो । शरीरको एनाटोमी, रंग संयोजन र प्रकाश तथा छायाँको सन्तुलनको दृष्टिले ती चित्रहरू अति सुन्दर चित्रहरू हुन् भन्दै उहाँले कलाकार शर्माका चित्रहरू आफ्नो अपेक्षाभन्दा पनि उत्कृष्ट भएको विचार व्यक्त गर्नुभयो ।

त्यस्तै, साहित्यकार तथा कला समीक्षक शैलेन्द्रकुमार सिंहले पनि कलाकार हरिप्रसाद शर्माका चित्रहरू हेरेपछि ती चित्रहरू कतिपय अर्थमा चन्द्रमान मास्के र अमर चित्रकारका चित्रहरूभन्दा पनि सुन्दर रहेको विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो : "यहाँ नआइपुगेको भए मैले ठूलै कुरा मिस गर्ने रहेछु । मेरो निम्ति यो एउटा डिस्कभरी नै भयो । चन्द्रमान मास्के र अमर चित्रकारका चित्रहरू मैले हेरेको छु । ट्रेडिशनल पेन्टिङ्गको त्यो परम्परामा हरिप्रसाद शर्माका यी चित्रहरू वास्तवमा निकै सुन्दर छन् । प्रकाश र छायाँको प्रतिविम्बनमा कलाकार शर्माका चित्रहरू मलाई अमर चित्रकारका चित्रहरूभन्दा पनि सुन्दर लागे ।"

समीक्षक शैलेन्द्रकुमार सिंहले त्यस अवसरमा यो पनि भन्नुभयो : "चन्द्रमान मास्के र अमर चित्रकारका चित्रहरूमा समाज र त्यसको भुगोल देख्न पाइन्छ भने शर्माजीका चित्रहरूमा इतिहासलाई समेत कलात्मक रूपमा व्यक्त गरिएको छ । त्यसैले, यस प्रकारको चित्रकलामा इतिहासलाई व्यक्त गर्नु कलाकार हरिप्रसाद शर्माको थप योगदान हो ।"

शैलेन्द्रजीले भन्नुभएजस्तै त्यस दिन हेरिएका चित्रहरूमा कलाकार शर्माका इतिहाससम्बद्ध सुन्दर चित्रहरू पनि थिए । बलबाहु अर्थात् अरनिकोलाई तिब्बत यात्राको निम्ति बिदाई गर्दाको दृश्य, कैलाशकुट भवन र जयप्रकाश मल्लले तलेजु भवानीसँग पासा खेलेका चित्रहरू उहाँका इतिहाससम्बद्ध चित्रहरू थिए । त्यस्तै, यशोधरा र राहुललाई हेर्दै गृहत्याग गर्न लागेका राजकुमार सिद्धार्थको चित्र पनि भावप्रवणता तथा प्रकाश र छायाँको प्रतिविम्बनका दृष्टिले उत्कृष्ट चित्रहरू थिए ।

कार्यक्रममा वरिष्ठ कथाकार रमेश विकलले नेपालको आफ्नै चित्रकला भनेको यस्तै हुनुपर्छ भनेर कलाकार हरिप्रसाद शर्माका चित्रहरूको औचित्यमाथि प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो : "अमूर्त चित्रकलालाई पाब्लो पिकासोले चरम उत्कर्षमा पुऱ्याइसकेकोले अब त्यस प्रकारको चित्रले नेपालको परिचय बोक्दैन ।"

**चित्रकलाको रूपमा व्यक्त भएको त्यो सामाजिक इतिहासलाई नयाँ पुस्ताले रोचक शिक्षाको रूपमा ग्रहण गर्नेछ । हामीलाई त्यस्तै लाग्यो**



अर्का वरिष्ठ कथाकार खगेन्द्र संग्रौलाले चाहिँ बोल्नेको पिठो बिक्ने नबोल्नेको चामल पनि नबिक्ने आजको समयमा छायाँमा परेका कलाकार हरिप्रसाद शर्माको कला र कलाकारितालाई प्रकाशित गर्नुपर्ने र यस्ता प्रतिभाहरूको जगेर्ना, सम्मान र प्रोत्साहन गर्नुपर्ने कुरा बताउनुभएको थियो । त्यहाँ उपस्थित पत्रकारहरू पदम गौतम, रमेश बिष्ट, अच्यूतम भट्टराई, राजेन्द्र पराजुली र कथाकार नारायण ढकाल पनि खगेन्द्र संग्रौलाको यस टिप्पणीप्रति सहमत देखिनुहुन्थ्यो ।

आफ्ना चित्रहरू देखाइसकेपछि कलाकार हरिप्रसाद शर्माले त्यसदिन व्यक्तिको सिर्जनाको समष्टिगत उपयोगितातर्फ संकेत गर्नुभएको थियो । चित्रकला प्रदर्शनीको छिटै आयोजना गर्ने तर त्यहाँ चित्रहरू व्यक्तिलाई नबेच्ने उहाँको चाहना थियो । आफ्ना चित्रहरू सम्भ्रान्तहरूको बैठक सजाउने विलासिताको वस्तुमा नफेरिऊन् भन्ने आशय प्रकट गर्दै उहाँले त्यसबेला कला संग्रहालयको आवश्यकताबारे बोल्नुभयो । अहिलेको उहाँको चित्र-श्रृंखला काठमाण्डौविषयक भएकोले काठमाण्डौ महानगरपालिकाले काठमाण्डौ संग्रहालय बनाएमा त्यस्ता संस्थाहरूलाई सुपथ मूल्यमा आफ्ना चित्रहरू बिक्री गर्ने चाहना पनि उहाँले खुलस्त गर्नुभएको थियो । उहाँको यस्तो विचारप्रति हामीले केही प्रतिक्रिया गर्न सकेनौं । किनभने इमान्दार तर दुरूह आकांक्षाको निम्ति हामीले हाललाई कुनै जमीन देख्न सकेनौं । त्यसको संभावना निकै टाढा छजस्तो हामीमध्ये अधिकांशलाई लागेको थियो ।

अब अलिकति चित्रकारको व्यक्तिगत परिचय । चित्रकार हरिप्रसाद शर्मा वि.सं. १९९४ कार्तिक महिनामा काठमाण्डौको लगनटोलमा जन्मनु भएको हो । हाल उहाँ काठमाण्डौ महानगरपालिका वडा नं. ७ अन्तर्गत चावहिल, मैजुबहालमा बस्नुहुन्छ । बाल्यकालदेखि नै स्वतःस्फूर्तरूपमा चित्रकारिता शुरू गर्नुभएका शर्माले शुरूमा कलाकार चन्द्रमान मास्केसँग चित्रकलासम्बन्धी प्रशिक्षण पनि लिनुभएको थियो । उहाँ आफूलाई चन्द्रमान मास्केसँग प्रभावित रहेको बताउनुहुन्छ । वि.सं. २०३० मा नाफा आर्ट ग्यालरीमा एकपटक उहाँको एकल चित्रकला प्रदर्शनी भएको हो, तर त्यस प्रदर्शनीले उचित प्रचार पाएन र उहाँ चर्चाहीन रहनुभयो । उहाँका अनुसार, नेपालको ऐतिहासिक लिच्छवी र मल्लकालीन कला-संस्कृति र त्यसबेलाको जनजीवन उजागर गर्ने चित्रकलामा उहाँको विशेष अभिरूची रहेको छ । त्यसैले त्यससम्बन्धी राम्रा चित्रहरूको सिर्जना गर्नु उहाँको ध्येय रहेको छ ।

*कलाकार शर्माको चित्रकृति*



मैले शुरूमै भनें- हरिप्रसाद शर्मा के हुनुहुन्छ भन्ने कुरा उहाँको चित्रशाला भ्रमण गर्नुअघि वास्तवमा मलाई पनि थाहा थिएन । उहाँ सामान्य चित्रकार हुनुहुन्छ भन्ने भ्रममा थिएँ म । ०३७ सालतिर साहित्यिक पत्रिका *उत्साह*को सम्पादक हुँदा मैले हरिप्रसाद शर्माबाट *उत्साह*को आवरणचित्र बनाइमागेको थिएँ । त्यो आवरणचित्र मैले चाहेको जस्तो राम्रो बनेको थिएन । हरिप्रसाद शर्मा सामान्य चित्रकार हुनुहुन्छ भन्ने मूर्खतापूर्ण भ्रमको निम्ति कलाकार हरिप्रसाद शर्मासँग एक्काईस बर्षअघिको त्यही साक्षात्कार नै जिम्मेवार थियो । अहिले मेरो भ्रमको निवारण भएको छ । हरिप्रसाद शर्माका चित्रहरू हेरेपछि मलाई लागेको छ- उहाँ निःसन्देह एक उत्कृष्ट चित्रकार हुनुहुन्छ । तर उहाँ त्यस्तो उत्कृष्ट चित्रकार हुनुहुन्छ, जो यतिन्जेल प्रदर्शन र प्रचारको दुनियाँसँग असंलग्न रहँदै आएको छ । □

# क. मोहन विक्रमले 'लामा सि.आई.डि. हो' भन्नुभयो

- निर्मल लामा -



त्यतिखेर नेकपा (चौथो महाधिवेशन)को आम नीति जनसंघर्षलाई प्राथमिकता दिनु थियो । त्यस नीतिअनुरूप पूर्वी तराईमा बाहेक देशका अन्य विभिन्न जिल्लाहरू, खास गरिकन काठमाण्डौं उपत्यकाभित्र तथा पश्चिम पहाडी जिल्लाहरूमा, जनसंघर्षहरू संचालन भए । यो जनसंघर्षको नीति चौथो महाधिवेशनको नयाँ जनवादी क्रान्तिको रणनीतिसँग मेल खाने कार्यनीति थियो ।

त्यसबेला चौथो महाधिवेशन पार्टीबाहेक देशमा अन्य कम्युनिष्ट पार्टीहरू र नेपाली कांग्रेस पार्टी पनि पंचायतविरोधी आन्दोलनमा क्रियाशील थिए । त्यही परिप्रेक्ष्यमा टंकप्रसाद आचार्यले सम्पूर्ण प्रतिबन्धित राजनैतिक पार्टीहरूलाई छलफलको निम्ति अथवा वार्ताको निम्ति एकै ठाउँमा भेला हुन आह्वान गरे ।

टंकप्रसादको निम्तो सबै पार्टीहरूलाई गयो । तर हाम्रो पार्टीलाई त्यो निम्तो आएन । सबै पार्टीका प्रतिनिधिहरू भेला हुने त्यस कार्यक्रममा पंचायतको विरोधमा के-कसो गर्ने भन्ने बारेमा बहस, छलफल निश्चय पनि हुन्छ, त्यसैले त्यस्तो ठाउँमा हाम्रो पार्टीको नीति प्रस्तुत गर्नको निम्ति हामी पनि त्यहाँ जानुपर्छ भन्ने विचार मैले पार्टीमा राखें । तर क. मोहन विक्रम सिंहले त्यस भेलामा जानु हुन्न भनेर अड्डी लिनुभयो ।

पार्टी केन्द्रमा भएको व्यापक छलफलमा अधिकांश साथीहरूले जानुपर्छ भन्ने मत र तर्क राख्नुभयो । साथीहरूको तर्कलाई क. मोहन विक्रमले काट्न सक्नु भएन । उहाँले जानुहुन्न भन्ने आफ्नो मतको औचित्य साथीहरूसामु देखाउन सक्नु पनि भएन । अन्त्यमा उहाँले स्पष्टताका साथ के भन्नुभयो भने- 'टंकप्रसाद आचार्यले राजदरवारबाट तलब खान्छ, त्यो राजदरबारको दलाल हो, त्यसकारण उसले बोलाएको ठाउँमा जानु हुन्न ।'

नेपालको राजनीतिमा टंकप्रसादलाई राजदरवारको दलाल भनेर आरोप लगाइएपछि पार्टी केन्द्रको बैठकमा एक किसिमको सन्नाटा छायो । टंकप्रसाद भन्नाले राणाहरूले फाँसीको सजायँ तोकेर पनि बाहुन भएको नाताले बचेका व्यक्ति थिए । त्यसपछि पनि उनले लगातार नेपाल प्रजापरिषद्को अध्यक्ष भएर प्रजातन्त्रको लागि लडेका थिए । हो, एकपटक उनी सरकारमा गए र प्रधानमन्त्री पनि बने । तर प्रधानमन्त्री पदबाट मुक्त भइसकेपछि पनि उनी गरिब नै थिए । त्यसले गर्दा राजदरवारले उनलाई केही मद्दत गरेको थियो ।

मैले सुनेअनुसार टंकप्रसादलाई राजदरबारले महिनाको रू. १५००/- (पन्ध्र सय) रूपैंया दिन्थ्यो । त्यो रकम लुकाएर दिइएको थिएन । त्यस्तै गरी, गोप्य तरिकाले सि.आई.डि. काम गर्नको निम्ति पनि दिइएको थिएन । त्यो रकम एक किसिमको सहयोगको रूपमा पेन्सनजस्तै थियो । त्यसकारण टंकप्रसाद आचार्यले बोलाएको ठाउँमा जानु हुन्न भन्ने कुरा थिएन ।

तर क. मोहन विक्रम सिंहको अड्डीले गर्दा हामी टंकप्रसादले बोलाएको ठाउँमा जान सकेनौं । यो घटना कुन साल र कुन मितिमा भयो, त्यो त मलाई सम्भना भएन, तर यो जनमत संग्रहभन्दा अगाडिको घटना भने पक्कै हो ।

टंकप्रसाद आचार्यले बोलाएको ठाउँमा जाने कि नजाने भन्ने सवालको बहस त्यतिकै टुङ्गिएन । पछि यो बहसले पार्टीभित्र संयुक्त मोर्चाको स्वरूप के हुनुपर्छ भन्ने सवालको बहसलाई जन्मदियो ।

जेलमा छँदा क. मोहन विक्रमसँग धेरै लामो बहसपछि हामीले 'नेपाली कांग्रेस दलाल तथा नोकरशाही पूँजीपतिवर्ग र सामन्तवर्गको प्रतिनिधित्व गर्ने पार्टी भएको कारणले गर्दा त्योसँग हाम्रो कुनै किसिमको संयुक्त मोर्चा हुँदैन भन्ने अवधारणा बनाएका थियौं । तर पंचायती व्यवस्थाको विरूद्धमा लगातारको संघर्षले के चीज साबित गरिदियो भने पंचायती व्यवस्थालाई सिध्याउनको निम्ति र राजदरवारको हातबाट सत्ता खोस्नको निम्ति नेपाली कांग्रेससँग संयुक्त मोर्चा नगरिकन सम्भव छैन । त्यसैले, नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउनुपर्छ भन्ने टुंगोमा म पुगें । र, यो कुरो मैले पार्टीमा राखें ।

तर क. मोहन विक्रम सिंहले मेरो त्यो विचारको घोर-घमासान विरोध गर्नुभयो । यो कुरो त्यसबेलाको पार्टी दस्तावेज तथा सर्कुलरहरू खोजेर हेरेमा प्रष्ट थाहा पाइन्छ ।

त्यतिखेर म पार्टीको चौथो महाधिवेशनले पारित गरेको मूल दस्तावेजमा भएको 'जन संघर्ष आजको अवस्थामा प्राथमिक संघर्षको रूप हो र व्यापक संयुक्त मोर्चा आजको आवश्यकता हो' भन्ने कुरामा अडें, जुन क. मोहन विक्रम स्वयंले नै पेश गर्नुभएको थियो । तर उहाँलाई हिजोको आफ्नै मान्यतामा अड्न अप्ठेरो भयो । र, उहाँले बिस्तारै त्यो अडान छाड्न थाल्नुभयो ।

क. मोहन विक्रम सिंहले भन्न थाल्नुभयो- नेपाली कांग्रेस अथवा अरू पार्टीहरूका कार्यकर्ताहरूसँग संयुक्त मोर्चा हुनसक्छ, तर नेतृत्वसँग होइन । 'नेतृत्व दलाल र गद्दार हो, कार्यकर्ता इमान्दार हो' भन्नेजस्ता उट्पट्याङ्ग कुरा उहाँले ल्याउन थाल्नुभयो ।

त्यसपछि यी सबै कुराहरूको छिनोफानो गर्नको लागि पार्टीको विस्तारित बैठक बस्यो । त्यो विस्तारित बैठक भारतको अयोध्या शहरमा भएको थियो ।

त्यतिखेरसम्ममा संयुक्त मोर्चाको सवालमा बहस छलफल यति व्यापक रूपले चलिसकेको थियो कि त्यसबाट पार्टीमा 'नेपाली कांग्रेससँग पनि संयुक्त मोर्चा बनाउनुपर्छ' भन्ने कुरामा बहुमतको स्थिति बन्न पुग्यो । यस्तो अवस्था देखिसकेपछि क. मोहन विक्रम सिंहले सम्मेलनको बीचमै समय मागेर एउटा प्रस्ताव पेश गर्नुभयो । उहाँले प्रस्ताव राख्दै भन्नुभयो : 'पार्टीको 'टेक'(गुप्त) कमिटीले एउटा योजना बनाएको छ र त्यो योजनाअनुसार ४०/५० जना कमरेडहरूलाई व्यवहारिक गुरिल्ला तालिम दिइन्छ । त्यो तालिम चाँडै शुरू हुँदैछ ।'

अर्को कुरो, त्यस सम्मेलनमा क. मोहन विक्रम सिंह मलाई अपमान गर्ने ढंगले पेश हुनुभयो । म आफ्नो तर्क पेश गर्दै थिएँ कि संयुक्त मोर्चाको सवालमा भावनामा बगेर कुराहरू राखिनु हुन्न, फलानासँग संयुक्त मोर्चा हुन्छ र फलानासँग हुन्न, भनेर अहिले नै किटेर भन्नु हुँदैन । केको निम्ति संयुक्त मोर्चा बनाउने हो, त्यस सवालमा प्रष्ट हुनुपर्छ । त्यो हो- पंचायत कसरी खतम गर्ने ? राजदरवारमा भएको राजनीतिक शक्ति खोसेर कसरी जनताको हातमा



टंकप्रसाद आचार्य


जयगोविन्द साह

यतिकैमा क. जय गोविन्द साह र क. नरबहादुर कर्माचार्य दुईजना बूढाहरू जुरुक्क उठेर गई क. मोहन विक्रम सिंहलाई रिसले कुट्न जानुभयो


नरबहादुर कर्माचार्य

दिने ? यसको निम्ति व्यापकतम नीति लिइनुपर्छ । जोसँग पनि संयुक्त मोर्चा बनाउन सकिन्छ ।

क. मोहन विक्रम सिंहले बीचमै जुरुक्क उठेर मलाई प्रश्न गर्नुभयो-

"के तपाईं नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउने कुरा गर्दै हुनुहुन्छ ?"

"हो, नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउनुपर्छ" - मैले जवाफ फर्काएँ ।

"ल हेर ! उहाँ नेपाली कांग्रेसजस्तो शक्तिसँग संयुक्त मोर्चा बनाउने कुरा गर्नुहुन्छ ।" -मलाई गिज्याउने पाराले उहाँले बोल्नुभयो ।

बहस टुंगो नलागेपछि मतदान भयो । तर उहाँले 'गुरिल्ला तालिम दिने'जस्तो कुरा गरेर हाउसलाई आफ्नो पक्षमा आकर्षित गर्नुका साथै 'नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउनुपर्छ भन्ने' भनेर मप्रति साथीहरूमा घृणा जगाउने जुन काम गर्नुभयो, त्यसले केही साथीहरूलाई प्रभाव पाऱ्यो । मेरो मतले थोरै अन्तरमा हारखानु पऱ्यो । र, त्यसपछि क. मोहन विक्रमकै विचारअनुसार पार्टीले संयुक्त मोर्चाको नीति बनाउने भयो । अर्थात्, नेपाली कांग्रेसका कार्यकर्ताहरूसँग संयुक्त मोर्चा बनाउने तर नेतृत्वसँग बनाउन नहुने नीति बन्यो ।

यसैबीच पार्टीभित्रको संघर्षको क्रममा मैले पंचायत निर्वाचनको उपयोग गर्नुपर्छ, चुनावमा भाग लिनुपर्छ, जनताको बीचमा पुग्नुपर्छ भनेर जब प्रस्ताव राखें, पार्टी केन्द्रीय कमिटीमा एउटा बिस्फोट भयो । सबैजना स्तब्ध भए । करिब ४/५ मिनेटसम्म कोही बोलेनन् ।

त्यसपछि बहस शुरू भयो । मलाई कसैले पंचायती मन्त्री हुनेभयो भने, पंच हुनेभयो भने, कसैले संशोधनवादी भयो भने त कसैले गद्दारी गऱ्यो भने । सबैले मलाई गाली गरे । यही क्रममा क. मोहन विक्रम सिंहले 'लामा सि.आई.डि. हो' भन्नुभयो । त्यो बैठक केन्द्रीय कमिटीको औपचारिक बैठक थियो । क. मोहन विक्रम पार्टीको महामन्त्री हुनुहुन्थ्यो ।

त्यसपछि मैले सबै साथीहरूलाई शान्तपूर्वक सोधें- "मलाई सि.आई.डि. भनेको हो ?"

"हो ।"

"साँच्चै हो ?"

"हो ।"

"अल राइट । त्यसोभए तपाईंहरू मलाई बाहिर पठाउनुहोस् । मोहन विक्रमसँग म सि.आई.डि. भएको प्रमाण माग्नुहोस् । यदि उहाँले प्रमाणित गर्न सक्नु भएछ भने, म भाग्दिन, म यहीं बस्छु । तपाईंहरूले मलाई मारिदिनुहोस् । सि.आई.डि.लाई जिउँदो राख्नु हुन्न ।" -मैले आफ्नो विचार पोखें । सबैले 'जानु पर्दैन, जानु पर्दैन, तपाईं बस्नुपर्छ' भने । त्यसपछि 'त्यसोभए, म सि.आई.डि. भएको प्रमाण पाऊँ मैले भनें ।

क. मोहन विक्रम सिंहले प्रमाण पेश गर्न थाल्नुभयो र भन्नुभयो- "मैले जति पनि क्रान्तिकारी नीतिहरू पेश गर्छु, ती सबैको लामाले विरोध गर्छ । सि.आई.डि. नभए किन विरोध गर्छ त ?"

"ठीक छ । यो प्रमाण नं. १ भयो । ल अब अर्को प्रमाण पेश गर्नुस् ।" -मैले भनें ।

"छैन । त्यति नै हो ।" -उहाँले भन्नुभयो ।

यतिकैमा क. जय गोविन्द साह र क. नरबहादुर कर्माचार्य दुईजना बूढाहरू जुरुक्क उठेर गई क. मोहन विक्रम सिंहलाई रिसले कुट्न जानुभयो । हामी सबैले उहाँहरूलाई छेकेर क. मोहन विक्रमलाई कुट्नबाट रोक्यौं ।

यो घटना भारतको गोरखपुरको गोरखपुर मन्दिरको धर्मशालामा भएको थियो । धर्मशालामा हामी अलि मिलेर बढी समयसम्म बस्ने गर्थ्यौं । महन्तहरू हामीलाई मन पराउँदैनथे । जोगीहरू पनि हामीलाई मन पराउँदैनथे ।

त्यस घटनामा हामीबीच चर्काचर्की भएपछि त्यहाँ निक्कै नै हल्लीखल्ली भएछ । त्यत्तिकैमा क. चित्रबहादुर के.सी. 'जोगी आयो' भनी कराउनुभयो । सबै शान्त भए । सबैलाई अब जोगीले हामीलाई त्यहाँबाट निकालिदिन्छ भन्ने लाग्यो । तर जोगी आई एक फन्को घुमेर हामीलाई केही नभनी सुटुक्क फर्केर गयो ।

त्यसपछि क. मोहन विक्रम र मेरोबीच बोलचाल बन्द भयो । बैठक पनि चलेन । तर हामी एक-अर्काबाट छुट्टिएर पनि गएनौं । उदेकलाग्दो वातावरण सिर्जना भयो । शायद यो घटना २०३७ सालतिरको होला ।

हामीबीच बोलचाल बन्द भएपछि पार्टीमा जहिल्यै पनि अब तनाबको स्थिति सिर्जना हुनपुग्यो । केन्द्रीय कमिटीमा म एक्लो हुनपुगें । मलाई कसैले साथ दिएनन् । मनभित्रबाट साथ दिने इच्छा भएकाहरूले पनि मलाई साथ दिएनन् । मसँग अलग कुरा गर्दा 'अब पंचायतलाई सधैं बहिष्कार गरेर मात्र पनि हुँदैन' भन्नेहरूले पनि बैठकमा बहिष्कार नै गर्नुपर्छ भने ।

त्यसपछि पार्टीभित्र तलदेखि माथिसम्म पूरै मेरोविरूद्ध अभियान नै शुरू भयो । त्यही बेलामा पार्टीभित्र दुर्घटना भयो । क. मोहन विक्रम सिंह महामन्त्रीबाट हट्नुभयो । र, महामन्त्रीको त्यो पद मलाई चिट्ठा पऱ्यो । ❑ *क्रमशः*

प्रस्तुति- *तुल्सीदास महर्जन*


विजया दशमी तथा दीपावली २०५८ को उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा

हार्दिक मंगलमय शुभ-कामना !



डोरमणि पौडेल

नगरप्रमुख तथा

हेटौंडा नगरपालिका परिवार

विजया दशमी तथा शुभ-दीपावली २०५८ को उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा

हार्दिक मंगलमय शुभ-कामना !

विमलप्रसाद श्रीवास्तव

नगरप्रमुख तथा

बिरगंज उप-महानगरपालिका परिवार

# लेकफूल भीरफूल

- राजव -



उसको र मेरो भेट स्याउले देउरालीमा भयो । पुरै डेढ घण्टाको उकालो उक्लिएपछि यो देउराली देख्न पाइएको हो । यहाँ उसले मलाई आउँदै गरेको देख्नेबित्तिकै ऊ मुस्कायो । मैले पनि त्यस्तै औपचारिक मुस्कान फिर्ता गरें । ऊ देउरालीको चौतारोमा मभन्दा अगाडि बस्न पुगेको थियो । म पनि थकाइ मार्न ऊ नजिक नजिकै बसें । ऊ पनि मझैं पसिनाम्मे भएको छ । र, उकालोभरि फुलेको सास फाल्दै र लिँदैछ। ऊ प्याङ गाउँसम्मको ट्रेकिंगमा अन्य अमेरिकन पर्यटकसँग आएको रहेछ । उसका अन्य साथी अगाडि बढिसकेछन् । ऊ भने तिनको तालमा हिंड्न नसकेर सुस्त सुस्त उक्लँदै रहेछ । मैले उसलाई सोधें -

"अनि तपाई तीबाट छलिनु हुन्न त ?"

उसले भन्यो -

"हैन ती मलाई माथि नै कुर्नेछन् !"

"कत्ति जना छन् ?"

"एघारजना, तीसँगै तीनजना नेपाली भरिया पनि छन् ।"

ऊ लगभग पचास वर्षको भयो होला भन्ने अन्दाज म उसको गाला, आँखा र निधार हेर्दै गर्दैछु । उसको चिउँडोमा तीन चार दिनअगाडिदेखिका दारीका ठोसा छन् । तीमध्ये केही फुलेका ठोसा छन् । उसको गालाभरिमा सिपर्फ चिउडोमा मात्र दारी रहेछ । किनभने उसको गालाको अन्यत्र मैले दारी खोजेर पनि पाइन । उसको शिरका कैला कपाल पनि केही फुल्न थालेका रहेछन् । मोटो र पाँच फिट एघार इन्चको मान्छे छ ऊ । आफू नजिक उसले पछाडि ढाडमा बोक्ने झोला बिसाएको छ ।

ऊ चौतारोबाट निकै रमाइलो मानेर टाढा टाढाका हरिया डाँडाहरु हेर्दैछ । ती हरिया डाँडाहरु पारी हिमचुचुराहरु पनि देखिएका छन् । त्यतातिर हेरेर ऊ 'आश्चर्य ... आश्चर्य.. !' भनेर बरबराउँदैछ ।

वास्तवमा म यतै पहाडको व्यक्ति भए पनि मलाई यहाँबाट देखिने प्राकृतिक रमाइलो सधैं अनौठो र नयाँ लाग्छ । निकै तल र पर फाँटमा स्याउलीमती खोला छ । घामले त्यसको गतिमान पानीलाई टल.. टल.. टल्काइरहेछ । र, त्यो सप्तरंगी टलकलाई ऊ निर्मिमेष हेरिरहेछ । हल्का चिसो हावा उसलाई पनि मीठो लागिरहेछ क्यार । यसलाई अझ राम्रोसँग भोग्न उसले आफ्नू कमिज पनि खोल्यो । उसका छातीका गन्न सकिने केही लामा रौं हावामा फुर्र.. फुर्र.. गर्न थाले । मैले पनि आफ्नो कमिजका पाँचमध्ये चार टाँख खोलेको छु । तर, मेरो छातीमा त्यसरी फुर्र... फुर्र.. गर्ने




रौं छैनन् । त्यसकारण म पसिनाले ढाडिएको मयल माड्दैछु । ऊ पहाडी प्रकृतिको समग्र वयस्क रुपतिर आँखा लगाइरहेछ । आफ्नू पहाड र यसको वातावरणमा ऊ आल्हादित भएकोमा म गर्वले अत्यन्त संवेदित भएको छु । यस्तो बेलामा मेरो आँखा रसाउने गर्छ । त्यसकारण म आफ्नू आँखाको रस उसले देख्न नपावस् भन्ने कोशिसमा छु । तर, उसले मेरो अनुहार हेर्न खोज्दै सोध्यो -

"हामी कत्ति हजार फिटमाथि छौं ?"

जानिफकारझैं मैले भनें -

"हौलाउँ दश हजार फिट माथि ।"

"हो ! .. ?" - आश्चर्य व्यक्त गर्दै उसले सोध्यो ।

मैले थपें - "हो नि !"

"अच्छा !" भन्दै उसले मेरो अनुहार हेरेर निश्चय गर्न खोज्यो । मैले फेरि उसलाई भनें -

"हो, हामी लगभग दश हजार फिटमाथि छौं ।"

उसले फेरि सोध्यो -

"प्याङ गाउँ कत्ति हजार फिटमा छ ?"

"त्यो होला एघार हजार फिटमा ।"

" गुड !"

मेरो शरीर सेलाइसकेको छ । मैले उसको पनि छाती र अनुहार हेरें । त्यहाँ पसिना सुकिसकेका छन् । मैले उसलाई सोधें -

"अमेरिकामा तपाई के गर्नुहुन्छ ?"

"म प्रोफेसर हुँ, युनिभर्सिटीमा पढाउँछु ।"

आफ्नू पहाडमा अमेरिकाको विद्वान प्रोफेसर र ऊसँग मेरो निर्धक्क वार्ता - म आत्मगर्व र ऊप्रतिको श्रद्धाले भरिएँ ।

छ्याङ्ग खुलेको दिन छ । आकाश पुरै नीलो कन्चन देखिन्छ । च्याङलुङ डाँडाको पछाडिका हिमश्रृङ्खलाहरु पुरै खुलेका छन् । प्रोफेसर पनि यो प्रकृतिको उदात्तताबाट दंग छ । अझ ऊ त यै प्रकृति भोग्न र छुन आएको मान्छे दंग हुने नै भयो । मैले उसलाई श्रद्धानत सोधें -

"के पढाउनुहुन्छ ?"

"समाजशास्त्र" -उसले भन्यो ।

मलाई अझ मजा लाग्यो । किनभने यो विषयका पुस्तकहरुसँग पनि मैले पाएसम्मको सम्बन्ध गाँसेको छु । काठमाण्डौ जाँदा यसको लागि पुस्तक पसलहरु र पुस्तकालयहरु चाहार्ने गर्छु । विशेषगरी म विश्वप्रशिद्ध समाजविज्ञानीहरुसँग प्रभावित छु । केही नयाँ नेपाली समाजशास्त्रीहरुको विश्लेषण पनि मलाई मन पर्न थालेको छ । यसै सिलसिलामा मैले उसलाई सोधें-

"तपाईले पनि समाजशास्त्रबारे पुस्तक लेख्नुभएको छ कि ?"

उसले भन्यो -

"छ !"

"ए ऽ ऽ कस्तो विषयको होला ?"

"त्यसको ... अर्थात् त्यो पुस्तकको नाम हो - पोलिनेसियन एण्ड माउरी पिपुल' ...... वास्तवमा पिलिनेसियनहरु धेरैजसो न्यूजिल्याण्ड र प्यासफिक क्षेत्रमा छन् । यी मूल रुपमा न्यूजिल्याण्डको पोलिनेसिया प्रायद्वीपका हुन् । यिनलाई विशेषगरी माउरी भनेर चिनिन्छ । यी कैला रंगका हुन्छन् । यस्ता माउरीजस्ता अझ माउरी जनसमुदायसँग ठ्याक्कै मिल्ने मानिसहरु मैले जापानको होकाइडोमा देखेको छु । वास्तवमा मेरो अध्ययनमा ती माउरी नै हुन् । यिनै माउरीहरु जापानका आदिवासी हुन् । अहिलेका जापानीहरु त चीनबाट आएका हुन्, तर जापानीहरु यो कुरा मान्दैनन् । वास्तवमा हाल होकाइडोमा बस्ने होकाइडीयन मेरो अर्थमा माउरीहरु, जापानका आदिवासी हुन् । तर अहिले चिनी मूलका बहुसंख्या जापानीहरु यो कुरा मान्दैनन् र ती आफूलाई जापानी मूलकै भन्छन्, तर म मान्दिँन...।" यसरी ऊ आफ्नू पुस्तकबारे सललल बग्यो । वास्तवमा यसपछि म ऊसँग विश्वका प्रशिद्ध समाजशास्त्रीबारे कुरा गर्न खोजिरहेको थिएँ, तर मलाई उछिन्दै उसले मेरो खल्तीमा सिउरिएको कलम र अनुहार हेर्दै सोध्यो -

"तपाई के गर्नुहुन्छ नि ?"

"म मास्टर हुँ "

"मास्टर !?"

"हजूर, हाइस्कूलका विद्यार्थीहरु

"अमेरिकामा तपाई के गर्नुहुन्छ ?"
"म प्रोफेसर हुँ, युनिभर्सिटीमा पढाउँछु ।"

पठाउँछु ।"

"कहाँ ?"

"यैं पहाडमा"

"के पढाउनुहुन्छ ?"

"अंग्रेजी"

"राम्रो !" उसले आफ्नै तरिकामा भन्यो ।

उसको यो भनाइको तरिका मलाई पनि साँच्चिकै राम्रो लाग्यो ।

थकाइ मार्नुभन्दा पनि यहाँबाट देखिने दृश्यले मन भर्न ऊ यहाँ बसेको थियो । त्यसकारण उठ्ने तरखर गऱ्यो । म पनि ऊसँगै अरु गफ लडाउँदै हिंड्ने विचारले उठें । बाटोमा मैले उसलाई सोधें–

"तपाई नेपाल धेरैपटक आउनुभएछ, त्यस्तै, यताको पहाड पनि धेरै उक्लनु भएको रे'छ हैन ?"

"हो ।"

"त्यसकारण तपाईलाई यहाँको केले बढी आकर्षित गऱ्यो र तपाई घरीघरी नेपाल आउने र त्यसमा पनि यस्ता पहाड उक्लिरहने गर्नुहुन्छ ?"

तर, ऊ बोलेन । मौन हिंडिरह्यो । मैले फेरि उसलाई सोधें –

"यताको हिमालले आकर्षित गरेर हो कि ?"

तर ऊ उस्तै मौन हिंडिरह्यो ।

मैले फेरि सोधें–

"यताको ताल, झर्ना, हरिया पहाड, सूर्योदयको बिहान, गुराँस, लेकफूल, भीरफूल आदि केले तपाईलाई बढी आकर्षित गरिरहन्छ र तपाई नेपाल आइरहनुहुन्छ ?"

उसले भन्यो–

"हेर्नुस् ती कुरा पनि हुन् ... तर यहाँका हिमाली र लेकाली तरुनीहरुको न्यानो चाहिँ बढी हो... वास्तवमा म तिनैसँग बिछ्यौनामा बिताउन पाएको रातको स्मृतिको प्रेरणाले बेलाबेला अमेरिकाबाट यसरी यतातिर तानिइरहन्छु...।"

यसपछि उसले अरु के के बरबरायो मलाई थाहा छैन । किनभने म चिप्लिएर धेरै तल गुल्टिएँ । र, भित्रभित्रै रगताम्मे भएर एउटा काँडे बुट्यानमा अल्झिएँ । ❑


विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा
संपूर्ण नगरवासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

दुण्डीराज लामिछाने
नगरप्रमुख तथा
तुल्सीपुर नगरपालिका परिवार

विजया दशमी तथा शुभ-दीपावली २०५८ को उपलक्ष्यमा
संपूर्ण वडावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना !

बाबुराजा महर्जन, अध्यक्ष
२७ नं. वडा कार्यालय
काठमाण्डौ महानगरपालिका

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा
संपूर्ण नगरवासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

बलराम शर्मा
नगरप्रमुख तथा
वीरेन्द्रनगर नगरपालिका परिवार

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा
संपूर्ण वडावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

सुभानकुमार श्रेष्ठ, अध्यक्ष
२८ नं. वडा कार्यालय
काठमाण्डौ महानगरपालिका

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा
संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना !

झपेन्द्रबहादुर बि.सी.
सभापति तथा
पाल्पा जिल्ला विकास समिति परिवार

विजया दशमी तथा शुभ-दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

धवलशमशेर राणा
नगरप्रमुख तथा
नेपालगंज नगरपालिका परिवार, बाँके

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा
संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

पुण्यप्रसाद पौडेल
सभापति तथा
काश्की जिल्ला विकास समिति परिवार

विजया दशमी तथा शुभ-दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा
हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

बेलप्रसाद श्रेष्ठ
नगरप्रमुख तथा
धुलिखेल नगरपालिका परिवार

# राजनेताको साहित्य




# युग नृत्य

साहित्यको सत्ता थुप्रै अर्थमा राजनीतिको सत्ताभन्दा आदरणीय छ भन्ने गरिमाबोध थुप्रै साहित्यकारहरूमा हुनेगरेको छ । त्यसैले राजनीतिक क्षेत्रमा सुपरिचित नामले साहित्यको क्षेत्रमा उपस्थिति जनाउँदा आम पाठकहरूदेखि लिएर साहित्यकारहरूलाई समेत खुशी लाग्न सक्छ । त्यस्तो खुशीको स्रोत भएर देखिनुभएको विशिष्ट व्यक्तिको नाम हो- मोहनविक्रम सिंह । मूलतः कम्युनिष्ट राजनीतिमा क्रियाशील मोहनविक्रम सिंहको समग्र कविताहरूको संकलन 'युगनृत्य' शीर्षकमा प्रकाशित भएको छ । जन शिक्षा गृहद्वारा प्रकाशित यस कविता संग्रहमा वि.सं. २०१० सालदेखि ०३७ सालसम्म लेखिएका कविताहरू संग्रहित छन् ।

छोटा, मझौला र लामा कविताहरू गरी प्रस्तुत पुस्तकमा आकारगत दृष्टिले तीनथरिका कविताहरू रहेका छन् । तीमध्ये दुई दशकअघि नै प्रकाशित र चर्चितसमेत भएको कविता 'झिमरूक नदी र चिवे चराको कथा' एउटा विशिष्ट कविता हो, जसलाई कविले खण्डकाव्य भन्नुभएको छ । यो कविता यस संग्रहकै सर्वोत्कृष्ट कविता हो, प्रकारान्तरले यसलाई खण्डकाव्य भन्न पनि सकिन्छ । उनन्चालीस पृष्ठको यो लामो कविताले प्यूठानमा प्रचलित एउटा लोककथालाई संरचनागत आधार बनाएको छ । यो कविता सरस र सन्देशमूलक मात्र नभएर प्रकृतिलाई मानवीयकरण गर्ने तथा मानिसका उदात्त आकांक्षाहरूका निम्ति अनवरत संघर्षमा संलग्न हुने विचारको एउटा उत्कृष्ट नमूना पनि हो । यो लामो कविताले आफ्नो विचारको अन्तरधारमा वर्गसंघर्षलाई पनि साहित्यकरण गरेर प्रवेश दिएको छ । त्यस कविताको ठाउँ ठाउँमा उत्कृष्ट निष्कर्षहरू पनि छन् । तीमध्ये एउटा अंश यस्तो छ :

*जब मानिसहरू निराश बन्न थाल्छन्*
*उनीहरूले स्वयं आफूमाथि*
*अविश्वास गर्न थाल्छन्*

*(पृष्ठ ७७)*

*आदि विद्रोही* पूरै गद्यमा लेखिएको अर्को सुन्दर काव्यरचना हो । यसमा मानवजातीले जंगली अवस्थादेखि अग्रगामी यात्रा शुरू गरेर भोगेका कष्टहरू र ती कष्टहरूबाट मुक्तिका लागि गरेका संघर्षहरूलाई रोमान्टिक ढाँचामा सुक्ष्मतम रूपले विम्बित गरिएको छ । जम्मा तेह्र पृष्ठमा अटाएको यस काव्यबारे रचनाकारले भन्नुभएको छ : "यसमा प्यूठानको दास विद्रोहदेखि विसवी शताब्दीका सर्वहारा क्रान्तिहरूको साथ चर्चा गर्ने र त्यसरी यसलाई गद्यमा महाकाव्यको रूपमा तयार पार्ने मेरो योजना थियो । तर म त्यही बीचमा जेलबाट छुटेकाले मेरो त्यो योजना अपूर्ण नै रह्यो ।"

कविको यस भनाइप्रति पाठकको समर्थन नहुन सक्छ । किनभने जेलबाहिरको खुला संसारमा रचनाकर्मको निम्ति उहाँलाई पार्टी राजनीतिले छेकथुन गरेको हो भने त्यसलाई विडम्बना भन्नुपर्दछ ।

यस काव्यको सुन्दर भाषाको एउटा नमूना यस्तो छ : "समुद्रका लहरहरूको कौमार्य अझै नष्ट हुन बाँकी थियो ।" *(पृष्ठ ३४)*

यस्तो भाषा पनि लेख्न सक्ने लेखकले आम रूपमा चाहिं भाषिक हेलचक्र्याइँ थुप्रै गरेको पाइन्छ । यसरी भनौं : मोहनविक्रमका राजनीतिक लेखहरूमा भाषामा नेपालीपनको घनघोर उपेक्षा देखिने गर्छ । अधिकांश वामपन्थी नेताहरूमा जस्तै उहाँको नेपाली लेखनमा हिन्दीकृत वाक्यरचनाको प्रचुरता पाइन्छ । त्यो कमजोरी उहाँको साहित्य लेखनमा पनि देखापरेको छ । यसलाई हटाउनु जरूरी छ ।

प्रकारान्तरले खण्डकाव्य भन्न सकिने तेस्रो लामो कविता 'गंगा-कावेरी एक्सप्रेस' हो । यो कवितामा विचारगत आक्रामकता त छ, तर राजनीतिक भाषा र शब्दावलीले बढी नै आक्रान्त भएकाले पाठकलाई स्पर्श गर्ने विशिष्ट क्षमता यसमा छैन । मझौला आकारका अरू सबै कविताहरू सामान्य छन्, मूलतः साहित्यकारले नै लेखेको भए ती कविताहरूलाई अनुल्लेखनीय कमजोर कविताहरू भन्न बढी सजिलो पर्थ्यो । तर मोहनविक्रम साहित्यइतर क्षेत्रमा बढी सक्रिय हुनु भए पनि उहाँका छोटा कविताहरूलाई चाहिँ फोर राम्रै भन्न सकिन्छ । एउटा उदारण :

*राम्रै भयो, तिमी मरेर गयौ*
*नत्र आज तिम्रो ज्यूँदो लासले*
*भूगोलपार्कको परिक्रमा गरिरहेको हुन्थ्यो कि ?*

*(शहीदप्रति, पृष्ठ २६)*

मोहनविक्रम सिंहजस्तो चर्चित व्यक्तिको पुस्तक पढिसकेपछि आलोच्य पक्षलाई खुलस्त गर्नुपर्दछ । *युग नृत्य*भित्रका सबै कविताहरूमा शैलीमा नयाँपन र अभिव्यक्तिमा चमत्कार छैन । साहित्य लेखन र पठनमा गम्भीर प्रतिवद्धताको अभावले यस्तो भएको हुनसक्छ । गोर्की, लुस्युन, अस्त्रोवस्की, हार्वाड फास्ट आदिमात्र पढेर आजको साहित्यको सौन्दर्यविधानमा सशक्त प्रकारले हाजीर हुन सकिन्न । यो कुरा मोहनविक्रमले अझै बुझ्न बाँकी देखिन्छ । तथापि पुस्तकको प्रारम्भमै भूमिकामा मोहनविक्रम सिंहले प्रगतिशील साहित्यमा योगदान गर्ने आकांक्षा जाहेर गर्नुभएको छ । उहाँको त्यो पवित्र आकांक्षालाई स्वागत गर्नुपर्दछ । सुस्वागतम् ! ❑

**- गोविन्द वर्तमान**

## ◂ उल्लेख्य




### खुलैखुला कुरा

विधा : हास्यव्यंग्य निबन्ध संगालो
लेखक : विष्णु प्रभात
प्रकाशक : श्रीमती जनक चालिसे
पृष्ठ : ७१
मूल्य : रु. २५/-

### नेपाली क्रान्तिको राजनीति परिवेश




विधा : सामयिक लेखहरुको संकलन
लेखक : गोविन्द न्यौपाने
प्रकाशक : निरन्तर प्रकाशन, काठमाण्डौ
पृष्ठ : १२०
मूल्य : रु. ५०/-




### उकालीको कथा

विधा : बाल कथा
लेखक : खगेन्द्र संग्रौला
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाडौं
पृष्ठ : ४०
मूल्य : रु. १८/-

### दर्शक र श्रोताको घुइँचोभित्र साम्दे शेर्पा



विधा : हास्य-व्यंग्य/ सांगीतिक यात्रा विवरण र विचारहरु
संपादन : किराती जेबी राई
प्रकाशक : नेपाल शेर्पा संघ
पृष्ठ : २४२
मूल्य : रु. २०१/-




### STREET DIARY

विधा : खाते बच्चाहरुबारेको अध्ययन रिपोर्ट
प्रकाशक : Save the Children (UK)
लेखक : Pralhad Dhakal, Javis Rana
पृष्ठ : 36
मूल्य : ...

विजया दशमी तथा दीपावली २०५८
को उपलक्ष्यमा संपूर्ण नगरवासी
तथा देशवासीहरुमा

**हार्दिक**
**मंगलमय**
**शुभ-कामना !**

व्यक्त गर्दछौं ।



**गोविन्द्रप्रसाद पाण्डेय**
नगरप्रमुख तथा
गुलेरिया नगरपालिका परिवार, बर्दिया

विजया दशमी तथा शुभ-दीपावली
२०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण
नगरवासी तथा देशवासीहरुमा

**हार्दिक**
**मंगलमय**
**शुभ-कामना !**



**सूर्यबहादुर कुँवर**
नगरप्रमुख तथा
महेन्द्रनगर नगरपालिका परिवार

विजया दशमी तथा दीपावली २०५८ को
उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा
देशवासीहरुमा

**हार्दिक**
**मंगलमय**
**शुभकामना**

व्यक्त गर्दछौं ।

**कैलाश ढुंगेल**, सभापति
**रमेश बस्नेत**, उप-सभापति
तथा
रामेछाप जिल्ला विकास समिति परिवार

विजया दशमी तथा दीपावली २०५८ को
उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा
देशवासीहरुमा

**हार्दिक**
**मंगलमय**
**शुभकामना**

व्यक्त गर्दछौं ।

**गणेशप्रसाद तिमल्सिना**, सभापति
**टीकाराम भुषाल**, उप-सभापति
तथा
पर्वत जिल्ला विकास समिति परिवार

# संविधानसभा र संविधान संशोधनको विवादबारे

**- रामसिंह श्रीस, महामन्त्री नेकपा (मसाल)**

सरकार र माओवादी वार्ताको टेबुलमा आएपछि एक पटक फेरि संविधान सभाको चुनाव वा प्रगतिशील दिशामा संविधानको संशोधन भन्ने कुरा राजनैतिक बहसको विषय भएको छ । संविधान सभाको चुनावको विषय ००७ सालदेखि नै उठेको विषय हो । ००७ सालको दिल्ली सम्झौतापछि राजा त्रिभुवनले छिटै संविधान सभाको चुनाव गराउने र त्यसले बनाएको संविधानअनुसार नै शासन चलाउने कुराको घोषणा गरेका थिए । त्यसपछि राजनैतिक पार्टीहरूले संविधान सभाको चुनाव गराउन भनी आवाज उठाउँदै आए तर राजाले अनेक बहानामा संविधान सभाको चुनावलाई पन्छाउने कोशिस गरे । अन्ततः २०१५ सालमा संविधान सभाको चुनाव नगराएर राजा महेन्द्रले बनाएको संविधानअनुसार संसदको चुनाव गराइयो । ०१७ सालमा राजा महेन्द्रले बहुदलीय व्यवस्थालाई समाप्त पारेर तानाशाही पंचायती व्यवस्था लागू गरे । त्यसपछि संविधान सभाको चुनावको कुरा फेरि उठ्यो । विशेष गरेर नेपाल कम्युनिष्ट पार्टीभित्र यो कुरा जोडदार रूपमा उठ्यो । नेपाल कम्युनिष्ट पार्टीको दरभंगा प्लेनमले संविधान सभाको चुनावको नारालाई तात्कालीक राजनीतिक मागको रूपमा उठाउने भनेर निर्णय गरेको थियो । तर केन्द्रीय नेतृत्व त्यसको विरोधमा भएको हुनाले पार्टीले त्यो नारालाई जोडदार रूपमा उठाउन सकेन ।

०४६ सालको जनआन्दोलनले जब पंचायती तानाशाही व्यवस्थाको अन्त्य गरायो र यस सीमित प्रकारको बहुदलीय व्यवस्थाको स्थापना गरायो, त्यसबेला राजाले बनाएको आयोगद्वारा संविधान बनाउने प्रक्रिया शुरू भयो । त्यो समयमा संविधान सभाको चुनावको कुरा पुनः जोडदार रूपमा उठ्यो । विशेष गरेर ने.क.पा. (मसाल) ले यो नारालाई व्यापक रूपमा उठायो । तर त्यसबेला ने.क.पा. (मसाल) बाहेक अन्य सबै राजनैतिक शक्तिहरूले त्यो संविधान सभाको चुनावको नारालाई समर्थन नगरेको हुनाले त्यो नारा कार्यान्वित हुन सकेन ।

अहिले हाम्रो पार्टीले संविधान सभाको चुनावको नारालाई विरोध गरेको छ ।

हामी आफैंले उठाउँदै आएको संविधान सभाको चुनावको नारालाई अहिले किन विरोध गर्नुपर्‍यो त ? यस सम्बन्धमा हाम्रो पार्टीको आठौं राष्ट्रिय सम्मेलनले भनेको छ- "आज देशमा संविधान सभा, संविधान परिवर्तन वा संशोधनको चर्चा निकै बढेर गएको छ । हाम्रो पार्टीले प्रारम्भदेखि नै सार्वभौमसत्ता जनतामा हस्तान्तरण तथा संविधान सभाद्वारा संविधानको निर्माणमा जोड दिँदै आएको छ र हाम्रो त्यो अडान अहिले पनि कायम छ । तर यो प्रश्नसित जोडिएको एउटा अर्को पक्षतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । आज राजावादी र राजापरस्त तत्वहरूले संविधान सभा तथा संविधानमा परिवर्तनको कुरा निकै ल्याइरहेका छन् । राजेश्वर गुटले पहिलेदेखि संविधान सभाको कुरा उठाउँदै आएको थियो भने अहिलेदेखि नै संविधान सभाको विरोध गर्दै आएको तथा त्यसलाई दक्षिणपन्थी संशोधनवादी सोचाइ बताउँदै आएको माओवादी समूहले पनि अब संविधान सभाको कुरा गर्न थालेको छ । हाम्रो पार्टीले प्रगतिशील दिशामा संविधानमा परिवर्तन वा त्यसमा अधिकतम सुधार वा संशोधनको आवश्यकता स्वीकार गर्दछ । तर त्यसका साथै हाम्रो के मत छ भने, तत्काल राजावादी तत्वहरूबाट संविधान सभाको जुन कुरा उठिरहेको छ, त्यसको उद्देश्य संविधान सभाको चुनावको बहानामा राजाको प्रत्यक्ष शासन कायम गर्नु नै हो । तर उनीहरूको राजनीतिक चरित्र वा उद्देश्यमा अन्तर भए पनि राजापरस्त तत्वहरूको संविधान सभा, संविधानमा परिवर्तन वा संशोधनका विचारहरूले प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारले राजावादीहरूको ०४६ सालका उपलब्धिहरूलाई समाप्त गरेर राजाको निरकुंश शासन कायम गर्ने उद्देश्यमा नै मद्दत पुर्‍याउने काम गर्दछ । उनीहरूको राजनीतिक चरित्र वा उद्देश्यहरू राजावादीहरूको भन्दा बेग्लै भए तापनि अहिलेको परिप्रेक्षमा उनीहरूले जसरी संविधान सभाको नारालाई अगाडि ल्याइरहेका छन्, त्यसबाट संविधान सभाको चुनावको नारामा राजाको प्रत्यक्ष शासन कायम गर्ने राजावादी र पुनरूत्थानवादी शक्तिहरूको रणनीतिलाई नै मद्दत पुग्दछ । माओवादीहरूले प्रत्यक्ष वा घुमाउरो प्रकारले यो कुरो बाहिर ल्याईसकेका छन् कि संविधान सभाको चुनाव राजाको मातहतमा बन्ने कुनै राष्ट्रिय अन्तरिम वा सर्वदलीय प्रकारको सरकारको मातहतमा नै हुन्छ, हुनसक्छ वा हुनुपर्दछ । त्यसको अर्थ प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारले राजालाई सक्रिय राजनीतिमा ल्याउन वा त्यसको प्रत्यक्ष शासन कायम गर्नु हुन्छ । त्यसका साथै राजाबाट जनतामा सत्ता हस्तान्तरणमा जोड दिने, त्यसरी राजाको स्थितिलाई मजबुत पार्ने होइन, तर कमजोर पार्ने उद्देश्यद्वारा प्रेरित संविधान सभाको पक्षमा आफ्नो आन्दोलनलाई कायम राख्दै वर्तमान संविधानको प्रगतिशील दिशामा परिवर्तन वा संशोधनका लागि उठ्ने आवाज वा आन्दोलनलाई पनि हाम्रो पार्टीले समर्थन गर्नेछ ।" (आठौं राष्ट्रिय सम्मेलनद्वारा पारित राजनीतिक प्रतिवेदन पृष्ठ -११।१२)

सम्मेलनले गरेको यो विश्लेषण र निर्णयबाट अहिले संविधान सभाको नारा किन उचित छैन भन्ने कुरा प्रष्टै हुन्छ । आठौं राष्ट्रिय सम्मेलनले पास गरेको यो नीतिलाई हाम्रो पार्टीले अहिले पनि सही छ भन्ने ठहर गरेको छ । किनभने अहिले पनि संविधान सभाको चुनावको नाराले राजाको रणनीतिलाई नै बल पुग्ने कुरा निश्चित छ ।

> **आज राजावादी र राजापरस्त तत्वहरूले संविधान सभा तथा संविधानमा परिवर्तनको कुरा निकै ल्याइरहेका छन्**

००७ सालदेखि ०१५ सालसम्मको स्थिति भनेको अन्तरिम सरकार भएको स्थिति हो । त्यसबेला संविधान सभाको चुनावको माग गरेर राजाको हातमा रहेको सार्वभौम सत्ता जनताको हातमा लिनको लागि यो नारा एकदम सही थियो । त्यस्तै, ०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्थालाई बिघटन गरेर तानाशाही पंचायती व्यवस्था लागु गरेको अवस्थामा पनि त्यो संधिवान सभाको माग राखेर आन्दोलनमा जानु उपयुक्त नै थियो । ०४६ सालको जनआन्दोलनले तानाशाही पंचायती व्यवस्थालाई समाप्त गरेर अन्तरिम सरकार बनेको र राजाद्वारा गठित आयोगद्वारा नयाँ संविधान निर्माण गर्ने प्रक्रिया चलिरहेको अवस्थामा संविधान सभाको चुनावको माग एकदम सही र समय सान्दर्भिक थियो । तर अहिलेको अवस्था योभन्दा भिन्न छ । यो संविधान मूल रूपमा प्रक्रियावादी भए पनि यसले राजाको केही अधिकारहरूलाई सीमित गरेको छ । सीमित प्रकारको भए पनि बहुदलीय व्यवस्थाको व्यवस्था गरेकोछ । त्यो अवस्थामा राजा तथा राजावादी शक्तिहरूले पनि विद्यमान संविधान र संसदीय व्यवस्थालाई खारेज गरेर आफ्नो गुमेको अधिकार फिर्ता लिन चाहन्छन् । त्यसको लागि उनीहरूले सुनियोजित रूपमा, योजनाबद्ध रूपबाट काम गर्दै आएका छन् । संविधान सभाको चुनाव गर्नका लागि

> **हामी आफैंले उठाउँदै आएको संविधान सभाको चुनावको नारालाई अहिले किन विरोध गर्नुपर्‍यो त ?**

सर्वप्रथम यो संविधान र संसदीय व्यवस्थालाई खारेज गर्नुपर्दछ । संविधान सभाको लागि अन्तरिम सरकारको गठन गर्नुपर्ने आवश्यकता हुन्छ । यो संविधान र व्यवस्थालाई खारेज गरेपछि बन्ने अन्तरिम सरकार कसको मातहतमा हुन्छ भन्ने प्रश्न प्रमुख प्रश्न हो । आज माओवादी समूहले अन्तरिम सरकारको जुन कुरा गरिरहेका छन्, त्यो क्रान्तिकारी शक्तिहरूको बीचमा बन्ने अन्तरिम सरकार होइन । आज क्रान्तिकारीहरूको बीचमा अन्तरिम सरकार बन्ने स्थिति बनिसकेको छैन । त्यो अवस्थामा स्वयं माओवादी समूहले भनेको अन्तरिम सरकार भनेको प्रक्रियावादी शक्तिहरू राजा, कांग्रेससँग पनि मिलेर बनाउने अन्तरिम सरकार हो । त्यसरी बनेको अन्तरिम सरकार मूलतः राजाको मातहतमा बन्नेछ । किनभने राजाको हातमा सेना छ र स्वयं सेनाहरू पनि राजाप्रति नै वफादार छन् । त्यसकारण अहिलेको संविधान र संसदलाई खारेज गरेर बनेको अन्तरिम सरकारमा राजाको नै निर्णायक भूमिका रहने छ । यसको अर्थ, राजाले संविधान सभाको चुनाव गराउन चाहे हुन्छ, नत्र भने संविधान सभाको चुनाव नै हुँदैन । त्यो अवस्थामा राजाको प्रत्यक्ष शासन नै कायम हुन्छ । किनभने त्यसबेला अहिलेको संसद र संविधान खारेज भएको हुन्छ । अर्को संविधान पनि बनीसकेको हुँदैन । त्यस अवस्थामा राजा र राजावादीहरू यो संविधान र संसदलाई खारेज गरेर प्रतिक्रियावादी शक्तिहरूसँग मिलेर बनाउने अन्तरिम सरकार बनाउनसम्म तयार हुनेछन् । तर त्यसपछि राजाले संविधान सभाको चुनाव गराउँछन् भन्ने कुनै ग्यारेन्टी छैन । विभिन्न बहाना बनाएर राजाले प्रत्यक्ष आफ्नो शासन कायम गर्ने सम्भावना सबभन्दा बढी छ ।

अहिले, विशेष गरेर जेठ १९ गतेको दरवार हत्याकाण्डपछि, राजाप्रति जनविश्वास घटेको हुनाले संविधान सभाको चुनाव भएमा जनताको अर्थात् गणतन्त्रको जित हुने स्थिति छ भन्ने पनि गरिन्छ । तर यहाँ प्रथम सवाल यो हो कि संविधान सभाको चुनावमा जनताले जित्ने छन् कि हार्ने छन् भन्नेभन्दा पनि संविधान सभाकै चुनाव गराउँछ कि गराउन्न भन्ने प्रमुख हो । किनभने अहिलेको संविधान र संसद खारेज गरेर प्रक्रियावादी शक्तिहरू समेतसँग मिलेर बनेको अन्तरिम सरकार अत्यन्तै कमजोर हुने कुरा निश्चत छ । त्यो अन्तरिम सरकारको हातमा सेना हुने छैन । सेना राजाकै हातमा हुनेछ । जसको हातमा सेना छ, उसको हातमा राज्यसत्ता हुन्छ । त्यसकारण प्रतिक्रियावादीहरूसँग विशेषतः राजावादीहरूसँग पनि मिलेर बनाएको अन्तरिम सरकार शक्तिशाली नहुने र त्यो राजाको मातहतमा नै हुने कुरा निश्चित छ । यो अवस्थामा अन्तरिम सरकारमा रहेका प्रगतिशील शक्तिहरूले संविधान सभाको चुनाव गराउन प्रयत्न गरे पनि राजाले त्यो चुनाव नगराउन प्रयत्न गर्नेछन् । राजाको हातमा सेना भएको हुनाले उनको स्थिति बलियो हुनेछ । त्यो बेला पुनः संविधान सभाको लागि संघर्ष गर्नुपर्नेछ । संघर्षमा जनताको विजय भएमा संविधान सभाको चुनाव हुनेछ नत्र भने राजाको प्रत्यक्ष शासन नै कायम हुनेछ ।

हामीले अहिलेसम्म प्राप्त गरेका सीमित अधिकारहरूलाई संरक्षण गर्दै अरू अधिकार प्राप्त गर्न संघर्ष गर्दै जानुपर्दछ । अनुकूल परिस्थिति आउँदा आमूल परिवर्तनको लागि कदम उठाउनु पर्दछ । प्राप्त अधिकारलाई समाप्त गरेर वा गुमाएर ठूलो अधिकारको लागि लड्ने भन्ने कुरा जोखिमपूर्ण कार्य हो । यस प्रकारको नीतिले पाएको सीमित अधिकारलाई गुमाउने र त्यसभन्दा बढी अधिकार पनि प्राप्त नहुने अवस्था सृजना गर्दछ । अहिलेको स्थितिमा संविधान सभाको नाराले त्यही काम गर्दछ । हामीले संविधान सभाको चुनावको नाराको माग गरेपछि सर्वप्रथम यो संसद र संविधानको खारेजीको लागि आन्दोलन गर्नुपर्छ । सडक र सदन दुवै ठाउँमा यो संविधान र संसदको खारेजीको लागि जोडदार रूपमा संघर्ष चलाउनुपर्नेछ । यो आन्दोलनमा राजावादीहरू पनि सहमत हुनेछन् । किनभने उनीहरू पनि यो संविधान र संसदीय व्यवस्थाको विरूद्धमा छन् । क्रान्तिकारी शक्तिहरूको बीचमा मात्र अन्तरिम सरकार बन्ने स्थिति छैन । तिनै पुनर्उत्थानवादी तथा फासीवादी शक्तिहरूसँग मिलेर बनाउने अन्तरिम सरकार अन्ततः राजाको मातहतमा नै हुन्छ । यसरी अहिलेको स्थितिमा संविधान सभाको चुनावको नाराले राजावादीहरूको रणनीतिलाई नै मद्दत पुऱ्याउने कुरा प्रष्ट छ । हामी राजाको अधिकारलाई कटौती गर्ने वा समाप्त पार्ने संविधान सभाको चुनावको पक्षमा सँधै नै दृढ छौं ।

हामी यो संविधान तथा यो संसदीय व्यवस्थाको विरूद्धमा छौं । राजा र राजावादीहरू पनि यो संविधान र संसदीय व्यवस्थाको विरूद्धमा छन् । तर हामी र राजावादीहरूको यस बहुदलीय व्यवस्थाको विरोधको उद्देश्यमा मौलिक रूपमा अन्तर छ । राजाले यो संविधान र बहुदलीय व्यवस्थालाई समाप्त पारेर आफ्नो प्रत्यक्ष शासन कायम गर्न चाहन्छन् । हामी यो बहुदलीय व्यवस्थालाई समाप्त पारेर नयाँ जनवादी व्यवस्था स्थापना गर्न चाहन्छौं । तर यो बहुदलीय व्यवस्थालाई समाप्त पारेर राजाको प्रत्यक्ष शासन आउने खतरा उत्पन्न हुन्छ भने त्यो बेला यो बहुदलीय व्यवस्थालाई बचाउने हाम्रो प्रयत्न हुन्छ र हुनुपर्दछ । अहिलेको संविधान सभाको चुनावको नाराले वास्तवमा यो बहुदलीय व्यवस्थालाई समाप्त पारेर राजाको प्रत्यक्ष शासन ल्याउने रणनीतिलाई नै मद्दत पुग्ने भएकाले हामीले अहिले यसको समर्थन गरेका छैनौं । ०७ साल, ०१७ साल र ०४७ सालमा संविधान सभाको चुनावलाई हामीले जोडदार रूपले उठाएका थियौं किनभने त्यसबेला जनताको संघर्षबाट ल्याएको संविधान र व्यवस्थालाई खारेज गर्नु पर्दैनथ्यो । त्यसकारण त्यसबेला त्यो नारा सही थियो । जब संविधान सभाको चुनावको नाराले राजावादी तथा फासीवादी शक्तिहरूलाई कमजोर पार्ने स्थिति आउँदैन वा त्यस प्रकारको स्थिति तयार हुन्छ, त्यसबेला हामीले संविधान सभाको चुनावको नारालाई तत्कालीन क्रियात्मक नाराको रूपमा उठाउनुपर्छ र उठाउने छौं । तर अहिले यो नारा उठाउँदा सर्वप्रथम यो संविधान र व्यवस्थालाई खारेज गर्नुपर्ने, त्यसपछि राजाको मातहमा अन्तरिम सरकार बन्ने हुन्छ । यो स्थितिले गर्दा संविधान सभाको चुनावको नारा आफैंमा सही हुँदाहुँदै पनि अहिलेको स्थितिमा यो नाराले राजाको रणनीतिलाई मद्दत पुऱ्याउँछ । त्यसकारण हामीले अहिले संविधान सभाको चुनावको नारालाई समर्थन गरेका छैनौं ।

***हामी यो संविधान तथा यो संसदीय व्यवस्थाको विरूद्धमा छौं । राजा र राजावादीहरू पनि यो संविधान र संसदीय व्यवस्थाको विरूद्धमा छन् । तर...***

अब आयो संविधान संशोधनको कुरा ।

यो संविधान प्रक्रियावादी संविधान हो । त्यसकारण निश्चित रूपमा यस संविधानमा हुने सामान्य संशोधनले जनताका आधारभूत समस्याहरूलाई समाधान गर्न सक्दैन । तर यस संविधानबाट प्राप्त सीमित अधिकारहरूको रक्षा गर्दै अरू बढी अधिकार प्राप्त गर्ने दिशामा अगाडि बढ्नै पर्दछ । यस सम्बन्धमा हाम्रो पार्टीको आठौं राष्ट्रिय सम्मेलनले भनेको छ- "त्यसरी राजाको स्थितिलाई मजबुत पार्ने होइन, तर कमजोर पार्ने उद्देश्यद्वारा प्रेरित संविधान सभाको पक्षमा आफ्नो आन्दोलनलाई कायम राख्दै वर्तमान संविधानको प्रगतिशील दिशामा परिवर्तन वा संशोधनका लागि उठ्ने आवाज वा आन्दोलनलाई पनि हाम्रो पार्टीले समर्थन गर्नेछ ।" (पृष्ठ १२)

यसरी अहिले संविधान संशोधनको जुन कुरा उठिरहेको छ, त्यसमा प्रगतिशील दिशामा हुने परिवर्तन वा संशोधनमा हाम्रो सहमति छ । तर संविधान संशोधन प्रतिगामी दिशामा पनि हुन सक्नेछ र संभावना छ- हाम्रो विरोध हुन्छ र हुनेछ ।

हालको संविधानमा व्यवस्था भएअनुसार संविधान संशोधनको लागि संसदको प्रत्येक सदनमा सो सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई सदस्यहरू उपस्थित भई बहुमतबाट पारित हुनुपर्दछ । त्यसकारण अहिलेको अवस्थामा संविधान संशोधनको लागि ने. का. र एमाले मिलेपछि मात्र संविधान संशोधन हुनसक्छ । एमालेले संविधान संशोधनको कुरा उठाएको छ, तर ने.का.को तर्फबाट संविधान संशोधनको लागि अहिलेसम्म औपचारिक रूपमा त्यस प्रकारको कुरा आएको छैन । कृष्णप्रसाद भट्टराईले त ३० वर्षसम्म यो संविधानलाई कुनै संशोधन गर्न आवश्यक छैन भनिरहेका छन् ।

यो अवस्थामा संविधान संशोधन पनि जनआन्दोलनको ठूलो दबावले मात्र हुन सम्भव छ । यसरी प्रगतिशील दिशामा संविधानको परिवर्तन वा संशोधनको लागि हुने आन्दोलनमा हाम्रो सहयोग, समर्थन र सहभागिता रहनेछ । ❑

*सभार : 'हाँक' साप्ताहिक*
*२०५८, असोज १७*

# संविधान सभाको माग किन उचित छ ?



आखिर मसाल र ऊ जस्ता पार्टीहरूको समाज पविर्तनको माध्यम के हो ?

- गोविन्द न्यौपाने -

## संविधान सभाको सन्दर्भ

अहिले देशमा चलिरहेका राजनीतिक बहसमा संविधान सभा र गणतन्त्र प्रमुख विषयका रूपमा रहेका छन् । यी वास्तवमा दुई बेग्लै विषय भए पनि धेरै हदसम्म अन्तरसंबन्धित पनि छन । देशका प्रमुख राजनीतिक शक्तिहरू अहिले यी विषयमा आ-आफ्ना मतहरू जाहेर गरिरहेका छन् । नेपाली कांग्रेसदेखि नेपाल कम्युनिस्ट पार्टी (मसाल) सम्मका शक्तिहरू संविधानको यथावस्थामा निरन्तरतादेखि संशोधनसम्मका कुरा गरेर यसै संविधानको पक्षमा रहेका छन् । यिनीहरू वर्तमान संसदीय व्यवस्था र संवैधानीक राजतन्त्रलाई कायम राख्न चाहन्छन् वा रूप-रचनामा केही फेरफारसम्म गर्न तयार छन् । अर्कोतिर, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)ले भने गणतन्त्र र नयाँ संविधानको पक्षमा प्रतिवद्धता जाहेर गरेका छन् ।

कांग्रेस यो संविधानको पक्षमा उभिने कुराले आश्चर्य उत्पन्न गर्दैन । ऊ घोषित रूपले नै संसदवादी शक्ति हो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले यो संविधानको रूपरंगमा केही फेरफार गरेर त्यसलाई नै निरन्तरता दिने कुरा गरेको छ । बहुदलीय जनवादी एमालेको यो पनि अचम्भित पार्ने कुरा होइन । यही कुरा अरू संसदको चक्कर लगाइरहेका वा संसदको चक्करको दौडमा फसेका सबै पार्टीहरूमा पनि लागु हुन्छ । तर नेपाली कम्युनिष्ट पार्टी परिवारको एउटा उपरचनाको रूपमा रहेको नेपाल कम्युनिस्ट पार्टी (मसाल) र अरू केही वाम पार्टीहरूले संविधान सभाको प्रस्तावको विरोध गरेको कुराले बेग्लै महत्व राख्छ । इतिहासका विभिन्न कालखण्डमा यी पार्टीहरू यो प्रस्तावको पक्षमा दृढतापूर्वक उभिने गरेका थिए । अहिले त्यस अडानका विपरित गएर यथास्थितिवादीहरूको पंक्तिमा उभिने आवश्यकता उनीहरूलाई किन पऱ्यो ? यो विषयको गम्भीरतापूर्वक बिवेचना गर्नु आवश्यक भएको छ ।

संविधान सभाको निर्वाचनको कुरा शासन प्रणालीको रचनामा जनताको सार्वभौमिक अधिकारको सम्मानसंग संवन्धित छ । यो अधिकार नेपाली जनतालाई आजसम्म कहिल्यै प्राप्त भएन । त्यो सार्वभौमिक अधिकारको उपभोग गर्न उनीहरूले पाउने कि नपाउने भन्ने विषयसँग मिलाएर यसलाई हेर्नुपर्छ । सन १९९० को जनआन्दोलनपछि आएको नयाँ वातावरणमा पनि जनताले यो अधिकारको उपभोग गर्न पाएनन् । त्रिपक्षीय मिलेमतोमा एउटा संविधानको लेखन गरियो । यो संविधानको प्रयोग भएको १० वर्ष पुग्यो । यसले कस्तो परिणाम दियो भन्ने कुरा जगजाहेर छ । समाजलाई अग्रगति दिन नसक्ने, आम जनताका हित, प्रगति र असल भविष्यलाई रेखांकित गर्न नसक्ने यो संविधान प्रगतिशील छ भनेर हल्ला चलाउनुको अब कुनै सकारात्मक अर्थ हुन सक्तैन ।

संविधान सभाको नाराको एउटा लामो इतिहास छ । यसमा जनआन्दोलन संचालनका तत्वहरू अन्तर्निहित रहेका छन । समाज परिवर्तनका आधारभूत विषयहरूलाई राजनीतिक कार्यसूचीमा बदल्ने अवसर समेत यो प्रस्तावले प्रदान गर्छ । (यो प्रसंगको बिवेचनाका लागि लेखकको "नेपाली क्रान्तिको राजनीतिक परिवेश" नामक पुस्तक हेर्नुहोस् ।) वास्तवमा, यो धेरैले कल्पना गरेजस्तो दिने र लिने सहज प्रकृयाको अनुपालना होइन ।

## वामवृत्तका केही शक्तिहरूको विरोधको समीक्षा :

माओवादी र एकता केन्द्र बाहेकका वाम राजनीतिक वृत्तका पार्टीहरूले संविधान सभाको विरोध गरिरहेका छन् । उनीहरूले यस्तो विरोध गर्दा केही महत्वपूर्ण सैद्धान्तिक र व्यवहारिक विषयहरू उठाउने गरेका छन । (संदर्भका लागि हेर्नुहोस्ः नेकपा (मसाल) का महामन्त्री रामसिंह श्रीस, "संविधान सभा र संविधान संशोधनको विवादबारे", हाँक, असोज १७, २०५८ र "संविधान सभा कि संविधान संशोधन ?", जनएकता, असोज २८, २०५८, पो. व. नं. ६७२८ काडमाडौं) त्यसैले, ती सैद्धान्तिक र व्यवहारिक विषयहरूको समीक्षा आवश्यक भएको छ ।

मसाल लगायतका वामवृत्तका केही पार्टीहरूको भनाइ के छ भने अहिले यो नाराले प्रतिगमनलाई प्रोत्साहित गर्छ र राजावादीहरूलाई लाभ पुऱ्याउँछ । यो माग राजापरस्तहरूले उठाएकाले राजावादी माग हो ।

यस्तो संदेह गर्ने शक्तिहरूको अभियोग के छ भने माओवादीहरू राजापरस्त शक्ति हुन् र यो मागलाई उठाएर उनीहरूले प्रत्यक्ष वा परोक्ष रूपले राजतन्त्रलाई बलियो बनाउने काम गरेका छन् । यहाँ के प्रश्न उठ्छ भने आखिर 'राजापरस्त' माओवादी भन्दा 'राजाविरोधी' मसालहरू बढी राजावादी किन छन् ? माओवादीहरू संविधान सभाको निर्वाचनमार्फत् देशको शासन सत्ताको संचालन प्रणालीको निर्धारण जनताले गर्न पाउनु पर्छ भन्ने पक्षमा छन् । तर मसाल लगायतका 'राजा विरोधीहरू' त्यस्तो प्रकृयाको विरोध गर्दै किन राजतन्त्रलाई निरापद बनाउन चाहन्छन् ?

वास्तवमा, माओवादीहरूलाई राजापरस्त देख्ने मसाल जस्ता पार्टीहरूको विश्लेषण आफ्नो अवस्थितिलाई, आफ्नो संकुचनलाई र संसदको केन्द्रीय कक्षमा भौतारिइरहने आफ्नो चाहनालाई स्वभाविक देखाउने र आत्मसंतोषको व्यापार गर्ने राजनीतिक आवरण मात्र हो । हो, रमेशनाथ पाण्डेजस्ता संदेहास्पद व्यक्तिसँग भेटघाट गर्ने, धिरेन्द्र शाहजस्ता विवादास्पद व्यक्तिहरूसँग संपर्क कायम गर्ने, मई १, २००१ को राजदरवार हत्याकाण्डको तुरून्तपछि शाही राजतन्त्रको भूमिकाका बारेमा मनोगत मूल्यांकन गर्ने जस्ता माओवादीहरूका काम आलोच्य हुन सक्छन, तर यस्ता न्यून महत्वका सामान्य सैद्धान्तिक र व्यवहारिक कमजोरीहरूले गणतन्त्रको पक्षमा आवाज बुलन्द गरिरहेका माओवादीहरूलाई राजापरस्त देख्नु उनीहरूको दृष्टिकोणमा रहेको गम्भीर दोष मात्र होइन, मसाल जस्ता 'राजा विरोधी'हरूको चिन्तनधारामा रहेको असामान्य ईर्ष्याभावको रहस्योद्घाटन गर्ने महत्वपूर्ण तथ्य पनि हो । यदि संविधान सभालाई सैद्धान्तिक र व्यवहारिक रूपले उनीहरू यति आपत्तिजनक मान्छन् भने त्यही नारालाई अझ प्रष्ट शब्दावलीमा उठाइरहेको नेपाल कम्युनिस्ट पार्टी

> *मसाल लगायतका वामवृत्तका केही पार्टीहरूको भनाइ के छ भने अहिले यो नाराले प्रतिगमनलाई प्रोत्साहित गर्छ र राजावादीहरूलाई लाभ पुऱ्याउँछ*

(एकता केन्द्र)सँगको हिसाब किताब पनि मिलाउनु पर्ने होइन र ? त्यही नारालाई अघि बढाइरहेको एकता केन्द्रलाई पनि राजापरस्त भएको वा राजावादीलाई सहयोग पुऱ्याएको अभियोग लगाउनु पर्ने होइन र ?

मसाल र अरू केही वामवृत्तका पार्टीहरू के भन्ने गर्छन् भने अहिलेको परिस्थितिमा सेनाको नियन्त्रण राजाको हातमा छ र राजाले चाहेमात्र संविधान सभाको चुनाव हुने भएकाले राजाले आफ्नो प्रत्यक्ष शासन कायम गर्न सकिने भए मात्र त्यस्तो चुनाव गराउने छन् ।

के कुरा साँचो हो भने अहिले सेना राजाको मातहतमा छ । के पनि साँचो हो भने राजावादीहरू आफ्नो शक्ति विस्तार गर्न चाहन्छन् । तर मसाल जस्ता पार्टीहरूको राजा सहमत भए मात्र संविधान सभाको निर्वाचन हुन्छ भन्ने निष्कर्षले आश्चर्य उत्पन्न गर्छ । यस्तो निष्कर्षले तीनवटा संभावनालाई अस्वीकार गर्छ :

१) संविधान सभाको निर्वाचन स्वयंमा एउटा महान जनआन्दोलनको संचालन क्षमता भएको राजनीतिक मुद्दा हो । यसका वरिपरि जनसंघर्षको बाढीको रचना हुनेछ ।

२) संविधान सभाको निर्वाचनको नाराले जनता सार्वभौम भएको ढ्वाङ् फुक्ने, तर उनीहरूलाई शक्तिसम्पन्न गर्ने कामको विरोधमा रहेका शक्तिहरूलाई नाङ्गेभार पार्नेछ ।

३) संविधान सभाको संदर्भमा हुने महावादविवादले समाज परिवर्तनका मौलिक मुद्दाहरूलाई राजनीतिक कार्यसूचीको केन्द्रीय विषयमा सूचीबद्ध गर्ने अवसर प्रदान गर्छ । तर मसाल जस्ता पार्टीहरूको सोच संविधान सभा आन्दोलनको मुद्दाको रूपमा होइन, राज-इच्छामा भर पर्ने बिन्तिपत्रको विषय भएको छ ।

अर्को उनीहरूको तर्क छ - प्रतिक्रियावादी शक्तिहरूसमेत मिलेर बनेको अन्तरिम सरकार शक्तिशाली नहुने, त्यो राजाकै मातहतमा हुने भएकाले राजाले चुनाव नगराउन प्रयत्न गर्नेछन् र संविधान सभाका लागि फेरि संघर्ष गर्नुपर्ने छ । संघर्षमा जनताको विजय भएमा संविधान सभाको चुनाव हुनेछ, नत्रभने राजाको प्रत्यक्ष शासन नै कायम हुनेछ ।

मसाल जस्ता पार्टीहरूको यो तर्क आफैमा विरोधाभाषपूर्ण छ । राजाको प्रत्यक्ष शासन त उनले कुनै पनि दिन आफ्नो मातहतको सेना परिचालन गर्नासाथ लागु हुनसक्छ । संविधान सभाले उत्पन्न गर्ने हलचलमा त्यो काम गर्न सजिलो हुन्छ भन्ने तर्क यसकारणले युक्तिसंगत लाग्दैन कि त्यो अनुकुलताका लागि राजालाई माओवादीको हौवा नै प्रशस्त छ । अहिले पनि संसदवादी पार्टीहरूले बताउने र नेपालको संविधानमा लेखिएको जस्तो नेपालमा संवैधानिक राजतन्त्र छैन । यहाँ अर्ध-सक्रिय राजतन्त्र छ । सेनाको अख्तियारी राजासँग रहेको र सेनाको बफादारी पनि राजाप्रति नै भएको अवस्थामा राजालाई शक्तिहीन ठान्ने विश्लेषण नै गलत हो । अहिलेको 'प्रजातन्त्र'मा शासकीय भूमिकाको सन्दर्भमा जनताका शक्तिहरूको के हैसियत छ ? आधारभूत तहका मजदूर एवं किसानहरूलाई कस्ता उपभोग-सम्भव राजनीतिक अधिकारहरू प्राप्त भएका छन् ? यो अवस्थालाई फेर्नु पर्दैन र ? मसाल र ऊ जस्ता जनआन्दोलनको कार्यनीतिमा सिमित रहेका पार्टीहरूले त संविधान सभाको केन्द्रीय नारा अन्तर्गत राजनीतिक आन्दोलनको अग्रमोर्चामा उभिनु आवश्यक हुन्थ्यो । माओवादीहरूका लागि यो सामान्य कार्यनीतिक महत्वको नारा मात्र पनि हुनसक्छ किनभने उनीहरू जनयुद्धको संचालन गरिरहेका शक्ति हुन् । जनयुद्ध पनि होइन, संसदवाद पनि होइन र जनआन्दोलन पनि होइन भने, आखिर मसाल र ऊ जस्ता पार्टीहरूको समाज पविर्तनको माध्यम के हो ?

मसाल र ऊ जस्ता पार्टीहरूले प्रगतिशील दिशामा हुने संविधानको परिवर्तन वा संशोधनलाई भने समर्थन गर्ने कुरा बताएका छन् । उनीहरूले के पनि भनेका छन् भने त्यो संशोधन नेपाली कांग्रेस र एमाले मिलेपछि मात्र हुनसक्छ । किनभने यी दुइटा शक्ति मिलेर मात्र आजको संसदको बनोटमा दुइ-तिहाई मत पुग्छ ।

यसको के अर्थ निस्कन्छ भने मसाल र ऊ जस्ता 'राजा विरोधी' पार्टीहरू सकारात्मक संवैधानिक परिवर्तनका लागि भिक्षाटनमा लागेका छन् । के ती संसदवादी पार्टीहरूले गर्ने कामको विरोध वा समर्थन गर्नु नै यी 'राजा विरोधीहरू' को भावी कार्यनीति हो त ? समाजमा परिवर्तनको दिशाको निरूपण शासनमा बलात् कब्जा जमाएर बसेका र उच्च वर्गका हितहरूको संवर्धन एवं प्रवर्धनमा लागेका राजनीतिक संरचनाहरूबाट होइन, जनताका उदीयमान संगठनहरूको भूमिकाबाट मात्र संभव छ । यो सरल कुरालाई सहजतापूर्वक स्वीकार्न र जनताका संगठित शक्ति संरचनाहरूलाई मजबूत बनाउने काममा योगदान गर्न मसाल र ऊ जस्ता पार्टीहरूलाई केले छेकेको छ ?

माथिको संक्षिप्त बिवेचनाले के देखाउँछ भने मसाल र ऊ जस्ता पार्टीहरू जुन धरातलमा उभिएर संविधान सभाको विरोध गरिरहेका छन्, त्यो विरोधको आधार मनोगत सोच नै हुनसक्छ । अझ मसालले त अहिलेसम्म नेपाल कम्युनिस्ट पार्टी (माओवादी)लाई मार्क्सवादी-लेनिनवादी पार्टी वा समूहको कुरा त परै जावस् वामपंथी शक्ति वा समूहको रूपमा मात्र पनि मान्यता दिएको छैन । उसको विचारमा माओवादीहरू देशभक्त तथा जनतान्त्रिक समूह मात्र हुन् । समस्याको शुरूआत यो विश्लेषणबाट हुन्छ र यही विश्लेषणका कारणले संविधान सभाको निर्वाचनको सम्मत प्रस्तावलाई पनि मसाल बन्चरो हान्ने काममा लागेको छ । यो प्रस्तावको मसालले विरोध गर्नुपर्ने जतिसुकै तर्कहरू गरे पनि यो मूलतः उसको भावनासँग संबन्धित रहेको छ, माओवादीलाई पछार्ने मनोवृत्तिबाट प्रभावित छ र उग्र ईर्ष्याको यसमा सम्मिश्रण भएको छ । यदि यस्तो होइन भने मसालले के पुस्टि गर्नुपर्ने हुन्छ भने विगतमा देशमा अहिलेभन्दा परिवर्तनको उत्तम संभावना भएकोले नै ऊ संविधान सभाको माग गरिरहेको थियो । त्यो संविधान त्यसबेला प्रतिक्रियावादी शक्तिहरू सामेल भएको अन्तरिम सरकारले होइन, क्रान्तिकारीहरूको अन्तरिम सरकारले बनाउने थियो र त्यो संविधान बनाउँदा सेना राजाको अधिनमा हुने थिएन र त्यो सेना मसाल समेतका 'राजाविरोधीहरू'ले गरेका हुकुमको तामेलीमा तैनाथ रहने हुनाले नै उसले यतिबेला संविधान सभाको माग गरेको थियो । मसालले स्पष्ट पार्नु जरूरी छ । २०४६ साल र २०५८ सालमा चाहिँ अहिलेभन्दा कुन उन्नत परिस्थिति हुनाले जसले त्यतिबेला संविधान सभाको नारा दिनु उचित ठानेको थियो ? त्यतिबेलाभन्दा अहिले क्रान्तिकारी शक्तिहरू बलिया भएका छन् कि कमजोर भएका छन् ?

> **न्यून महत्वका सामान्य सैद्धान्तिक र व्यवहारिक कमजोरीहरूले गणतन्त्रको पक्षमा आवाज बुलन्द गरिरहेका माओवादीहरूलाई राजापरस्त देख्नु उनीहरूको दृष्टिकोणमा रहेको गम्भीर दोष मात्र होइन, ...**

के कुरा अझ स्पष्ट हुदै आएको छ भने मसाल र ऊ जस्ता वामवृत्तका पार्टीहरू तीव्रतापूर्वक दक्षिणपक्षमा कोल्टो फेर्न थालेका छन् । उनीहरूको संसदवादीहरूसँग मेलजोल र माओवादीहरूसँग विद्वेष बढ्न थालेको छ । यही आरणले कुनै सैद्धान्तिक र व्यवहारिक आवरणको खोजी गरेर उनीहरू माओवादीहरूलाई परास्त गर्न कम्मर कसेर लागेका छन् । मसाल र ऊ जस्ता वामवृत्तका पार्टीहरूले माओवादीहरूको आलोचना गर्नु आवश्यक, उचित र रचनात्मक काम मान्न सकिन्छ । तर त्यो आवश्यकतालाई पूरा गर्न जनताको अधिकारलाई कुण्ठित पार्ने कर्ममा लाग्नु सर्वथा अस्वीकार्य कुरा हो । यो कुरा संविधान सभाको विरोध गर्ने उनीहरूको कामबाट स्पष्ट भएको छ ।

मसाल र ऊ जस्ता पार्टीहरूको के तर्क पनि छ भने २००७ साल, २०१७ साल र २०४७ सालमा संविधान सभाको चुनावको माग गर्नु ठीक थियो किनभने त्यसबेला जनताको संघर्षबाट ल्याएको संविधान र व्यवस्थालाई खारेज गर्नु पर्दैनथ्यो ।

यसको अर्थ के हुन्छ भने विद्यमान संविधान र व्यवस्था जनताको संघर्षले ल्याएको हो । तर यथार्थको कुरा गर्ने हो भने यो संविधान र व्यवस्था जनताको संघर्षलाई संभौतामा टुंग्याउने काममा लागेका त्रिपक्षीय शक्तिहरूको आपसी भागबण्डाको परिणामको रूपमा आएको हो । यो संविधान र व्यवस्थाको रचनामा जनताको अधिकारलाई सम्मान गरेर संविधान सभाको निर्वाचन गरेको र त्यो संविधान सभाले यो संविधानको निर्माण गरेको भए मसाल र ऊ जस्ता पार्टीहरूका यस्ता तर्कहरू मान्य हुनसक्थे । तर त्यस्तो जनअभिमतको पुष्टि हुने कुनै काम भएकै छैनन् । त्यसैले, उनीहरूको यो तर्क आफ्नो गलत मान्यतालाई पुष्टि गर्ने कसरत मात्र हो ।

मसाल र ऊ जस्ता 'राजा विरोधीहरू' को के भनाई छ भने जब संविधान सभाको चुनावको नाराले राजावादी तथा फासीवादी शक्तिहरूलाई कमजोर पार्ने स्थिति आउँछ, त्यसबेला संविधान सभाको चुनावको नारालाई तत्कालिन क्रियात्मक नाराको रूपमा उठाउनु पर्छ ।

**संविधान सभाको पक्ष-विपक्षमा संचालित विवादले क-कसलाई कस्तो लाभ-हानी पुऱ्याउँछ, त्यो यसको उत्तरार्धमा गएर स्पष्ट हुने कुरा हो ।**

आश्चर्य त कतिबेला हुन्छ भने २००७ सालमा भन्दा, २०१७ सालमा भन्दा र २०४७ सालमा भन्दा आज मसाल र ऊ जस्ता पार्टीहरू जनता कमजोर छन् र राजावादी तथा फासिवादी शक्तिहरूलाई अहिले कमजोर पार्नसक्ने स्थिति छैन भन्ने निष्कर्ष निकाल्न पुग्छन् । आज सशस्त्र वर्ग संघर्षमा, जनआन्दोलनमा र राजनीतिक संघर्षमा जुन गति, तीव्रता र सघनता छ, यस्तो पहिले कहिल्यै थिएन । अहिले जनतासँग आफ्नै सेना छ, विभिन्न उपरचनाहरूमा विभाजित भएकै भए पनि विस्तृत र शक्तिशाली वाम राजनीतिक वृत्त छ र जनताको चेतना लगातार छलाङ मार्दै समुन्नत हुँदैछ । जनता सचेत र संगठित मात्र भएका छैनन्, संघर्षका आँधी-बेहरीको पनि सिर्जना गरिरहेका छन् । अर्कोतिर, दरवार तुलनात्मक रूपले कमजोर भएको छ र प्रतिगामी शक्तिहरू बदनाम भएका छन् । यस्तो आम अनुकुलताको अवस्थामा पनि 'राजावादी र फासिवादी शक्तिहरूलाई कमजोर पार्ने स्थिति' पर्खेर बस्नु भनेको अकर्मण्यता सिवाय अरू केही हुन सक्तैन । यस्तो विचारले जनताका अग्रगमनका समग्र प्रयत्नहरूलाई अस्वीकार गर्छ र जनतालाई परिवर्तनको संवाहकका रूपमा होइन, निरिह पिछलग्गूको भूमिकामा सिमित गर्ने कल्पनाको खेती गर्छ । र, यसरी समाजको रूपान्तरणमा रहने जनताको निर्णायक भूमिकालाई अस्वीकार गर्छ । यस्तो विचार निश्चित रूपले मनोगत चाहनामा आधारित चिन्तनधाराको परिणाम हो र यो अस्वीकार्य छ ।

### *राजनीतिक शक्तिहरूबीच ध्रुवीकरणः*

संविधान सभाको पक्ष-विपक्षमा संचालित विवादले क-कसलाई कस्तो लाभ-हानी पुऱ्याउँछ, त्यो यसको उत्तरार्धमा गएर स्पष्ट हुने कुरा हो । तर यस्तो गम्भीर महत्वको कार्यनीतिक प्रश्नमा विपरित दिशा अंगिकार गरेका एकता केन्द्र र मसालको एकता प्रयत्नमा भने यसले गम्भीर प्रभाव पार्ने अवस्था देखिएको छ । अर्को कुरा, मसाल र ऊ जस्ता वामवृत्तका पार्टीहरूभित्र क्रान्तिकारीहरू र संसदवादीहरूबीच अन्तरसंघर्ष घनीभूत हुनेछ । वास्तवमा, आज संविधान सभा राजनीतिक शक्तिहरूबीच भावी ध्रुवीकरणको महत्वपूर्ण मुद्दा भएको छ । यो वा त्यो नाममा जनतालाई अधिकारविहीन बनाई राख्ने, अग्रगामी परिवर्तनको दिशामा अवरोध उत्पन्न गर्ने र स्वहितका लागि विरोधको खेतीपाती गर्ने शक्तिहरूले अन्ततः यथास्थितिवादीहरूकै पक्षपोषण गर्नेछन । यो सरल सत्यलाई आत्मसात गरेर वाम-प्रजातान्त्रिक शक्तिहरू जनअधिकारको विस्तार र सुदृढीकरणका लागि उठाइएको संविधान सभाको बुलन्द आवाजको वरिपरि भेला हुनु यथार्थसम्मत, आवश्यक र उचित हुन्छ । यसका विरूद्ध उभिने वा यसलाई अस्वीकार गर्ने शक्तिहरूलाई इतिहासको जिम्मामा छोडेर आम जनता, वाम-प्रजातान्त्रिक शक्तिहरू र कम्युनिस्टहरू भने नेपाली समाजको उज्वल भविष्यको रचनामा दृढतापूर्वक अघि बढ्नै पर्छ । ❑

*अक्टोबर ३०, २००१*


विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा **हार्दिक मंगलमय शुभ-कामना** व्यक्त गर्दछौं ।

**रबिन कोइराला**, प्रमुख
**चन्द्र भण्डारी**, उप-प्रमुख
तथा
मेची नगरपालिका परिवार, झापा

विजया दशमी तथा शुभ-दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा **हार्दिक मंगलमय शुभ-कामना** व्यक्त गर्दछौं ।



**तेजनारायण यादव**
सभापति
तथा
महोत्तरी जि.वि.स परिवार

विजया दशमी तथा शुभ-दीपावली २०५८ को उपलक्ष्यमा संपूर्ण ग्राहकवर्ग तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना**

व्यक्त गर्दछौं ।

KMM

**काठमाण्डौ मैदा मिल**

---

विजया दशमी तथा शुभ-दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना !**



**लीलाबहादुर थापा मगर**

सभापति तथा

बाग्लुङ्ग जिल्ला विकास समिति परिवार

---

विजया दशमी तथा शुभ-दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना !**

**मनोजकुमार मयाङ्वो**

नगरप्रमुख तथा

धरान नगरपालिका परिवार

---

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना**

व्यक्त गर्दछौं ।

**रमेशचन्द्र पौडेल**

नगरप्रमुख तथा

विराटनगर उप-महानगरपालिका परिवार

---

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना !**

**नारायणदत्त मिश्र**, सभापति

**सूर्यबहादुर शाह**, उप-सभापति

तथा

कैलाली जिल्ला विकास समिति परिवार

---

विजया दशमी तथा दीपावली २०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना !**

**विष्णु घिमिरे**

सभापति तथा

चितवन जिल्ला विकास समिति परिवार

---

विजया दशमी तथा दीपावली २०५८ को उपलक्ष्यमा संपूर्ण नगरवासी तथा देशवासीहरुमा

**हार्दिक मंगलमय शुभ-कामना !**

**हिमबहादुर पिया**

नगरप्रमुख तथा

भरतपुर नगरपालिका परिवार



# देउवा सरकारको भविष्य



- राजेन्द्र दाहाल -

साँढे तीन महिनाअघि, अर्थात् साउनको शुरूमा प्रधानमन्त्रीका रूपमा शेरबहादुर देउवा र उहाँको सरकारले जगाएको उत्साह एवं आशावादिता साँच्चै नै उच्च थियो । प्रधानमन्त्री देउवाले 'युद्धविराम' का निम्ति राख्नुभएको प्रस्तावलाई माओवादी नेता प्रचण्डले तत्काल स्वीकार गरी दुवै पक्ष वार्ताको टेबुलमा बस्न सहमत हुँदाको क्षण; प्र.म. देउवाको व्यक्तित्व आम नेपालीका निम्ति आँखामा हाल्दा नबिझाउने गरी सर्वग्राह्य भएको थियो । कथित क्रान्तिकारी भूमिसुधार; महिलालाई पुरूषसरहको अंश र दलितहरूलाई मन्दिर प्रवेश गर्न पाउने जस्ता आमूल परिवर्तनकारी घोषणाहरूले प्रधानमन्त्री र उहाँको सरकारप्रति जनताको आकाक्षा र अपेक्षा अरू बढाइदियो । देशले चाहेको जस्तो सरकार बल्ल पाएको अनुभव धेरैलाई भयो । मर्दै गएको आशा पुनः जागृत हुन थाल्यो; चौतर्फी निराशालाई भरोशा र उत्साहले प्रतिस्थापन गर्न खोज्यो । मुलुकमा ६ वर्षदेखिको हिंसा र रक्तपातको सिलसिला केही समयका लागि साँच्चि नै रोकियो र त्यसले शान्तिसुरक्षाको स्थितिमा स्थायी सुधार हुने सन्देश पनि दिन खोज्यो । मुलुकको निम्ति यो सानो उपलब्धि थिएन, त्यसैले प्रधानमन्त्री देउवाको लोकप्रियताको पारो त्यतिबेला ब्यारोमिटरको शिखरमै पुगेको थियो ।

तर, आज १०० दिनपछि स्थिति धेरै बदलिइसकेको छ । प्रधानमन्त्री देउवाप्रतिको जनताको प्रत्याशा ओरालो लागेको छ । प्रमुख प्रतिपक्ष नेकपा एमालेले अहिले जत्तिको हतासा यसअघि प्रकट गरेको थिएन । उसले माओवादीहरूको बढ्दो प्रहार रोक्न आफ्ना कार्यकर्तालाई 'प्रतिकारमा उत्रने' सन्देशमात्र दिएको छैन, अन्य प्रतिपक्षी दलहरूसँग सहकार्य गर्नुपर्ने खाँचो देखेर आफू लचिलो पनि हुनथालेको छ । उसको पहलमा २१ कात्तिकमा भएको विपक्षी दलहरूको बैठकले देउवा सरकारबाट आस गर्न नसकिने र जनताको जीउधन तथा संविधानको रक्षाको लागि राजनीतिक दलहरू एकजूट भएर जनतासामु जानुपर्ने जुन निर्णय निकालेको छ, त्यसले सरकारलाई अप्ठ्यारो बढी, सजिलो कम पार्छ । प्रधानमन्त्री देउवाका निमित्त यो शुभ संकेत किन पनि होइन भने, उहाँ सत्तामा पुग्नु र टिक्नुको पछाडि हरदम प्रतिपक्षी दलहरूको 'सद्भाव'ले काम गर्ने गरेको छ । कांग्रेस पार्टी र कांग्रेसको संसदीय दल सत्ताको औपचारिक स्रोत त हो, तर व्यावहारिक रूपमा, प्रतिपक्ष र जनमत उहाँको विरूद्ध हुनासाथ त्यो स्रोत सुक्छ, सांसद र कतिपय मन्त्रीहरूले समेत पल्टाबाजी खान्छन् । त्यसमाथि, कांग्रेसका सभापतिले 'प्रधानमन्त्रीले माओवादीसामु खुट्टा कमाएको' टिप्पणी दोहोऱ्याएर देउवाविरोधी कांग्रेसी सांसद र असन्तुष्ट मन्त्रीहरूलाई भविष्यबारे सोच्न मसला दिई नै सक्नुभएको छ । अर्थात् प्रतिपक्ष र कांग्रेसको एउटा समूहले एउटै आधार र कारण देखाई सरकारप्रति निराशा देखाइसकेपछि बाँकी नेपालीले आशा जगाइ राख्न सम्भव हुँदैन ।

माओवादीसँगको 'युद्धविराम' र वार्ताको थालनीका कारण सरकारका निम्ति सिर्जित अत्यन्त अनुकूल परिस्थितिको सदुपयोग तथा त्यसलाई जोगाएर राख्न नसक्नु देउवा सरकारको पहिलो सय दिनको प्रमुख असफलता रह्यो । माओवादी समस्या केही महिना वा हप्तामै टुंगिन्छ भन्ने प्रत्याशा धेरैले राखेका थिएनन्, यो सरकारले एकतर्फी रूपमा हल गर्न सम्भव सवाल होइन भन्ने कुरामा पनि कसैलाई भ्रम थिएन । भूमिसुधार, महिला अंश, दलित, जनजाति, भ्रष्टाचार नियन्त्रणजस्ता सवालहरूमा राम्रो गृहकार्य र आवश्यक राजनीतिक तालमेल मिलाई काम गर्नसकेको भए त्यसले सरकारप्रति जनभरोसालाई बँचाइराख्न सक्थ्यो जसले, माओवादीलगायत सबै राजनीतिक शक्तिहरूलाई सरकारविरूद्ध तत्काल क्रियाशील हुनबाट रोक्न सक्थ्यो । तर, प्रधानमन्त्री देउवाले आर्थिक र सामाजिक सुधारका कुरा शुरूमा जुन उँचाइमा बसेर गर्नुभयो, कार्यान्वयनको प्रक्रियामा उहाँले आफ्नो उँचाइलाई कायम राख्न सक्नुभएन । भूमिसुधारको सवालमा उहाँले आफ्नै पार्टीभित्र कैयौँलाई चिढाउनु त भयो, तर परिणाम शुरूमा चिढिनेहरूले चाहेजस्तो भयो । त्यत्रो परिवर्तनकारी सुधारको घोषणा र तयारी गर्दा आफ्नो पकड नभएको पार्टी र त्यसका नेताहरूलाई विश्वासमा लिएर काम गर्न नसक्नु प्र.म. देउवाको अहं प्रदर्शनभन्दा, कोइराला पक्षधरहरूबाट त्रसित मनस्थिति मुख्य कारण हुनसक्छ । ठूलो मन्त्रिमण्डल बनाउनुको औचित्य पुष्टि गर्न '... सरकारको स्थायित्वका निम्ति...' भनेर दिइएको तर्कले पनि प्र.म. देउवा, पार्टी संसदीय दलभित्रको गणितीय खेलमा बढी, तर आम जनमत र ठोस उपलब्धिप्रति कम भरपर्न थालेको संकेत गर्छ । उहाँको लोकप्रियताको पारोलाई ह्वात्तै घटाउने काम मन्त्रीहरूको संख्या र त्यसमा पारिएका व्यक्तिहरूको अस्वस्थ छविले गऱ्यो । अनियमितता र तस्करीमा नाम जोडिएका कांग्रेस सांसदहरूमध्ये अधिकांशलाई उहाँले सरकारमा समेट्नुभएको छ, जसले लगभग बिर्सिइसकेको उहाँको पुरानो छविलाई सम्झाइदिएको छ । असन्तुष्टि हुँदाहुँदै पनि देउवा सरकारलाई कांग्रेसभित्रैबाट तत्काल खतरा भने थिएन । जनमानसमा सभापति कोइरालाको छवि अझै पनि देउवाको भन्दा सकारात्मक र उज्यालो छैन । बारम्बार प्रधानमन्त्री पदमा रहँदा पनि देशका जल्दाबल्दा चुनौती हल गर्न असफल कोइराला आफूमाथि लागेको 'सत्तालोलुप' को आरोप नधमिलिएसम्म सरकार ढाल्न हात धोएर लाग्ने स्थिति पनि थिएन । प्रधानमन्त्री देउवाले सानो आकारको मन्त्रिमण्डलमार्फत् आफूले उठान गरेका कार्यक्रमहरू कार्यान्वयन गर्नेतिर ध्यान केन्द्रित गरेको भए, कमसेकम उहाँप्रति आमजनताको प्रत्याशा यति चाँडै शिथिल हुने थिएन ।

धेरै सांसदलाई मन्त्री बनाएर प्र.म. देउवाले सरकारको स्थायित्वको जुन प्रत्याशा राख्नुभएको छ, कालान्तरमा त्यो क्षणिक भ्रम सिवाय केही सावित हुने छैन । विगत ६/७ वर्षको अनुभवको आधारमा आज कोही पनि धक नमानी भन्न सक्छन्; देउवा सरकारको अस्तित्वमाथि वास्तविक संकट सर्वप्रथम उहाँकै मन्त्रिपरिषद् र उहाँले 'आफ्ना' ठानेका वा तुल्याएकाहरूबाटै शुरू हुन्छ । हुन पनि कांग्रेसका सांसदहरूले 'खान लाउन दिएर कोही आफ्नो हुँदैन' भन्ने नेपाली कहावतलाई दश वर्षयता साँच्चि नै चरितार्थ गरेका छन् । तुष्टीकरणको रणनीति कमसेकम आजको कांग्रेसमा सफल नहुने स्पष्ट भइसकेको छ । अलिकति घुर्की लगाउनेले केही पाएपछि अरू बढी घुर्की लगाउँछ र घुर्की र मोलमोलाइको अन्त्यहीन क्रम शुरू हुन्छ । गुट बलियो पार्न मन्त्रीहरू बनाइएका कारण, मन्त्रिपरिषद्का सदस्यहरूमाथि प्रधानमन्त्री देउवाको पकड कमजोर भइसकेको छ । मन्त्रीहरूमा आफ्नो नेताप्रति आस्था र आफू रहेको सरकारप्रति आत्मविश्वास पटक्कै भेटिँदैन । मन्त्रिपरिषदले सामूहिक जिम्मेवारीको सिद्धान्त अनुकूल एउटा 'युनिट' वा 'सरकार'को रूपमा काम

**प्रधानमन्त्री देउवाको लोकप्रियताको पारो ब्यारोमिटरको शिखरमै पुगेको थियो । तर, आज १०० दिनपछि स्थिति धेरै बदलिइसकेको छ ।**

गर्नसकेको छैन । यथार्थमा प्र.म. देउवा पार्टीभित्र र बाहिरका प्रतिद्वन्द्वीभन्दा आफ्नै समूह अर्थात् आफन्तहरूबीचकै द्वन्द्व बढी खपिरहनुभएको छ । सल्लाहकार-हरूको नियुक्ति र निजी सचिवालय निर्माण गर्नमा भएको ढिलाइ र ती पदका निम्ति उत्सुक उहाँका 'सहयोगीहरू' बीचको मनमुटाव सर्वसाधारणको जानकारीमा नपुगी रहन सकेनन् ।

पहिलो सय दिनका व्यवहारबाट प्रम देउवाले 'सरकारको स्थिरता' को नाउँमा राजनीतिका अनौपचारिक शक्तिहरू (दरबार, सेना, 'पावर ब्रोकर' आदि)लाई बढी प्राथमिकता दिनुहुने हो कि भन्ने आशंका पनि जन्मिएको छ । ब्रसेल्स, वासिङ्गटन, बैंककमा गरिएका राजदूतहरूको नियुक्ति र दरबारका एकपक्षीय व्यवहारको तर्कहीन समर्थन त्यस्तो आशंकाका आधार हुन् । तर यस्ता शक्तिहरू पार्टी र संसदबाट साँच्चि नै संकट आइपर्दा सरकार टिकाउन खासै उपयोगी हुनेगरेका छैनन्, बरू नेतृत्वमा बस्नेहरूप्रतिको जनआस्था खस्काउनमा सहायक हुने गरेका छन् ।

पहिलो झमटको जनउत्साह र समर्थनलाई आफ्नो राजनीतिक आधार सुदृढ र दीगो पार्नको लागि सदुपयोग गर्न नसके तापनि प्रधानमन्त्री देउवाका दिन सकिइहालेका चाहिं छैनन् । 'पावर ब्रोकर' हरूमा निर्भर

> *'पार्टी र कोइरालाले सरकारलाई सहयोग गरेनन्' भनेर देशको प्रधानमन्त्रीले पदीय दायित्व निर्वाह गरेको ठहर्दैन*

हुन र प्रचारमुखीभन्दा गम्भीर, पारदर्शी र इमान्दार ढंगबाट सरकारलाई काममा लगाउन सक्ने हो भने ठोस परिणामदायी काम गर्न सक्ने परिस्थिति अझ पनि बाँकी छ । माओवादी समस्यालाई समाधानको विन्दुतिर डोऱ्याउन सक्नु सबैभन्दा महत्वपूर्ण र ठोस काम साबित हुनसक्छ । तर यसनिम्ति देउवाले आफ्नो राजनीतिक हैसियतलाई प्रधानमन्त्री पद सुहाउँदो तहमा आँक्न सक्नुपर्छ । 'पार्टी र कोइरालाले सरकारलाई सहयोग गरेनन्' भनेर देशको प्रधानमन्त्रीले पदीय दायित्व निर्वाह गरेको ठहर्दैन । आफ्नै नेता, प्रतिपक्ष, प्रेस, विचार निर्माता र आम नागरिकलाई समेत समेटेर समस्या समाधानमा हरेकको सहयोग जुटाउने जिम्मेवारी प्रधानमन्त्रीबाहेक अरू कसैको होइन । माओवादी सवालमा पहिलेदेखिको संलग्नताका कारण अन्य नेताहरूलाई भन्दा प्रम देउवालाई 'तुलनात्मक लाभ' बढी छ । माओवादीहरूसँगको आफ्नो लामो उठबस र प्रधानमन्त्री पदको शक्ति एवं गरिमा प्रयोग गरेर मुलुकलाई शान्ति सुव्यवस्थातिर डोऱ्याउने भरपर्दो संकेतमात्र दिन सकेको खण्डमा पनि प्रधानमन्त्रीका रूपमा देउवाको आयु लम्बिएको लम्बियै हुनेछ । योबाहेक, भूमिसुधार, भ्रष्टाचार नियन्त्रण, विकास आदि सवालमा चाहिं प्रम देउवाको सरकारप्रति आशावान् रहने आधारहरू बाँकी रहेका छैनन् । सरकारको अहिलेको बनोट नै आर्थिक-सामाजिक कार्यक्रमहरू इमान्दारीपूर्वक लागू गर्नमा बाधक छ । जस्तो, भ्रष्टाचार नियन्त्रण गर्न-गराउन सर्वप्रथम नेतृत्व या मन्त्री सांसदहरूलाई नै नियन्त्रण गर्नुपर्ने हुन्छ । तर यस्तो नियन्त्रणले उनीहरूलाई अर्को क्याम्पमा जान प्रेरित गर्छ । देउवाले आफ्नो सरकारलाई अहिलेकै गति र स्वरूपमा अगाडि बढाइरहनुभयो भने उहाँप्रतिको जनआस्था र भरोसाले अर्को १०० दिन पनि धान्न सक्ने छैन ।

परन्तु देउवा सरकारको स्थापना कालमा पलाएको उत्साह अहिले कहींकतै पनि बाँकी छैन । अहिले चारैतिर शिथिलताको क्रम शुरू भइसकेको छ । यदि सरकारले अहिले केही ठोस आधारभूत काम गरेर जनताको गुम्न लागेको आशा र आकांक्षालाई पुनर्जिवित र सशक्त तुल्याउन सकेन भने अर्को तीन चार महिनामा देउवा सरकारप्रतिको जनताको विश्वास शून्यमा पुग्नेछ । त्यतिबेला पर्इकिनेछ पार्टीभित्रको विपक्षलाई उनी आफैंले तैयार गरीदिएको बारूद । ❑

शुभ विजया दशमी तथा दीपावली (२०५८) को उपलक्ष्यमा
आफ्ना संपूर्ण ग्राहकवर्ग एवं देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
नेपाल विद्युत प्राधिकरण
परिवार

विजया दशमी तथा दीपावली
२०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण
जिल्लावासी तथा देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभ-कामना !



बालकृष्ण बुढा क्षेत्री
सभापति
सुर्खेत जिल्ला विकास समिति परिवार

विजया दशमी तथा दीपावली
२०५८ को शुभ-उपलक्ष्यमा संपूर्ण
नगरवासी तथा देशवासीहरुमा
हार्दिक
मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
खेमराज पाण्डे
नगरप्रमुख तथा
धनगढी नगरपालिका परिवार



## महिला विधेयक -

# हात्ती आयो हात्ती आयो फुस्सा

मुक्ता श्रेष्ठ

"यो विधेयक पास गर्नेहरु आमाले जन्माएका सन्तान होइन रहेछन् । यदि त्यस्तो भएको भए आमाले पैतृक सम्पत्तिको अधिकार नपाएर अपमान, अपहेलना सहनुपरेको र उत्पीडनमा पर्नु परेको कुरा बुझ्थे । र, पैतृक सम्पत्तिमा छोरीलाई पनि छोरासरह समान अधिकार प्राप्त हुने विधेयक पारित गर्थे ।"

यो कुरा यही असोज २३ गते प्रतिनिधिसभाको बहुमतले पास गरेको यथास्थितिवादी मुलुकी ऐन (एघारौं संशोधन) विधेयकलाई लिएर एकजना साधारण गृहिणीले भनेकी हुन् ।

उनी आफैं पनि पैतृक सम्पत्तिमा अधिकार नभएकोले असमान व्यवहार भोगिरहेकी नारी हुन् । उनी एक वामपन्थी नेताकी श्रीमती पनि हुन् । उनका पति पूर्णरुपले राजनीतिमा हुँदा उनी घरखेत धानेर घरव्यवहार आफैं चलाउँथिन् । तर खेतबाट उत्पादन भएका सामानहरु बेच्न भने उनलाई अधिकार थिएन । बेचिएका सामानहरुको पैसा उनले राख्न पनि पाउँदिनथिन् । घर खर्चको लागि उनलाई खटाई खटाई पैसा दिइन्थ्यो । आफूखुशी उनी एक पैसा पनि खर्च गर्न पाउँदिनथिन् । नेपालमा यस्तो व्यवहार भोग्नुपर्ने र आर्थिक रुपले परनिर्भर रहनुपर्ने थुप्रै महिलाहरु छन् ।

०४६ सालको आन्दोलनबाट नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना त भयो । तर, नेपाली महिलाहरुले भने अझै प्रजातान्त्रिक अधिकार भोग्न पाएका छैनन् । समानताको सिद्धान्तमा आधारित पूँजीवादी प्रजातन्त्रमा पनि सिंगो आधा जनसंख्या अर्थात् महिलाहरु संपत्तिमा रअरु महत्वपूर्ण मामलामा असमान नै भइरहेका छन् । ०४७ सालको संविधानले महिलाहरुलाई पनि पुरुषसरहकै अधिकार छ भनेता पनि अहिलेसम्म मुलुकी ऐनमा विद्यमान रहेका असमान कानूनहरु खारेज गरेर समानतामूलक कानूनहरु ल्याइएका छैनन् ।

अब यो वर्षको संसदको बीसौं अधिवेशनले त महिलालाई समान अधिकार प्रदान गर्ने विधेयक पक्कै पास गर्ला भन्ने कुरा सबैजसोले आश गरेका थिए । श्रावण २ गते बसेको न्याय, कानून तथा संसदीय व्यबस्था समितिको बैठकमा छोरीलाई पनि छोरासरह पैतृक सम्पत्ति प्रदान गर्नुपर्ने र विवाहपछि पनि आफूले पाइसकेको सम्पत्ति माइतीलाई फिर्ता गर्नु नपर्ने किसिमको प्रावधानमा एकमतले सैद्धान्तिक सहमति भएको थियो । त्यही सहमतिअनुसार संसदमा प्रतिवेदन पेश गर्ने निर्णय पनि त्यो वैठकले गरेको थियो । समितिले यो वर्षको श्रावण २ गते महिला मुक्तिको दिन भनेर विज्ञप्ति पनि जाहेर गऱ्यो । समितिको त्यस कामबाट सबै महिला अधिकारवादीहरु खुशी भएका थिए । र, उनीहरुले एक आपसमा बधाइ साटासाट गरेर खुशी पनि मनाए ।

त्यस्तै गरेर प्र.म. गिरिजाप्रसाद कोइरालाको शासनको अन्त्यतिर सत्तापक्ष र प्रतिपक्षबीच भएको १७ बूँदे सहमतिमा पनि महिलालाई पुरुषसरह सम्पत्तिमा अधिकार दिने विधेयक पारित गर्ने कुरा परेको थियो । र, शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनले संसदमा घोषणा गरेका ८ बूँदे कार्यक्रममा पनि महिलालाई पुरुषसरह अधिकार प्रदान गर्ने कानून बनाउने भन्ने एउटा महत्वपूर्ण बूँदा उल्लेख थियो । यी कुराले देशका तमाम महिलाहरुलाई ठूलो आशा जगाइदिएको थियो ।

तर, जब संसदको प्रतिनिधिसभाले वास्तवमै महिला विधेयक पास गऱ्यो त्यतिबेला सबै महिला अधिकारवादीहरुको आशामा तुषारापात भयो । सत्ताधारी पार्टी, सरकार र न्याय, कानून तथा संसदीय व्यवस्था समितिले आफूले थुकेको थुक आफैंले चाटेर खाए । उनीहरु कसैले पनि आफ्नो पूर्व बचनवद्धता पूरा गरेनन् । न्याय, कानून तथा संसदीय व्यवस्था समितिले एकमतले सैद्धान्तिक सहमतिबाट भएको निर्णयलाई सरकारले असहमति प्रकट गऱ्यो भन्ने निहुँ थापेर पहिलेको निर्णयनै उल्ट्याएर प्रतिनिसभामा प्रतिवेदन पेश गऱ्यो । त्यही प्रतिवेदन नै प्रतिनिधिसभाको बहुमतले पास गऱ्यो । रा.प्र.पा, सद्भावनाबाहेक सबै प्रतिपक्षले यसको विरोध गरे । संयुक्त जनमोर्चा नेपालका सांसद लीलामणि पोखरेल र रा.ज.मो.का सांसदहरुले विधेयक पास गर्न लाग्दा संसदभित्रै नारा लगाइरहे ।

प्रमुख प्रतिपक्षी दल एमालेले पनि यसको दह्रै विरोध गऱ्यो । परन्तु संसद बहिष्कार गरेर सत्ताधारीलाई त्यो विधेयक पास गराउन भने सजिलो पारिदियो । पहिलेजस्तो रोष्ट्रम घेरेर त्यो विधेयक पास नगराउन उनीहरुले पहल गरेनन् । प्रतिनिधिसभाबाट त्यो विधेयक पास भएपछि नेपालका महिला अधिकारवादीहरुबीच असंतुष्टिको ज्वाला दन्कियो । उनीहरु फेरि सडकमा आए । प्रतिनिधिसभाले पास गरेको विधेयकको विरुद्ध महिला संगठनहरुले जुलूस निकाल्ने, विधेयक जलाउने, धर्ना दिने, प्रधानमन्त्रीको पुतला जलाउने जस्ता कार्यक्रम गरे । अहिले त्यो विधेयक संसदको माथिल्लो सदन राष्ट्रिय सभाबाट अस्वीकृत भएको छ ।

यसैबीच गत कार्तिक २४ गते सरकारले महिलाविरुद्धका भेदभावपूर्ण कानूनको पुनरावलोकन गरी मस्यौदा तयार गर्न एउटा उच्चस्तरीय समितिको गठन गरेको छ । तर सरकार नै छोरीलाई पैतृक सम्पत्तिमा छोरासरह अधिकार दिने कुराको विरोधी भएपछि समितिले महिलालाई पुरुषसमान अधिकार दिने मस्यौदा तयार नै गरेता पनि त्यसले तयार गरेको मस्यौदाअनुसार कानून बन्ला भन्ने कुरा एउटा सपना मात्र हुनसक्छ । त्यसैले महिलाहरुलाई पुरुषसरह अधिकार प्राप्त गर्ने एउटै उपाय सडक आन्दोलन हो । र, अहिले प्रतिनिधिसभाबाट पास भएको विधेयक पास नगराउने एउटै उपाय प्रतिपक्षहरुको कडा विरोध र संघर्ष हो ।

अब हेरौं, यो विधेयक पास नगराउन प्रतिपक्षले कस्तो भूमिका खेल्नेछ ? ❑


## मकालु यातायात बस सेवा

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठगमाण्डौं - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठगमाण्डौं - भद्रपुर | बिहान ५:१० बजे |
| काठगमाण्डौं - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठगमाण्डौं - विराटनगर | बिहान ५:४५ बजे |
| काठगमाण्डौं - राजविराज | बिहान ६:०० बजे |
| काठगमाण्डौं - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठगमाण्डौं - मलंगवा | बिहान ६:३० बजे |
| काठगमाण्डौं - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठगमाण्डौं - धरान | बिहान ७:०० बजे |
| काठगमाण्डौं - जनकपुर | बिहान ७:२० बजे |
| काठगमाण्डौं - गौर | बिहान ७:४० बजे |
| काठगमाण्डौं - बिरगंज | विहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठगमाण्डौं - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठगमाण्डौं - बरहथवा | बिहान ८:३० बजे |
| काठगमाण्डौं - भरतपुर | बिहान ८:३०, ८:१५ र ११:४५ बजे |
| काठगमाण्डौं - गितानगर | दिउँसा १:३० बजे |
| काठगमाण्डौं - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठगमाण्डौं - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठगमाण्डौं - बिरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि
मकालु यातायातलाई सम्झनुहोस् ।

## नेपाल-भारत वाणिज्य वार्ता

# वाणिज्य सन्धि यथावत् राख्ने प्रोटोकलमा परिवर्तन गर्ने सहमति



नेपाल र भारतबीच सन् १९९६ मा सम्पन्न वाणिज्य सन्धिको मूल भावनालाई यथावत् कायम गर्दै सन्धिको प्रोटोकलमा भने परिवर्तन गर्ने सैद्धान्तिक सहमतिमा दुवै देशका वार्ता टोलीहरू करिब करिब नजिक पुगेका छन् ।

वाणिज्य सन्धिको नवीकरण गर्ने विषयमा कार्तिक १८ गतेदेखि काठमाण्डौमा भएको सह-सचिव स्तरको नेपाल-भारत अन्तर्सरकारी समितिको वैठकमा दुई दिनको वार्ता र माथापच्चीपछि उपरोक्त सहमति भएको हो ।

सहमतिअनुसार प्रोटोकल चाहिं परिवर्तन गरेर १९९६ कै वाणिज्य सन्धिको मूल पाठलाई अब ज्यूंका त्यूं राखिनेछ र नेपालबाट भारततर्फ निर्यात हुने वस्तुहरूमा मूल्य अभिवृद्धि र अत्यधिक निर्यात भएको खण्डमा त्यसलाई रोक्न सुरक्षात्मक उपाय (सेफ गार्ड)को प्रावधान लगाइनेछ भन्ने कुरामा दुवै देशका अधिकारीहरू लगभग सहमतिमा पुगेका छन् । यसरी प्रोटोकलको परिवर्तनद्वारा विवाद र समस्या समाधान गरी पुरानै सन्धि नवीकरण गर्ने संभावना बढेको छ ।

स्मरणीय छ, नेपाल-भारत वाणिज्य सन्धिको म्याद यही मंसिर २० गते सकिँदैछ । विगतका तीन चरणका वार्ता भारतले अघि सारेका केही सवालमा विवाद भएर बिनानिस्कर्ष उत्तिकै टुंगिएकाले सन्धि नवीकरणमा समस्या पैदाभइरहेको थियो । चौथो चरणको हालैको वार्तामा नेपाली र भारतीय पक्ष केही लचिलो भएर प्रस्तुत भएकाले उपरोक्त सहमति हुन सकेको कुरा वार्तामा संलग्न नेपाली अधिकारीहरूले बताएका छन् ।

यसअघिका वार्तामा भारतीय पक्षले उठाएको वनस्पति घ्यू, एक्रेलिक यार्न, जिंक अक्साइड, तामाको तार र जि. आइ पाइपजस्ता केही नेपाली वस्तुको निर्यात वृद्धि (एक्सपोर्ट सर्ज)बाट त्यहांको उत्पादनमा नकारात्मक असर परेकोले ती वस्तुको भारत निकासीमा सीमितता ल्याउनका लागि परिमाणात्मक बन्देज, मूल्य अभिवृद्धि, कच्चा पदार्थको मात्रा (मटेरियल कण्टेण्ट)का आधारमा मात्र बिनाभन्सार महशूल भारतमा प्रवेश दिने जस्ता विभिन्न नाजायज शर्तहरू राखेको थियो । यस पटकको वार्तामा भारतले विगतमा उठाएको कच्चा पदार्थको मात्राको जाँच गर्ने अडान छोड्यो भने नेपालले मूल्य अभिवृद्धिको प्रावधान स्वीकार नगर्ने विगतको अडानमा लचकता देखायो । यही कारणले उपरोक्त सहमति हुन सकेको हो । परन्तु मूल्य अभिवृद्धिको संरचना र गणना कसरी गर्ने भन्ने सम्बन्धमा अझै सहमति हुन सकेको छैन ।

यही कार्तिक २४/२५ गते अन्तरसरकारी स्तरको चौथो वार्ता भारतको दिल्लीमा सम्पन्न भयो । यस वार्तामा पनि भारतले प्रस्ताव गरेको मूल्य अभिबृद्धिको मात्रामा सहमति हुन नसकेपछि वार्ता बिनानिष्कर्ष शनिबार टुंगिएको छ । त्यस दुईदिने वार्तामा भारतीय पक्षले ५० प्रतिशत मूल्य अभिबृद्धि हुनुपर्ने प्रस्ताव राखी नेपालसँग यसलाई स्वीकार्न वा आफ्नो प्रस्ताव राख्न अनुरोध गरेको थियो । तर नेपाली टोलीले उक्त प्रस्ताव स्वीकार गर्न आफूलाई म्याण्डेट नभएको तथा निश्चित मूल्य अभिबृद्धिबारे समेत सरकारी स्तरमा केही निर्णय नभएको बताएपछि वार्ता त्यत्तिकै टुंगिएको थियो । अब अर्को वार्ता मंसिरको पहिलो हप्ता काठमाडौंमा हुनेछ ।

स्मरणीय छ, नेपाल र भारतबीचको व्यापारमा नेपाललाई अहिले वार्षिक २२ अरब रू. को व्यापार घाटा भइरहेको छ ।

❑

२०५८ सालको बडा दशैंको शुभ उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै बडा दशैंको उपलक्ष्यमा

भारतमा ९१ कन्ट्री कोड प्रयोग भई गरिने अन्तर्राष्ट्रिय ट्रङ्कलको महसुलमा
५० प्रतिशत छुट
(२०५८ मार्ग मसान्तसम्म)
बेलुका १० बजेदेखि भोलिपल्ट बिहान ६ बजे सम्म

नेपाल दूरसंचार संस्थान
व्यापार व्यवस्थापन विभाग
टेलिफोन नं. २१०११२, २१०२०४

विजया दशमी २०५८ को
सुखद उपलक्ष्यमा
समस्त ग्राहकवर्ग तथा
शुभेच्छुकहरूमा
उत्तरोत्तर प्रगति, सुख, शान्ति,
एवं समृद्धिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel. : 429546-47, Fax : 00977-1-429548, Telex: 2385 NABIL NP,
e-mail: nabil@nabil.com.np
Web Page: www.nepalarabbank.com
SWIFT BIC : NARBNPKA

विजया दशमी तथा
दीपावलीको उपलक्ष्यमा
संपूर्ण नगरवासी एवं
देशवासीहरूमा
हार्दिक
मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

सर्वध्वज सोंवा
नगरप्रमुख तथा
इटहरी नगरपालिका परिवार

विजया दशमी तथा
दीपावलीको उपलक्ष्यमा
संपूर्ण नगरवासी एवं
देशवासीहरूमा
हार्दिक
मंगलमय
शुभ-कामना !

बालकृष्ण ढकाल
नगरप्रमुख
तथा
जलेश्वर नगरपालिका परिवार

विजया दशमी तथा दीपावली २०५८ को
उपलक्ष्यमा संपूर्ण जिल्लावासी तथा देशवासीहरुमा

# हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

**सरेश नेपाल**, सभापति
**डम्बर अर्याल**, उप-सभापति
तथा
सिन्धुपाल्चोक जिल्ला विकास समिति परिवार

## Enjoy
## Our New Services and Facilities

- Virtual Telebanking
- Computer On-Line Service from Home/Office
- Business Query through Customer Dedicated Computer within Bank Premises
- Personal Housing Loans Scheme
- Free Personal Accident Insurance Policy plus medical Expenses to Savings Account Holders
- Interest on Saving Account on Daily Balance
- Self-Employment Scheme **and many more ..................... !**

## Your Business Bank

नेपाल- बैंक अफ सिलोन लि.
# Nepal-Bank of Ceylon Ltd.

| | |
|---|---|
| **Head Office** | **: Siddarthanagar, Rupandehi Tel : (071) 21952/Fax : (071) 21953** |
| **Kathmandu Main Branch** | **: Bagbazar, Kathmandu Tel : 2-46991/Fax : 2-44610** |
| **Barabise Branch** | **: Barabise Bazar, Sindhupalchowk Tel/Fax : (011) 62095** |
| **Lumbini Branch** | **: Mahilawar, Rupandehi Tel/Fax : (071) 80152** |
| **Thankot Branch** | **: Thankot, Kathmandu Tel: 3-11927/Fax 3-11928** |
| **Banepa Branch** | **: Banepa, Kavre, Tel/Fax : (011) 62076** |
| **Newroad Branch** | **: Newroad, Kathmandu : 2-31721, Fax : 2-27404** |
| **Narayan Garh Branch** | **: Pragati Path: (056) 26795, 26836, 26837** |

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

हिमाल स्टील

टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यस्को बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउंछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

अति शक्तिशाली




हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४